www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४६ | भदौ २०७४



भूमि सुधारको बुझाइ

सङ्घर्षमा अविराम, बलदेव राम

## स्थानीय तह र भूमि सुधार

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४६ | भदौ २०७४

बलदेव रामप्रति सच्चा श्रद्धाञ्जली...४
भूमि सुधारको बुझाइ...५
बलदेवको आक्रोश...७
रामझुपडीका धनी बलदेव...८
अहिंसात्मक अभियन्ताको सम्झना...१०
सङ्घर्षमा अविराम, बलदेव राम...११
सपना पूरा गर्ने अठोट...१२
बलदेव रामबारे
सङ्क्षिप्त जानकारी ...१३
रामझुपडीका धनी बलदेव...१४
सङ्घर्षमा अविराम, बलदेव राम...१४
निभ्यो मधुपट्टिको बत्ति...१५
भूमि सुधार : चाहे स्थानीय सरकारले गर्न सक्छ...१६
स्थानीय तहमा कृषि...१९
मोही अभियान :
सवल पक्ष, सिकाइ र चुनौती...२१
मोही बाँडफाँट अभियान : अवसर र चुनौती...२२
फिल्ड अनुभूति : मोही जग्गा दर्ता अभियान...२४
मोही हक लिए सेमलालले...२५
आफ्नै कामले उत्साह जाग्दैछ...२६
कर्म दिने आमा भूमि मञ्च...२७



## हार्दिक श्रद्धाञ्जली

राष्ट्रिय भूमि अधिकार मञ्चका संस्थापक अध्यक्ष **बलदेव राम**को आत्माको चीर शान्तिको कामना गर्दछौं ।

- राष्ट्रिय भूमि अधिकार मञ्च - सामेदायिक आत्मनिर्भर सेवा केन्द्र

CSRC
आत्मनिर्भर केन्द्र

प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-१०, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**कभर फोटो :** भूउपयोग नक्सा रुजु गर्दै वारवर्दिया-५ बनघुम्रीका समुदायहरू

# बलदेव रामप्रति सच्चा श्रद्धाञ्जली

मृत्यु भएकै कारण जीवनको महत्व भएको हो । यस अर्थमा मृत्यु स्वाभाविक हो जसलाई टार्न सक्ने तागत यो दुनियामा कसैको छैन । तर सबै मृत्युको मूल्य एक समान भने हुँदैन । उसले जीवनमा गरेका कर्मले मृत्युको मूल्य आफैँ तोकेको हुन्छ । जस्तो बलदेव रामका सन्दर्भमा पनि लागु हुन्छ ।

समाजमा विद्यमान विभेदलाई पारम्पारिक र स्वाभाविक देख्ने धेरै थिए उनकै समाजमा । तर बलदेव रामले त्यसको जरै उखेल्नुपर्ने देखे । बिना दुष्कर्मको सजाय उनलाई कुनै हालतमा मान्य भएन । अझ दलितमाथि 'सानो जाति' को ट्याग आफैँ लगाइदिने अनि आफैँ त्यही कारण हेप्ने, शोषण गर्ने कार्यले उनलाई उद्वेलित बनायो । जसलाई अरू हजारौं मानिस जस्तै सहन सक्ने धैर्य उनमा रहेन । यसैले त उनले मान्छेले मान्छेलाई बिनाकारण गर्ने दमन र हेपाइप्रति आन्दोलनको ज्वारभाटा सिर्जना गरे । अनि परिणाम पनि निकाले कि अब कम्तीमा पनि उनको समाजमा दलित भएकै कारण तल्लो कोटिको काम गर्न कोही बाध्य छैन ।

के गरिबी मानिसले जन्मँदै लिएर आएको हुन्छ ? किन दलित र पछाडि पारिएकामात्रै गरिबीको पनि उच्च तहमा रहन बाध्य हुन्छन् ? प्रश्नसँगै उत्तर नजोडिने कुरै भएन । बलदेवले पत्तो पाए कि यो सबैको मूल कारण आफैँले वर्षौँदेखि खनजोत गर्दै आएको जमिनमा स्वामित्व नहुनु रहेछ । यति बुझेपछि उनलाई के चाहियो र ? थालिहाले यो सामाजिक अन्यायलाई पनि पाखा लगाउनुपर्छ भन्ने अभियानमा । यसैको परिणाम थियो- उनी राष्ट्रिय भूमि अधिकार मञ्चको नेतृत्व गर्न पुगे र सकेसम्म काम पनि गरे । सुकुमबासी, हलिया, हरूवाचरुवा, मोही, गुठीपीडित जस्ता भूमि अधिकारबाट वञ्चितहरूको समस्या समाधान नगरेसम्म नयाँ नेपाल बन्नै सक्दैन भन्ने ठोकुवा गर्थे उनी । यही कारण त उनी आफ्नो अभियानमा सफल पनि हुँदै रहे ।

सामाजिक विभेद र गरिबीको जरा चिनिसकेपछि त्यसलाई निमिट्यान्न पार्ने अठोटसाथ लागिपरेका उनलाई यो पनि थाहा थियो कि यसको सफलता राजनीतिसँग जोडिएको छ । अर्थात राजनीतिक दलहरूको सहयोगबिना यो सम्भव छैन । त्यसैले त उनको मुख्य निशाना दलहरू नै हुन्थे । धर्ना दिने, कुरा सुनाउने, प्रतिनिधिमण्डल जाने, दबाब दिने सबै काम दलका मुख्यालय वा उनीहरूकै मातहत कार्यालयमा केन्द्रित हुन्थे । उनको बुझाइ थियो- जबसम्म दलहरू तात्दैनन्, तबसम्म सामाजिक अन्याय अन्त्य हुन असम्भव छ ।

उनलाई अर्को कुरा पनि थाहा थियो कि नेपालका गरिबहरूले भोगिरहेका पीडा न बन्दूकबाट समाधान हुन्छ न त हिंसात्मक क्रियाकलापबाट । त्यसैले गान्धीवादी शैलीको आन्दोलन उनले दलित मुक्ति र भूमि प्राप्ति दुवै अभियानमा जोडेका थिए । त्यसैले त बलदेव राममात्र हैन, उनका अनुयायी एक दिनमात्र थुनिँदा पनि सारा सञ्चार माध्यमले साथ दिन्थे र दबाब सिर्जना गर्थे । मानव अधिकारकर्मीको गम्भीर चासो हुन्थ्यो । नागरिक समाजका अगुवा निगरानी राख्थे र सरकारलाई प्रत्यक्ष/अप्रत्यक्ष दबाब दिन्थे । यही कारण हो- रामको अगुवाइमा भएका सिनो बहिष्कार आन्दोलन वा भूमि अधिकार आन्दोलन, जहिले पनि सबैको चासो लाग्ने विषय बन्न सफल भयो । अनि चौतर्फी समर्थनको आधार पनि बन्यो ।

हो, यिनै आधारमा बलदेवको मृत्यु आममानिसको भन्दा फरक रहन सक्यो । उनका यी समाजसेवी कार्यले उनलाई मात्र अमर बनाएन, उनले अङ्गालेका मार्गहरूलाई पनि कालजयी बनायो । सबैभन्दा पहिले समस्याको चुरो बुझ्ने, अनि सही प्रक्रिया र मार्ग पहिल्याउने र गन्तव्यमा नपुगुन्जेल निरन्तर अभियानमा दत्तचित्त रहनु बलदेवका विशेषता बने । यही वास्तविकता बुझेर उनले सुरु गरेका अभियानलाई उनकै गोरेटोको यात्रामार्फत गन्तव्य चुम्न सक्नु नै बलदेव रामप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । भाषण गरेर, सञ्चार माध्यममा लेखेर, कुनै कार्यक्रममा उनका नाम लिएर गरिने श्रद्धाञ्जली त 'कस्मेटिक' मात्र हुन् । सच्चा श्रद्धाञ्जली त उनका मार्ग पहिल्याउनु नै हो भन्नेमा विमति शायदै रहला ।





जगत बस्नेत

# भूमि सुधारको बुझाइ

सन् १९८० सम्म भूमि सुधारबारे ठूलो बहस थियो । भूमि सुधारलाई वर्गीय मुद्दा र आर्थिक समृद्धिको आधारका रूपमा हेरिन्थ्यो । सन् १९८० पछि सामाजिक आन्दोलनसँगै पहिचान, वातावरण संरक्षण, महिला अधिकारको आन्दोलन अगाडि आयो । यसले विस्तारै राजनीतिक आन्दोलन र वर्गीय मुद्दाका रूपमा रहेको भूमि वितरणको मुद्दालाई ओझेलमा पार्दै लग्यो । अहिले हामी भूमि सुधारका मुद्दाको विषयमा कुरा गर्दैछौं ।

यसका दुईवटा पाटा छन्- पहिलो, कम्युनिस्टहरूले भनेको सामूहिक वा प्रयोगको अधिकार हो स्वामित्वको अधिकारको कुरा होइन । दोस्रो, पुँजीवादीहरूले ल्याएको जमिनमा सम्पत्तिमाथिको अधिकार वा स्वामित्वको अधिकार हो ।

भूमि सुधार पुँजीवादी कि समाजवादी भन्नेबारे हामीकहाँ छलफल र बहस नै छैन । नेपालको सन्दर्भमा पुँजीवादीहरूको भूमि सुधारको एजेन्डा कम्युनिस्टहरूले बोकेको हो जुन 'जसको जोत उसको पोत' सँग वा स्वामित्वसँग सम्बन्धित छ । मार्क्सको सिद्धान्त राज्यको स्वामित्वबाट लेनिनसम्म आउँदा जमिनमा किसानको प्रयोगको वा सहकारी स्वामित्व खोजिएको हो, स्वामित्वको अधिकार खोजिएको होइन ।

भारतीय लेखक हिमांसु रोयका अनुसार मार्क्सले भूमिको वितरणको कुरा नगरेर मजदूरहरूको मुक्तिका कुरा गरेका हुन् । समाजवादी सिद्धान्तका आधारमा पनि जमिन व्यक्तिको निजी सम्पत्ति नभएर राज्यको सम्पत्ति हुन्छ । रोयका अनुसार पनि मार्क्सले कहिल्यै पनि किसानलाई जमिन वितरणका कुरा गरेनन् । मार्क्सका अनुसार जमिन किसानलाई वितरण गर्दा सामूहिक योजना र उत्पादनमा वृद्धि हुँदैन । उनका अनुसार जमिनलाई साना टुक्रामा वितरण गर्ने भनेको विकासलाई अवरुद्ध गर्ने हो ।

साना साना टुक्रामा जमिन हुँदा वैज्ञानिक उत्पादन प्रक्रिया र आर्थिक विकास नै यसले अवरुद्ध गर्छ त्यसैले जमिनलाई राज्यको नियन्त्रणमा राखेर खेती गर्ने हो । किसानका विषयमा मार्क्स तीनवटा कुरा भन्छन्- पहिलो किसानलाई एउटा वर्गका रूपमा हेरिनुपर्छ न कि व्यक्तिका रूपमा । त्यसैले सामन्तवादमा मात्रै किसानी अर्थतन्त्र (इकोनोमी) रहन्छ पुँजीवादमा रहँदैन । दोस्रो, किसानहरूको जमिनमाथिको स्वामित्व साना साना हुने भएकाले यसले व्यक्तिगत स्वार्थलाई मात्र विकास गराउँछ र सामाजिक रूपान्तरण रोक्छ । तेस्रो, मजदूर र बुर्जुवाभन्दा किसान कमजोर छन्, असङ्गठित छन्, विभाजित छन् र फरक-फरक रुचि राख्छन् जसले उनीहरूको दिगो अस्तित्वका लागि सहयोग गर्दैन । त्यसैले मार्क्सले जमिनको स्वामित्व वितरण होइन, राज्यको नियन्त्रणमा हुनुपर्छ भनेको पाइन्छ ।

अहिले हामी जमिनको स्वामित्व चाहिन्छ भनिरहेका छौं । त्यो पुँजीवादी विचार हो । उनीहरू सम्पत्तिको अधिकार भन्छन् र त्यहाँ जमिनको स्वामित्वको कुरा आउँछ । कम्युनिस्टहरूले भनेको कुरा सामूहिक स्वामित्व र उपयोगको अधिकार नै हो ।

पुँजीवादी विचारसँगै, विश्व ब्याङ्कदेखि अन्तर्राष्ट्रिय शक्तिहरू भूमि वितरणको पक्षमा छैनन् । उनीहरू भूमि सुधार बजारले गर्छ वा किन्न चाहनेले किन्ने र बेच्न चाहनेले बेच्ने तरिकबाट मात्र भूमि सुधार सम्भव छ, जमिन राज्यले लिएर भूमि सुधार सम्भव छैन भन्छन् । पुँजीवादका एक व्याख्याता डि सोटे भन्छन्- गरिबहरूसँग ९.३ ट्रिलियन डलर बराबरको सम्पत्ति छ तर तर त्यो मृत सम्पत्ति हो वा कानुनी मान्यता छैन । वा गरिबहरू बसेको वा जोतेको जमिन कानुनीरूपमा दर्ता छैन । यदि यो कानुनी मान्यता नपाएको जमिन गरिबहरूको नाममा दर्ता गरिदिने हो भने उनीहरू सम्पत्तिका मालिक हुन्छन् र भूमि बजारमा सक्रिय सहभागिता जनाउँछन् ।

मृत सम्पत्ति कानुनी भएपछि धितोका लागि मान्यता पाउँछ र भूमि बजारमा आउँछ । त्यसैले विश्व ब्याङ्कलगायतका संस्थाहरू र पुँजीवादी अहिले सामूहिकरूपमा रहेको सम्पत्ति पनि निजी सम्पत्ति वा स्वामित्वका रूपमा ल्याउन प्रयासरत छन् ।

## भूमि सुधारको नेपाली बुझाइ

पहिलो, नेपालमा भूमि सुधारका कुरा गर्नासाथ कसैको जमिन खोसेर कसैलाई वितरण गर्ने अर्थमा बुझिन्छ वा भूमि सुधार भनेपछि कम्युनिस्टहरूले गर्ने भन्ने बुझिन्छ । तर कम्युनिस्टहरूको भूमि सुधारको एजेन्डा त स्वामित्व नभएर प्रयोगको अधिकार हो । भूमिको स्वामित्व वा सम्पत्तिमाथिको अधिकारको एजेन्डा त पुँजीवादी व्यवस्थाका समर्थक पार्टीहरूको हो । त्यसैले भूमिको पुनर्वितरण कसरी गर्ने भन्ने बहस र सहमतिको पाटो हो तर देशलाई आर्थिक उन्नति, सामाजिक न्याय र गरिबीबाट मुक्त बनाउन किसानमुखी भूमि सुधार चाहिएको छ ।

भूमि सुधारले मूलतः देशलाई खाद्यमा निर्भर र रोजागारी सिर्जना गर्ने भएकाले भूमिहीन, मोही र गरिब किसानका लागिमात्र नभएर जमिनदार, उद्योगपति, धनीलगायत व्यावसायिक र गैरकृषिका क्षेत्रमा लागेका सबैका लागि आवश्यक छ भन्ने बहसलाई

देशब्यापी बनाउनु जरुरी छ । नेपालको सन्दर्भमा भूमि सुधार एकअर्काको विरोधी होइन, आर्थिक निर्माण, खाद्य सम्प्रभुता र आत्मनिर्भरताको आधार हो ।

दोस्रो, भूमि सुधारका कुरा गर्नासाथ बाँड्ने जमिन कहाँ छ र ? जमिनलाई कहाँ तन्काउन सकिन्छ र ? भन्ने भनाइहरू पनि साधारण मानिसदेखि प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरूको समेत पाइन्छ । हो, भूमि सुधारले सबैलाई जमिन वितरण गर्दैन वा खेतीयोग्य जमिन सबैलाई बाँड्न पनि सकिँदैन र बाँड्ने पनि होइन, यो त जो जमिनमा श्रम गर्छन् उनीहरूलाई मात्र बाँड्ने हो वा कृषियोग्य जमिन किसानलाई मात्र वितरण गर्ने हो ।

खेतीमा श्रम नगर्ने गैरकृषिमा संलग्न परिवारलाई घरघडेरी भए भइहाल्छ । भूमि सुधार जमिनको वितरणमात्र नभएर शक्ति, सम्पत्ति, सामाजिक हैसियत, राजनीतिक सहभागिताको पनि वितरण हो । भूमि सुधारलाई केवल जमिन वितरणसँग मात्र जोडियो । यसलाई सम्पत्ति, शक्ति, आत्मसम्मान, पहिचान र राजनीतिक सहभागितासँग जोडिएन, त्यसैले किसानको सम्मान, आर्थिक रूपान्तरण र ग्रामीण विकासका लागि पनि भूमि सुधार आवश्यक छ भन्ने बहस व्यक्ति-व्यक्ति र संस्था-संस्थामा आवश्यक छ ।

तेस्रो, नेपालको सन्दर्भमा भूमि सुधारका कुरा सुकुमबासीका वा अतिक्रमणकारीहरूको मात्र सवालका रूपमा लिइयो तर वर्षौंदेखि जमिन जोतेर पनि जमिन नपाएका, खेतीभन्दा अर्को विकल्प नभएका मानिसका सवाल हो भनेर बुझिएन । अर्को कुरा भूमि सुधार गरेर अहिलेका किसानलाई अर्को जमिनदार बनाउन भनेको पनि होइन, सबैलाई स्रोतबाट सम्पन्न बनाउने, आर्थिक न्याय स्थापना गर्ने, सामाजिक समुन्नति गर्ने पाटो नै भूमि सुधार हो भन्ने बुझाइ बढाउनु जरुरी छ ।

चौथो, भूमि सुधारका कुरा वितरणसँग मात्र नभएर यसको प्रभावकारी व्यवस्थापन, प्रभावकारी भूमि प्रशासन र भूमि सुधारको प्रक्रिया कृषि क्रान्तिसँग अन्तरसम्बन्धित छ भन्ने कुराको महसुस हामीमा छैन । भूमि सुधार समाजमा विद्यमान असमानता, वर्गीय विभेद, गरिबीबाट मुक्त गर्ने पहिलो खुड्किलो हो । त्यसैले किसानका अधिकार सुनिश्चित गर्न र लोकतन्त्रलाई संस्थागत गर्न पनि भूमि सुधार आवश्यक छ । हिजो राजनीतिकरूपमा आन्दोलन सङ्गठित थियो तर आज राजनीतिक पार्टीहरूको आफ्नै बेवास्ताका कारण आन्दोलनहरू छरिएका छन् र फाइदा धनीहरूले नै पाएका छन् ।

प्रायः सबै पार्टी जसको जोत उसको पोतको नारा वा किसानको भूमिमाथिको हक स्थापित गर्ने नाराले स्थापित भएर पनि किसानले न्याय नपाउनु राजनीतिक पार्टीहरूको वर्ग समन्वयका कारण नै हो । अहिलेको मूल बहस भूमि निजी सम्पत्ति र स्वामित्व सुरक्षामा रह्यो, भूमिको पुनर्वितरण गरिबी निवारण र आर्थिक रूपान्तरणमा रहेन । लगानीका लागि जमिनको सुरक्षा दिनुपर्ने कुरा उठ्यो तर त्यही जमिनमा वर्षौंदेखि खेती गर्दै आएका किसानको वा मोहीको कुरा उठेन । मजदूरको कुरा उठेन वा प्राथमिकता पाएन । अहिले जमिनको होडबाजी खेती गर्न नभएर नाफा वा कृषि फार्म वा मनोरञ्जनका लागि भएको छ ।


वायर्सका अनुसार स्वामित्व सुधार वा सुरक्षाबाट ठूला किसानले मात्रै फाइदा पाउँछन् । तर भूमिको वितरणबाट मोही, अधिया कमाउने किसान वा साना किसानले अर्थात कृषि मजदूरले पनि फाइदा पाउँछन् ।

नेपालमा भूमि सुधारको कति महत्व छ भन्ने विषयमा उल्फ लेडेजिस्कीले राजा महेन्द्रलाई लेखेको पत्रमा भनेका छन्- 'महाराजा, तपाईँको देशको आर्थिक र राजनीतिक सुधारका लागि यसलाई कुनै धारिलो प्रहार नसम्झने हो भने मैले १९६२ फेब्रुअरी १५ मा लेखेको चिठीको अंशलाई पुनः दोहोऱ्याउँदै म यो पत्र टुङ्ग्याउन गइरहेको छु । नेपालले प्रगति र स्थिरतामध्ये एउटा छान्नु आवश्यक छ । अनि मलाई विश्वास छ, तपाईँको सरकारले प्रगति र ती आमजनताको हितलाई नै छान्छ जो गरिबीले दबिएका किसान हुन् । यो यस्तो समस्या हो जुन टार्नु वा ढिलाइ गर्नुहुन्न, अहिले यसलाई पन्छाउनु वा हच्किनु भनेको अझ भयाबह समस्या निम्त्याउनु हो । मलाई लाग्छ, यही विश्वासमा तपाईँको सरकारले भूमि व्यवस्थाको सार्थक सुधारका लागि शीघ्र र इमान्दारीसाथ केही गर्नेछ (उल्फ लेडेजिस्की, अमेरिकन नागरिक, १६ मार्च १९६३) ।' यो उल्फ लेडेजिस्कीले राजा महेन्द्रलाई लेखेको दोस्रो पत्रको अन्तिम अंश हो । जुन अहिले पनि भूमि सुधारका सन्दर्भमा उत्तिकै सान्दर्भिक र महत्व राख्छ । त्यसैले भूमि सुधारको बहस र बुझाइलाई अभियानका रूपमा लैजान आवश्यक छ ।

अन्त्यमा,

नेपाल पुँजीवादी व्यवस्थामा गइसकेको अवस्थामा, नेपालमा भूमि सुधारको मुख्यतः २ वटा उद्देश्य हुनुपर्छ । पहिलो, भूमिको न्यायोचित पुनर्वितरण गरेर भूमिहीन तथा जोताहा किसानलाई जमिनको स्वामित्व दिइनुपर्छ साथसाथै कृषि सहयोग र अहिलेको भूमि प्रशासनको आमूल परिवर्तन सँगसँगै लैजानुपर्छ । जसको परिणाम समाजमा विभिन्न वर्गबीच शक्ति सन्तुलन भई सामाजिक न्यायको अनुभूति र स्रोत साधनमा सबैको समान पहुँच पुग्ने हुनुपर्छ । दोस्रो, राष्ट्रिय विकासको गति बढाउन जमिनमा रहेको निष्क्रिय पुँजी र जनशक्तिलाई व्यावसायिक र औद्योगिकीकरणका क्षेत्रमा लैजानुपर्छ । भूमि सुधारले नै मानिसलाई औद्योगिकीकरणमा जान प्रोत्साहन गर्नेछ । यसको उदाहरण जापान र दक्षिण कोरियाले देखाइसकेका छन् ।

नेपालको सन्दर्भमा रूपान्तरणमुखी भूमि सुधार नै ग्रामीण विकास, मानव अधिकर र लोकतन्त्रको आधार हो तर आज गणतान्त्रिक नेतृत्वको सरकार बन्दासमेत यो ओझेलमा छ । शक्तिले शक्तिको मात्र सम्मान गर्छ, राजनीतिक शक्तिमात्र होइन, आर्थिकरूपमा पनि गरिबलाई शक्तिशाली बनाइनुपर्छ । जबसम्म गरिब स्वतन्त्र हुन सक्दैनन् तबसम्म सम्मानित पनि हुन सक्दैनन् । भूमि सुधारमा असफल भएका देशहरू इरान, इराक, चिली, अर्जेन्टिना जस्ता देशको अर्थतन्त्र कमजोर रहेको तथ्यले पनि यो पुष्टि गर्छ । त्यसैले भूमि सुधार भूमिको वितरणमात्र होइन, सम्मान, पहिचान र आत्मनिर्भरताको चिह्न पनि हो । ✿



**यज्ञश**

# बलदेवको आक्रोश

बलदेव भन्थे- मान्छेले जब कुरा बुझ्छ, सबभन्दा पहिला रिस उठ्छ। जब रिस सामूहिक आक्रोशमा बदलिन्छ, अनि व्यवस्था र सत्ता पल्टाउने आन्दोलन हुन्छ।

२०७० को वर्षामा म पूर्व-पश्चिम राजमार्गको यात्रामा थिएँ। ओसिएको जमिन र भिजेको राजमार्गका छेउछाउ केही मानिस भेट्दै थिएँ। आफ्नो दैनिक जीवनयापनलाई सहज बनाउन र केही सामाजिक अधिकारका लागि आन्दोलन गरेर थाकेका, सुस्ताएका र अझै जाँगर चलाइरहेका करिब एक दर्जन पात्रको कथा सुनेपछि म सप्तरीको कनकपुर पुगेको थिएँ, बलदेव रामलाई भेट्न।

२०५६ सालमा सप्तरी-सिरहामा चेतनाको एउटा झिल्को उदाएको थियो। जाति व्यवस्थामा आधारित समाजको 'हाइरार्की' मा इनारको पिँधजस्तो गहिराइमा पर्ने जाति चमार। न गतिलो शिक्षादीक्षा न खेतीपातीका लागि आफ्नै जमिन। पुस्तौँदेखि जमिनदारका खेतबारीमा काम गरेर, उनीहरूका गाईवस्तु चराएर, भाँडाकुँडा धोएर गुजारा गर्दै आएका मानिसका लागि बलदेव भने केही बेग्लै सोचिरहेका थिए।

बलदेवका पिता आफैँमा चेतनशील मानिस थिए। यसैले उनले छोरालाई पढाए। यही शिक्षाले बलदेवलाई सोच्ने बनाइदिएको थियो, आफ्नालागि मात्र होइन, अरूका लागि पनि। वर्षौँदेखि अरूका खेत जोतिरहेका मोहीका लागि, हरूवा-चरुवाका लागि। जमिनदारका घरमा मरेका गाईवस्तुको सिनो उठाउने र ल्याएर खानेहरूका लागि।

बदलेव भूमि अधिकार र दलित आन्दोलनमा लागे। उनी नेपालको वामपन्थी आन्दोलनमा पनि लागे। मालेमा आबद्ध भए। मदन भण्डारी र मुकुन्द न्यौपानेहरूबाट प्रशिक्षण लिए। भूमिहीन तर अर्काको भूमिमा आश्रित भएर जीवन चलाइरहेकाहरूका पक्षमा आन्दोलन सुरु गरे। यो आन्दोलनमा लागेकाहरूलाई गोलबद्ध गर्न बनेको संस्था भूमि अधिकार मञ्चको पहिलो अध्यक्ष बने। भूमिको आन्दोलन देशैभरि चल्यो। यो आन्दोलनले कति भूमिहीनलाई जग्गा दिलायो, कतिलाई मोहियानी हक दिलायो। तर बलदेवको घाउ जमिनमा मात्रै थिएन। एउटा पुरानो घाउ उनको मनमै पाकेर बसिरहेको थियो। यो घाउ थियो, सिनोको। यसको कुरा कसैले झिक्दा शायद बलदेवको त्यो घाउ निचोरिन्थ्यो, उनी आक्रोशित भइहाल्थे। सानो कदका बलदेवको रिस ठूलो थियो। चर्को घामले घाँटी सुके पनि उनको सुष्क आवाजमा चर्को रिस मिसिएको हुन्थ्यो। 'सब मलाई बलदेव रिसाउँछमात्र भन्छ, के हामी अब रिसाउन पनि नपाउने ? रिसबाहेक हामीले के पाएको छ र ?' अलि शान्त भएपछि उनी भन्थे।

बलदेवले धेरैअघिदेखि सिनो बहिस्कार गर्नेबारे सोचेका थिए। २०५६ सालमा चाहिँ सङ्गठन नै बन्यो। पत्रकार तथा अधिकारकर्मी अर्जुन थपलियाको अगुवाइमा सप्तरीको कनकपुर-मधुपट्टीमा सरस्वती सामुदायिक संस्था गठन भयो। यसको अध्यक्ष बने बलदेव। र, यसले निर्णय गऱ्यो- अब कुनै दलितले जमिनदारका घरमा मरेको पशु उठाउने छैन।

त्यसपछि सुरु भयो, सिनो बहिष्कार आन्दोलन। 'यो हाम्रो स्वाभिमानको आन्दोलन थियो। हामी पनि तिमीजस्तै मान्छे हौँ, हाम्रो पनि सम्मान छ भन्नका लागि गरिएको आन्दोलन थियो', बलदेवले भनेका थिए- 'तर उनीहरू त हामीलाई मान्छे मान्न तयार नै थिएनन्। हामीलाई त नाकाबन्दी लगाए।' चमार जातिले सङ्गठित भएर सिनो नउठाउने निर्णय गरेपछि केही थारू जमिनदारलगायतले उनीहरूमाथि नाकाबन्दी लगाए। चमारहरूले आफ्नो जग्गाबाहेक अरूकोमा टेक्न पनि नपाउने भए। उनीहरूलाई कुनै पसलले नून-तेल पनि नबेच्ने भए। नाकाबन्दी लगाउन समिति नै गठन गरियो।

समितिले लहान बजारमा माइकिङ गऱ्यो, पोस्टर पनि टाँसियो। नाकाबन्दीका बेला बलदेवलाई एउटा अनौठो तथ्यबारे ज्ञान भयो- 'हाम्रो मान्छेको त एउटा पसल पनि रहेनछ, जाबो किराना पसलसमेत सबै अरूका। हामीले नून-तेल पनि किन्न पाएनौँ', बलदेवले मलाई भनेका थिए- 'हाम्रो आर्थिक, सामाजिक हैसियत कहाँ रहेछ भन्ने मलाई त्यस दिन थाहा भयो।' नाकाबन्दी गर्नेहरूले आफ्नो जमिनबाहेक अरूकोमा टेक्न पनि रोकेका थिए। 'जमिन त हाम्रो हुने कुरै थिएन', उनले भने- 'कति दिन हामीले बिनानून/भुटुनको तरकारी खायौँ। तर आफ्नो आन्दोलन छाडेनौँ।' चाँडै यो आन्दोलन वरपरका अरू गाउँ र जिल्लामा फैलियो। सप्तरीको सदरमुकाम राजविराजसम्म आन्दोलन पुग्यो। बलदेव केही साथीसहित अनशन पनि बसे। आन्दोलनले राष्ट्रिय स्तरमा चर्चा पायो। सप्तरी-सिरहाका चमारहरूले सिनो उठाउन सधैँका लागि बन्द गरे।

'मरेको पशुको सिनो चमारले उठाउँछ। छाला काड्छ। छाला सरकारले लान्छ, मासु उसले ल्याउँछ। जुन चिजको पैसा आउँछ, त्यो छाला त सरकारले लान्छ', उनले भनेका थिए- 'अनि त्यो रोगव्याधि लगाउने मासुचाहिँ हामीले ठेगान लगाउनुपर्ने ?' बलदेव आक्रोशित हुन्थे। 'जमिनदारको घरमा कुनै काम पऱ्यो, हाम्रा छोरी-बुहारीले गएर काम गर्नुपर्ने। बच्चाबच्ची जन्मियो, कति दिनसम्म हाम्रा श्रीमती-बुहारीले गएर काम गर्नुपर्ने, सित्तैमा ? हाम्रा बालबच्चाको चाहिँ आमा नहुँदा विजोग हुँदैन ?' समाजमा बनेका नियमहरूले कसरी विभेद गरिरहेका छन् भन्ने बलदेव देख्थे। 'भगवानको मूर्ति बनाउने हामी तर मन्दिरमा लगेपछि त्यही मूर्ति हामीले छुन नहुने ? जुत्ता हामीले बनाउने लगाउनचाहिँ नपाउने ? अनि जमिनदारले हामीले नै बनाएको जुत्ताले हाम्रै टाउकामा टेक्ने ? हतियार हामीले बनाउने,


समाज परिवर्तन गर्न भनेर त्यो हतियार बोक्ने पनि हाम्रै भाइ/छोरा तर आन्दोलन सकिएपछि कुर्सीमा चाहिँ अरू नै बस्ने ? हामीले बस्न नपाउने ?' बलदेव घाँटीको नसा फुलेर बाहिरै निस्केला जस्तोगरी यस्ता प्रश्न एक सासमा गर्थे । उनको यो आक्रोश देख्नेहरू भन्थे- बलदेव रिसाउँछ । अनि बलदेव भन्थे- तपाईँहरू सबैथोक लिने, हाम्रो रिस पनि आफैँ लिन खोज्ने ? हामीले रिसाउन पनि नपाउने ?

२०६१ सालमा भूमि अधिकार मञ्च स्थापनापछि बलदेवले भूमिहीन, सुकुमबासी र भूमिमा आश्रित परम्परागत श्रमिकका लागि धेरैवटा आन्दोलन र अभियान चलाए । पछिल्लो समय उनी देशभरका भूमिहीन र दलितलाई जोडेर एउटा बृहत् आन्दोलनको सपना देखिरहेका थिए । तर त्यसमा अवरोध पनि उनले देखेका थिए । 'राजनीतिक दलहरूले यो देशमा दलित र गरिबलाई कहिल्यै मिल्न दिएनन्', उनी दुःखी हुन्थे- 'यी मान्छे मिले भने हाम्रो खैरियत छैन भन्ने उनीहरूलाई थाहा छ ।' बलदेव भन्थे- यो देशैभरि गरिब किसान छन्, दलित र हेपिएका मान्छे छन् । ती सबै एकढिक्का भए भने त कुनै पार्टी, कुनै सिद्धान्त, कुनै वादले जित्न सक्दैन । त्यसै भएर अनेक नाममा हामीलाई फुटाइएको छ । एउटा सङ्गठन बनाउन खोज्यो, दलको मान्छे घुस्छ र फुटाइहाल्छ ।

हिन्दी कवि एवम् लेखक राजेन्द्र यादव भन्थे- 'ब्राह्मणको छोरा एकदमै धेरै क्रान्तिकारी भयो भने सडकमा बसेर जुत्ता पालिस गर्छ । तर त्यो जुत्ता बनाउने छाला काढ्न जाँदैन ।' बलदेव दलितका छोरा थिए । त्यसैले उनलाई यो सीमाले छेकेको थिएन । तर उनी त्यो सीमा सबैका लागि भत्काउन चाहन्थे, एउटै बनाउन चाहन्थे ।

उनले संवादमा एउटा चुरो कुरा भनेका थिए- 'मान्छेले कुरा नबुझ्दासम्म सहन्छ, जब कुरा बुझ्छ, सबभन्दा पहिला रिस उठ्छ । सत्ता, दल र ठूला मानिस गरिबको त्यो रिसलाई पनि मार्न चाहन्छन् । तर जब मानिसको रिस सामूहिक आक्रोशमा बदलिन्छ, अनि व्यवस्था र सत्ता पल्टाउने आन्दोलन हुन्छ ।' उनले आश गरेको ठूलो आन्दोलन नहुँदै ६७ वर्षको उमेरमा हृदयाघातका कारण बलदेव रामको निधन भयो । अब बलदेव कसैसँग रिसाउने छैनन् । तर बिर्सन नहुने कुरा के छ भने उनले रिसाउन र आक्रोशित हुन सिकाएका मानिसको सङ्ख्या पनि अब सानो छैन । ✪

(कान्तिपुरबाट)



माधव ढुङ्गेल

# रामझुपडीका धनी बलदेव

करिब २०४१र४२ सालतिरको कुरा हो । बलदेव रामलाई जनकपुर गएका बेला कुवा छोएको आरोप लागेछ । उनले कुवा नछोएको जिकिर गरे तर स्थानीय 'उच्च' हरूले के मान्थे । पञ्चायती डाके । चर्काचर्की भयो । बलदेवले आफूले कुवा छुँदै नछोएको तर्क गर्दै भने- 'मैले कुवा छोएकै छैन । छोएको भए पानीको रङ किन उस्तै रह्यो ? खोइ रङ फेरिएको ? ठूलो भीडको बीचमा एक्लै भए पनि कड्कँे । मेरो तर्कसँग उनीहरू हारे र छाडिदिए ।'

२०६० सालको मङ्सिरमा पहिलोपल्ट भेट हुँदा बलदेव रामले आफ्नो दुई दशक पुरानो उक्त घाउ कोट्याएका थिए । फाटेको गन्जी र धोतीको पहिरनमा देहातमा भेटिएका एकजना दुब्ला चमार आन्दोलनका नेता बलदेवजीको प्रस्तुति यति प्रभावशाली थियो जुन अद्यापि स्मृतिमा ताजै छ । अरू 'अधिकारकर्मी' हरू आफ्नो लाभ-हानि हेरेर मुखले मात्र बोल्थे बनावटी । तर विभेद, अन्याय र अत्याचारले पुस्तौँसम्म पेलिएको दह्रो जगमा उभिएका बलदेवजीका प्रत्येक भनाइ जीवनका भोगाइ हुन्थे । अनि उनी प्रत्येक वाक्य मन र आत्मादेखि व्यक्त गर्थे । त्यहाँ न कुनै छलकपट न कुनै बनावटी आडम्बर ।

कक्षा सातमात्र पढेका थिए उनले । उनी कुनै कवि, कथाकार वा साहित्यानुरागी पनि थिएनन् । तर उनका बिम्ब कोही आख्यानकारको भन्दा कम हुँदैनथे । 'कौवा जहाँको पनि कालै हुन्छ । त्यस्तै, सामन्त जहाँको भए पनि सामन्तै हो, चाहे हिमाल-पहाड होस् वा तराई-मधेस । त्यसले दलित, गरिबमाथि शोषण नै गर्छ'- उनले भनेका थिए । जातीय/क्षेत्रीय विभेद अन्त्य हुनुपर्ने र वर्गीय हिसाबले असमानता घटाउनुपर्नेमा उनी प्रस्ट थिए । मधेसका गिरहत (जग्गाधनी)बाट पुस्तौँदेखि दमित मधेसी दलित समुदायका यी अभियन्ता भन्थे- हिमाल, पहाड र तराई सबै ठाउँका शोषक शोषक नै हुन्, दलित शोषित शोषित नै हुन् ।

एउटा रोचक संयोग । २०६० सालको मङ्सिर अन्तिम साता । देश माओवादी सशस्त्र द्वन्द्वमा फसेको थियो । ओखलढुङ्गा, खोटाङ, उदयपुर हुँदै पूर्वी पहाडको भ्रमण सकेर म सिरहा/सप्तरी पुगेको थिएँ । सिरहाका अधिकारकर्मी मित्र अर्जुन थपलियाको साथ जुट्यो । हामी सप्तरीको कनकपुरस्थित बलदेव रामको घर पुगेका थियौँ बिहानै । बलदेवजीलाई सिनो बहिष्कार आन्दोलनको अगुवाका रूपमा भेट्न पुगेको थिएँ त्यसबेला । घरमा पुगेर अर्जुनजीले शायद उनकी छोरीलाई खबर पठाए- काठमाडौँबाट एकजना पत्रकारजी आउनुभएको छ । बुबालाई बोलाएर आऊ ।

ती छोरी (बालिका) खबर लिएर गइन् तर उल्टै पिताले पठाएको खबर लिएर आइन्- 'यत्ति खनिसकेरमात्र

आउँछु, घरमा बस्दै गर्न भन ।' करिब डेढ/दुई घन्टापछि पसिनाले असिनपसिन भएका पातलो शरीरका बलदेवजी आए, काँधमा कोदार हालेर । पसिनाले निथ्रुक्क भिजेको उनले लगाएको गन्जी फाटेर प्वालैप्वाल भएको थियो । तल सेतो धोती लगाएका थिए । नाकको टुप्पोबाट तपतप पसिना चुहिएको थियो । काठमाडौँबाट पत्रकार आएको खबरले पनि काम छाडेर नआएकामा मभित्र चाहिँ उनीप्रति बेग्लै सम्मान जागेको थियो ।

कालो, दुब्लो तर खारिएको सङ्घर्षशील चेहरामा चमक थियो । चाउरीले शायद सयभन्दा बढी मुजा परेका थिए मुहारमा । कालोपाटीमा सेतो चकले लेखेजस्तै देखियो । उनी हाँसेर मेरो नमस्कारमा नमस्कार फर्काए । चाउरीबीच सेता दाँत देखिए । 'भर्खर खेतमा गएको थिएँ, अलिकति खनिसकेर आऊँ भनेर'- मैले सोचेभन्दा प्रस्टसँग नेपाली भाषामा भने । उनले आफूले पर्खाउनुपरेको कारण बताए । मैले भनेँ- 'हामी आयौँ भन्दैमा काम छाडेर आउनु जरुरी थिएन, ठीक गर्नु भो । हामी फुर्सदिलो थियौँ, कुरिहालेँ नि !' हार्दिकता साटासाट भयो ।

मैले उमेर सोधेँ । भने- '२००७ सालको जन्म ।' म छक्क परेँ, ५३ वर्षमै यति धेरै चाउरी । यसो हेरेँ, कपालचाहिँ कालै थियो । शायद भोगाइले चाउरी परेको रहेछ उनको अनुहार । अनुहारका प्रत्येक रेखाभित्र लेखिएको सङ्घर्षको कथा पढ्न सक्ने सामर्थ्य मसँग हुने कुरै थिएन । किनभने उनको अनुहारका रेखाबाट लेखिएको उपन्यास त केवल उनको मुखबाट मात्रै सुन्न सकिन्थ्यो । जोकोहीले पनि त्यो उपन्यासभित्रको 'प्लट' सुनेपछि सहानुभूतिमा आँसुसम्म त खसाउन सक्ला । त्यसको मर्म त भोग्नेले मात्र महसुस गर्न सक्छ ।

बलदेव रामको भावमा रत्तिभर छलकपट थिएन न त अनुहारमा व्यक्तिगत स्वार्थ नै झल्कन्थ्यो । च्यातिएर धुजाधुजा भएको गन्जी र धोती लगाएर रामझुपडीमा बस्ने बलदेव राममा त्यस्तो आत्मविश्वास थियो जुन मयलपोस पहिरिएर महलमा बस्नेमा पाइँदैनथ्यो ।

प्रजातन्त्रसँगै उनको जन्म भएको थियो, २००७ सालमा । सप्तरीको मधुपट्टी गाविसस्थित कनकपुरको एक गरिब चमारको रामझुपडीमा । त्यसबेला चमारहरूमाथि 'उच्च जात' का 'गिरहत' (बाली कमाएको मालिक) को अत्याचार थियो । चमारले 'गिरहत' हरूकहाँ पशु मर्दा त्यसको मासुसमेत खानुपर्थ्यो । चमारलाई वार्षिक १० किलो धान दिएपछि सिनो फ्याक्ने काम पुरुष र सुत्केरीलाई तेल लगाउने काम महिलाले गर्नुपर्थ्यो । यो चमार परिवारको 'कर्तव्य' हुन्थ्यो । पुरुषहरूले माल (सिनो) फ्याक्नुपर्ने चलन २०५६ सालको सिनो आन्दोलनले अन्त्य गर्‍यो तर चमार महिलाले सुढेनीको काम गर्ने चलन अद्यापि छ ।

प्रजातन्त्रसँगै जन्मेका बलदेवले चमारहरूको प्रजातन्त्रका लागि जीवनभर सङ्घर्ष गरे तर अझै त्यो पूरा गर्न भ्याएनन् । झण्डै दुई तिहाई दलित बसोबास रहेको उनकै गाउँ कनकपुरमा उनले 'उच्च जात' का शोषकहरूबाट जीवनमा बेहिसाब सास्ती भोगे । २०५६ सालको सिनो बहिष्कार आन्दोलनका एकजना नेता बलदेवजीले पहिलो भेटमै आफ्नो भोगाइ सुनाएका थिए- घरमा पाहुना आएको भए पनि यादव, चौधरी वा क्षत्रीहरूको पशु मर्‍यो भने एकछिनपछि भन्न पनि पाइन्नथ्यो । फ्याँक्न तत्काल जानैपर्थ्यो । हामीले नयाँ लुगा लगाएको देख्दासमेत उनीहरू गिज्याउँथे ।

सात कक्षा पढेका थिए बलदेवले । पाँच-छ कक्षा पढ्दा सुनेको एउटा गीत/कविताले समानताको निम्ति लड्न प्रेरित गरेको थियो उनलाई । 'हामी बढे देश बढ्छ, ... युग फेर्नुपर्छ ... ।' उनी यो कविता मुखाग्र सुनाउँथे । यो नै उनको जीवनआदर्श बन्न थियो ।

निमुखा चमारहरूले खाएको मार सुनाए- 'मरेका पशुको छाला चमारले काढ्नुपर्थ्यो । काढेको छाला सुकाउँदा कुकुरले खाएमा वा अरू कारण तल-माथि भएमा चमारले मार खान्थे ।' जीवनमा आफूले पनि पटकपटक कुटाइ खाएको प्रसङ्ग उनले पटकपटकका भेटमा सुनाएका थिए । बलदेवले गोबध मुद्दा पनि बेहोरे । उनले एउटा भोगाइ सुनाएका थिए- फागु चौधरी भन्ने एकजना गिरहतको घरमा बाच्छी मरेछ । फागुले खबर गरे । मैले गएर फ्याकिदिएँ । उनीहरूको दाजुभाइबीच झगडा रहेछ । भाइले दाजुलाई मुद्दा हालेछ । बाच्छी फाल्न गएकाले मैलेसमेत गोबधको मुद्दा खेप्नुपर्‍यो ।

पितापुर्खादेखि बलदेव रामले सपरिवार जीवनभर 'गिरहत' को सेवा गरे । मरेका पशु फाले, बाँझो खेत ऊर्वर बनाए, लहलह बाली फलाए । छोराछोरीले मालिककै वस्तुबाख्रा चराए । हलिया बने, हरूवाचरुवा बसे । चमार नारीहरूले सुत्केरीलाई तेल लगाए । सिङ्गो परिवारको जीवन नै 'उच्च' हरूको सेवामा समर्पित गरे । न जीवनमा कहिल्यै पेटभरि र मीठोमसिनो खाए न आफू त के, आफ्ना ससाना नानीलाई मीठो खान राम्रो लाउन दिन खोजे । तर आफैँले सेवा गरेको त्यो समाज कहिल्यै बलदेव रामहरूका लागि आफ्नो हुन सकेन । बलदेवले जीवनमा २४ वटा मुद्दा खेपे । मुद्दा तिनैले हाले जसका लागि उनको सिङ्गो परिवारले २४ घन्टा योगदान गर्थ्यो । ज्यान मुद्दा बेहोरे, गोबध मुद्दा खेपे । यतिसम्म कि उनीमाथि गर्भ पतनको समेत अभियोग लगाइयो ।

आफूले सेवा गरेको समाज कहिल्यै आफ्नो नभएकामा बलदेव दुःखी हुन्थे । 'हामीले जति सेवा गरे पनि उनीहरूमा कहिल्यै भाइचाराको भावना विकास भएन', बलदेवले विद्रोह गर्नुको कारण बताएका थिए- पुरानो प्रथाले जमाएको ठूलो पीडा थियो हामीमा । त्यसैले हेपिएर दास बन्ने हैन, अरू नै काम खोज्नुपर्छ भन्ने भावना विकास भयो । हामी सङ्गठित भएर लाग्यौँ । केही हदसम्म पुरानो प्रथा तोड्न सफल पनि भयौँ ।

साधारण पहिरनमा हिँड्ने बलदेवसँग अनेक भोगाइ थिए । एकपटक राजविराजको एक जना भूमि सुधार अधिकारीले उनीसँग घुस मागेछन् । बलदेवले कोदाको रोटी र भन्टाको चटनी बनाएर कपडामा पोको पारेर दिँदै भनेछन्- 'यो पनि दैनिक मजदुरी गरेर कमाएको, यसबाहेक दिन सक्ने मसँग हैसियत छैन ।' दलितले मन्दिर प्रवेश गरेको विषयमा विवाद भएपछि एक प्रमुख जिल्ला अधिकारीसँगको सवालजवाफ उनले सुनाएका थिए- सिडिओले दलितलाई छुट्टै मन्दिर बनाइदिए हुँदैन भन्नुभो । मैले भनेँ- त्यसो गर्दा हुने भए दलितका लागि सिडिओ पनि अर्कै राखिदिए भइगो नि !

*बाँकी पृष्ठ १४ मा...*




विश्वास नेपाली

# अहिंसात्मक अभियन्ताको सम्झना

भूमि तथा दलित अधिकार अभियान तथा आन्दोलनमा परिचित नाम हो- बलदेव राम । सप्तरीको कञ्चनपुरमा जन्मिएका बलदेव जीवनभर अधिकार प्राप्ति र मुक्तिका लागि सङ्घर्ष गर्दागर्दै हामीमाझ बिदा भए । हामीसँग उनीसँग बिताएका पल र उनले दिएका प्रेरणा तथा मार्गमात्र बाँकी छ यतिबेला ।

अधिकार प्राप्तिको आन्दोलनमा उनको ठूलो सङ्घर्ष र योगदान छ । बलदेवले जीवनभर अधिकार र मुक्तिको लामो लडाइँ लडे । व्यक्तिगत स्वार्थ कहिल्यै हेरेनन्, सम्पूर्ण अधिकारबिहीनको अधिकार रक्षाका लागि बोले । डटे र जीवनको अन्तिम क्षणसम्म पनि डटिरहे । उनले नेतृत्व गरेका धेरै आन्दोलन सफल भएका छन् । कतिपय हुने क्रममा छ । अभियान भन्ने कुरा एकै पटकमा टुङ्गिने विषय पनि होइन, यो निरन्तर चलिरहन्छ । उनी एक अथक योद्धा थिए । बलदेवले दिनुभएको प्रेरणा, देखाउनुभएको बाटो, पुर्‍याउनुभएको योगदानका सम्झना ताजै छन् र रहिरहनेछन् । उहाँको यो दुःखद् अन्त्य समग्र परिवर्तनका पक्षधर नेपालीका लागि यतिबेला एक दुःखद् क्षण हुन पुगेको छ ।

भूमि अधिकार, दलित अधिकार र सिनो छोड आन्दोलनका पर्याय हुन् बलदेव राम । जसको उनले कुशल नेतृत्व गरेका थिए । सामान्य गरिब, भूमिहीन र दलित परिवारमा जन्मिएका बलदेवले जीवनभर कडा सङ्घर्ष गर्नुपर्‍यो । दुःख के हो चिनेका थिए र दुःखमा सङ्घर्ष गर्दै अघि बढ्न प्रेरणा पनि बाँडेका



थिए । जीवनमा औपचारिक क्षिक्षा धेरै नलिएका उनको झोलामा भने सधैं जीवन दर्शन, सामाजिक आन्दोलन, अहिंसात्मक आन्दोलनका पुस्तकहरू हुन्थे । उनी अध्ययन गर्थे र सिकेका कुरा सङ्गठनका अगुवा अनि साथीभाइमाझ बताउँथे । उनको यो शैलीले आन्दोलनमा थप ऊर्जा मिलेको थियो ।

२०६२ सालको पुस महिनातिर बलदेव दाइ रसुवा सदरमुकाम धुन्चे आइपुगेका थिए । जतिबेला म भर्खरै भूमि अधिकार अभियानमा लाग्न खाज्दै थिएँ । यो ठाउँ सधैँभर अति नै जाडो क्षेत्र हो । बाक्लो लुगा लगाउनुपर्ने बाध्यता हुन्छ । तर उनी एउटा कछाड बेरेर पातलो लुगा लगाएर टाउकोमा फेटा बाँधेर लुगलुग काम्दै धुन्चे पुगेका थिए । त्यो पनि अति नै साधारण भेषमा । भनाइको मतलव उनलाई जाडो-गर्मी, मीठो, राम्रो भन्दा पनि आफूजस्तै अधिकारविहीनलाई अधिकार सम्पन्न तुल्याउने कुरासँग बढी चासो थियो । त्यतिबेला उनले धुन्चेमा सुनाएका आफ्ना अनुभव र सङ्घर्षका कथाले मलाई मात्र हैन, अरूलाई समेत भूमि अधिकार आन्दोलनमा लाग्न उत्प्रेरित गरेको थियो ।

सामान्य लेखपढका उनी आफ्नो मुद्दामा तिख्खर र स्पष्ट वाक्शक्ति, सामाजिक तथा अहिंसात्मक आन्दोलनको कुशल नेतृत्व गर्न सक्ने क्षमता राख्थे । जीवनभर दुःख पाएर पनि दुःखको बदला लिन हुन्न भावना, अधिकार लिने लडाइँ अहिंसात्मक र रचानात्मक हुनुपर्छ, यसैबाट अधिकार स्थापित गर्न सकिन्छ भन्ने प्रेरणादायी विचार अर्थात 'सादा जीवन उच्च विचार' उनको आदर्श थियो । उनले निकै जोखिमयुक्त मानिने 'सिनो छोड' आन्दोलनको नेतृत्व सफलतवरमा गरेका थिए । २०५६ सालमा सप्तरीको मधुपट्टीको एउटा गाउँबाट चमार समुदायले सिनो नफाल्ने अडानका साथ सुरु गरेका यो आन्दोलन नेपालको सामाजिक आन्दोलनमा कोशेढुंगाका रूपमा स्थापित छ । त्यहीबेलादेखि हो, चमार समुदायले सिनो फाल्नैपर्ने बाध्यतात्मक अवस्था अन्त्य भएको । जसको श्रेय उनलाई नदिनु महापाप हुनेछ ।

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको २ कार्यकाल नेतृत्वको जिम्मेवारीसमेत सम्हालेका बलदेवले निकै राम्रै सफलता हात पार्ने कार्यको अगुवाइ पनि गरे । पटकपटक भएका आन्दोलन र अभियानलाई अहिंसात्मक बनाउन उनको निकै योगदान छ । भूमि अधिकारबाट वञ्चितहरूको प्रतिनिधित्व गर्दै विक्रम संवत् २०६५ मा नेपाल सरकारले गठन गरेको उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको सदस्यका रूपमा पनि उनले सक्रिय भूमिका निर्वाह गरेका थिए । उनी यतिबेला हामीमाझ नभए पनि उनले देखाएका मार्ग छ । त्यसैलाई पछ्याउन सके बलदेव रामको निधनबाट पुगेको क्षति केही हदसम्म भए पनि न्यून गर्न सकिन्छ ।



नरिराम लोहार

# सङ्घर्षमा अविराम, बलदेव राम

'शिक्षित बनौं, सङ्गठित होऔं, सङ्घर्ष गरौं' भन्ने धारणाका साथ दलित अधिकार आन्दोलन, भूमि अधिकार आन्दोलनको नेतृत्व गर्ने साहसिक नेता बलदेव राम २०७४ साउन १७ गते सदाका लागि यो संसारबाट विलय भए। जन्मिनु र मर्नु प्रकृतिको नियम नै हो। तर सबैले छोड्न नसक्ने छाप उनले छोडेर गएका छन्। उनको भौतिक शरीर यो धर्तीमा नरहे पनि विचार र सङ्घर्षको इतिहास मानव जीवन रहेसम्म रही नै रहनेछ। अर्को संयोग, भीमदत्त पन्त सहिद भएकै दिन (साउन १७ गते) कृषि मजदुरका नेता बलदेव रामको पनि देहावसान भएको छ। यो दिन किसान र सीमान्तीकृत समुदायले सम्झिरहने दिन हो।

बलदेव राम तराईको दलित समुदायमा जन्मेको मान्छे। जन्मकै आधारमा पीडा सहनु र संघर्षको बोझ लिनु उनका लागि पनि स्वाभाविक थियो। तर उनले पीडा सहनेभन्दा संघर्षको बोझ स्वीकार गर्ने कुरालाई प्राथमिकतामा राखी सिनो बहिष्कार आन्दोलनको नेतृत्व गरे। यसको सफलताले नै उनलाई सामाजिक आन्दोलनमा स्थापित गरायो। सामाजिक मुद्दा उठाएरै उनी राजनीतिक तहमा पनि सम्बन्ध बढाउन र राज्यको उच्च स्थानमा जान सफल भए। २०६५ सालमा हरिबोल गजुरेलको अध्यक्षतामा गठित उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको सदस्य भए। जुन विशिष्ठ श्रेणीको जिम्मेवारी थियो।

बलदेव रामले व्यक्तिगत स्वार्थका लागि आफ्नो विचार त्यागेनन्। यो उनको अर्को महानता थियो। राष्ट्रिय भूमि अधिकार मञ्चको अध्यक्ष भएपछि उनको कार्यक्षेत्र र मुद्दा पनि विस्तार भयो। सिनो बहिष्कार, जातीय छुवाछूतको अन्त्य र श्रमशोषणविरुद्धको मागसँगै हलिया, कमैया, भूमिहीन, सुकुमवासी, प्राकृतिक प्रकोप लगायतका समस्या पनि उनको नेतृत्वमा उठान भए। भूमि अधिकारसँग सम्बन्धित महत्वपूर्ण सफलताका लागि उनको कार्यकाल नै स्मरणीय छ। राजनीतिक नेतृत्वलाई प्रभाव पार्ने गरी ठूला जनप्रदर्शन र सीमान्तीकृत समुदायको मुद्दा सम्बोधन हुने गरी नीतिगत परिवर्तन पनि उनको कार्यकालमा भएका छन्। त्यस अवस्थामा उनले व्यक्तिगत स्वार्थ चाहेको भए, उनीसामु थुप्रै अवसर थिए। तर उनले त्यसो गर्न चाहेनन्। उनी महिला, दलित, मजदुर, किसान तथा वञ्चितीकरणमा पारिएको समुदायका पक्षमा लडिरहे।

**बलदेव राम सामाजिक आन्दोलनका नेता मात्र होइनन्, मेहनती किसान पनि हुन्। घरमा भएका बेला खेतमा काम गर्ने, खाना पनि खेतमै खाने, समयमा खेतीपाती गरेर उत्पादन राम्रो लिने उनको बानी थियो।**


सामाजिक पहिचान, राजनीतिक सम्बन्ध, देशविदेशको अनुभवसमेत भएका बलदेव रामको अर्को विशेषता थियो, सरल जीवनशैली। उनी जुनसुकै ठाउँमा जाँदा पनि खाली खुट्टा हिँड्थे। धोती र कुर्ता लगाउँथे। काँधमा सधैँ सानो सुतीको झोला र त्यसमा किताब हुन्थे। उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको सदस्य हुँदा सरकारले उनलाई गाडी दिएको थियो। कामको सिलसिलामा बढी नै दौडधुप गर्नुपर्ने भएकाले गाडीको उपयोग गरे। तर मन्त्रालय जाँदा होस् या आयोगका अन्य ठूला कार्यक्रममा, उनी खाली खुट्टा जान्थे। यसो गर्नुको कारण आर्थिक अभाव थिएन। उनको आदर्श थियो। उनी जुन समुदायमा जन्मे र हुर्के। त्यही समुदायको शैलीमा बाँचे, जीवनभर।

दलित समुदायले पढ्न हुँदैन भन्ने समयमा पनि बलदेव रामले लेखपढ गर्न सिकेका थिए। औपचारिक शिक्षामा कुनै तह नभए पनि ज्ञान र तर्कका आधारमा बलदेवराम विद्वान् थिए। उनको झोलामा हिन्दी र नेपाली भाषाका किताब हुन्थे। कानुनी किताब पनि बोक्थे। उनले गर्ने तर्क सामाजिक परिवेश, कानुनी प्रक्रिया र शास्त्रीय मान्यतामा आधारित हुन्थे। जसले गर्दा उनले बहसमा हार खानु परेन। शिक्षाप्रतिको लगाव पनि उनको जीवनबाट अर्को सिक्नुपर्ने अर्को पक्ष हो। बिहान ४ बजे उठेर पढ्थे। साँझमा पनि खानापछि ११ बजेसम्म पढ्थे। अरूलाई पनि पढ्न प्रेरित गर्थे। हिन्दी र नेपाली भाषामा शास्त्रीय श्लोकहरू कण्ठ थिए।

साहसी र मेहनती स्वभाव अर्को गुण हो बलदेव रामको। उनी सामाजिक आन्दोलनका नेता मात्र होइनन्, मेहनती किसान पनि हुन्। घरमा भएका बेला खेतमा काम गर्ने, खाना पनि खेतमै खाने, समयमा खेतीपाती गरेर उत्पादन राम्रो लिने उनको बानी थियो। यस्तो मेहनत गरी उनले आर्थिक अवस्था र परिवारिक अवस्था पनि राम्रोसँग चलाए। छोराछोरी सबैलाई उच्च शिक्षा पढाएका छन् उनले।

सङ्गठन विस्तार र विभिन्न आन्दोलनमा पनि उनी निकै खट्थे। २०६७ सालमा ग्रामीण

*बाँकी पृष्ठ १४ मा...*



सुष्मा न्यौपाने

# सपना पूरा गर्ने अठोट

मानिसको निधनपछि धेरैले श्रद्धाञ्जली दिन्छन् । चिरशान्तिको कामना गर्छन् । आफन्तप्रति समवेदना प्रकट गर्छन् । तर उनको सपना पूरा गर्ने अठोट भने कमैले मात्र व्यक्त गर्छन् । अझ यस्तो अठोट व्यक्त गर्नेले पनि त्यसलाई व्यवहारमा ल्याउन भने निकै हिच्किचाउँछन् । यतिखेर यस्तै श्रद्धाञ्जली व्यक्त गरिनेमा भूमि अधिकार तथा दलित अधिकार अभियानका कर्मठ हस्ती बलदेव राम अग्रपंक्तिमा देखिएका छन् । उनको सवालमा पनि उनले देखाएको मार्ग पच्छ्याउने भन्दा निधनप्रति अलापविलाप गर्नेको जमात बढी देखिएको छ । चाहे त्यो सामाजिक सञ्जालमा होस् या अन्यत्र सार्वजनिक मञ्चहरूमा ।

सिरहा र सप्तरीमा सदियौंदेखि उपल्लो जात मानिएकाहरूको घरमा मरेको सिनो फाल्ने काम त्यहाँका चमार समुदायले फाल्नुपर्ने अन्यायपूर्ण सामाजिक व्यवस्था थियो । वर्षौंदेखि यी समुदायले भोग्दै आएको यो समस्या समाधानका लागि बलदेव रामको नेतृत्वमा सिनो बहिष्कार आन्दोलन भएको थियो । यो आन्दोलनबाट सफल भएका राम हाल चलिरहेको भूमि अधिकार आन्दोलनको संस्थापक अध्यक्ष हुन् । उनले राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालमा २ कार्यकाल नेतृत्व सम्हाल्दा यो अभियानले निकै उचाइ लिएको थियो । त्यसैले बलदेव रामको भौतिक शरीर यतिबेला हामीबाट बिदा भए पनि उनका योगदान तथा उनैले देखाएको सङ्घर्ष र प्रेरणाको मार्ग भने सदैव हामीमाझ अमर रहनेमा शंका छैन ।

धेरैलाई लाग्न सक्छ, बलदेवको सङ्घर्ष दलित वर्गका लागिमात्र थियो । यसमा एक प्रतिशत पनि सत्यता छैन । उनको अभियान र आन्दोलन अधिकारविहीनको अधिकार रक्षाका लागि थियो । वञ्चितहरूका लागि अधिकार स्थापित गराउनका लागि थियो ।

**पुस्तौंदेखि माटोमा श्रम गरेर, पसिना चुहाएर, अन्न उब्जाएर अरूलाई खुवाउने तर आफैं भोको रहने भूमिहीन, सुकुमबासी, मोही, हरूवा-चरूवा किसानका लागि बलदेवले मर्ने बेलासम्म सङ्घर्षको नेतृत्व लिए ।**

चाहे त्यो जुनसुकै वर्गको अधिकारविहीन होस् । २१ औं शताब्दीमा पनि मानिसबाटै मानिसलाई छुवाछूतको व्यवहार गर्ने प्रवृत्तिसँग उनी रुष्ट थिए । भेदभावसँग त्रसित थिए । जसको हाँगाबिँगा छिमोल्ने भन्दा पनि जरैदेखि उखेल्न बलदेवले बाँचुन्जेल आफ्नो बल लगाइरहे । त्यसका लागि आफूजस्तै विभेदित वर्गलाई सङ्गठितसमेत गरेका थिए उनले ।

एकातिर दलित अभियानकर्ताको पगरी गुथेका थिए भने अर्कोतिर समानान्तररूपमा भूमि अधिकार अभियानकर्ताको पगरी पनि गह्रुंगोसँग पहिरेका थिए । पुस्तौंदेखि माटोमा श्रम गरेर, पसिना चुहाएर, अन्न उब्जाएर अरूलाई खुवाउने तर आफैं भोको रहने भूमिहीन, सुकुमबासी, मोही, हरूवा-चरुवा किसानका लागि बलदेवले मर्ने बेलासम्म सङ्घर्षको नेतृत्व लिए । आफ्नो गाउँठाउँमात्र हैन, मुलुकका विभिन्न जिल्लामा सशरीर उपस्थित भई यस्ता अधिकारविहीनलाई चेतना र ऊर्जा थप्ने कार्य गरेका थिए ।

सबै मानिसलाई आफ्नो अधिकार, पहिचान, आत्मसम्मान र स्वतन्त्रता अनि सम्मानपूर्वक बाँच्न पाउने स्वतन्त्रता छ । यो कुरा संविधानमै व्यवस्था गरिएको छ । तैपनि यी वर्गका मानिसले संविधानप्रदत्त यिनै अधिकार कहिल्यै भोग्न पाएनन् । बलदेव सधैं यही विषयमा दुखित हुन्थे । र, भन्थे- अन्यायपूर्ण यस्तो सामाजिक व्यवस्थाको जरो नउखेलेसम्म विश्राम लिन्न । कुकुरलाई आफ्नै ओछ्यानमा सुताउने तर मानिसलाई भने दलित भन्दै घरमा समेत आउन नदिनेहरू थुप्रै छन् । लाग्छ, बलदेव यस्तै कुकर्मीहरूविरुद्ध जेहाद छाड्न जन्मिएका थिए । यस्तै कुरीति र अन्यायपूर्ण व्यवस्था अन्त्यका लागि उदाएका थिए ।

साँच्चै हो, बलदेवको मृत्युले दलित तथा भूमि अधिकार अभियान र समग्र देशको परिवर्तनको अभियानमै धक्का लागेको छ । तर यत्तिकै ध्रुव सत्य यो पनि हो कि उनले थालेका र नेतृत्व गर्दै आएका काम कसैले रोक्न र छेक्न सक्दैन । किनकि उनका पछाडि उनैले तयार पारेका लाखौंको समूह छ । जसले 'बलदेव मार्ग' पच्छ्याउने कसम खाएका छन् । मात्र यतिबेलाको दुःखद् क्षणमा यही कसम सम्झँदै मुठी दरिलोसँग बटारेमात्र पुग्छ । आखिर समाज परिवर्तनको महान् उद्देश्य लिएर हिँडेका हस्तीप्रतिको सच्चा श्रद्धाञ्जली पनि त योबाहेक के हुन सक्ला र ? ✿

(नागरिकबाट)

# बलदेव रामबारे सङ्क्षिप्त जानकारी

| | |
|---|---|
| जन्म | • २००७ पुस ७<br>• आमा : दुलारीदेवी, बुबा पृतमदास<br>• जेठा छोरा |
| जन्मस्थान | सप्तरी जिल्ला, मधुपट्टी गाविस कनकपुर |
| पढाइ | • बलदेवका पिता तत्कालीन गाउँ पञ्चायतका सचिव थिए। शायद यही कारणले उनले ७ कक्षासम्म भए पनि पढ्न पाए। त्यतिबेला उनका समकक्षी कसैले पनि पढ्न पाएका थिएनन्।<br>• उनी पढ्नमा असाध्यै रुचि राख्थे। फुर्सद भएको समयमा पढ्न थालिहाल्थे।<br>• एकपटक भारत गएका बेला उनले भाडासमेत बाँकी नरहने गरी किताब किनेका थिए।<br>• उनलाई सैकडौ नेपाली कविताका पङ्क्ति कण्ठस्त थियो। |
| परिवार | श्रीमती, छोरी २ र छोरा २ |
| आन्दोलन-अघिको जीवन | • अन्य जमिन्दारहरूको जग्गामा कृषि मजदूरका रूपमा काम गर्दै उनको बाल्यकाल गुज्रेको थियो।<br>• पूरै जीवन खेतीपाती गरेर बित्यो।<br>• उनी जब अलिअलि गाउँघर, अन्याय र जीवन बुझ्न थाले, मोहीको अधिकारका लागि लड्न थाले- १४ वर्ष हुँदादेखि नै।<br>• बलदेवले जीवनमा २४ वटा मुद्दा खेपे। |
| आन्दोलन | • २०५६ सालमा सप्तरी र सिरहामा भएको सिनो बहिष्कार आन्दोलनको नेतृत्व<br>• असाध्यै पिँधमा रहेको चमार जातिमाथि भएको अन्यायको विरोधमा भएको आन्दोलन हामी पनि तिमीजस्तै मान्छे हौँ, हाम्रो पनि सम्मान छ भन्नका लागि गरिएको आन्दोलन थियो।<br>• सिनो फ्याँक्नुपर्ने चलन २०५६ सालको सिनो आन्दोलनले अन्त्य गऱ्यो।<br>• सिनो बहिष्कार आन्दोलनबाट सिरहा र सप्तरीमा दलितको गरिमा ह्वात्तै माथि उचालिएको थियो। |
| | • अधिकांश दलितको छाप्रो बनाउने जमिनसमेत आफ्नो नभएको विषयले उनलाई भूमि अधिकार आन्दोलनसँग जोडेको थियो।<br>• २०६१ साल पुसमा राष्ट्रिय भूमि अधिकार मञ्चको अध्यक्ष (संस्थापक)<br>• २०६४ साल फागुनमा मञ्चको दोस्रो पटक अध्यक्ष<br>• भूमि अधिकार आन्दोलनलाई देशव्यापी बनाउन र उचाइमा लैजान यसले मद्दत गरेको<br>• थुप्रै सभा, यात्रा, धर्ना, राष्ट्रिय आन्दोलनको अगुवाइ गरेको<br>• थातथलो र जोताहा किसानलाई खेतीयोग्य जमिनका लागि<br>  • ज्याला वृद्धि आन्दोलन<br>  • छुवाछूतविरुद्धको आन्दोलन<br>  • हरूवाचरुवा अधिकारविरुद्धको आन्दोलन<br>  • हलिया अधिकारको आन्दोलन<br>• दलित जनचेतना सङ्गमको अध्यक्ष |
| | • बलदेव रामले २०६२/०६३ को जनआन्दोलनमा पनि ऐतिहासिक भूमिका खेलेका थिए।<br>• चार सय दलितलाई लोकतन्त्र र भूमि माग्दै सप्तरीमा अनशन गराएका थिए। (४८ घण्टा)<br>• अनशनपछि लगत्तै करिब २० हजार दलितको सहभागितामा राजविराजमा लोकतन्त्रको पक्षमा जुलुस निस्केको थियो। त्यो आन्दोलनको नेतृत्व पनि बलदेव रामले गरेका थिए। |
| पुरस्कार | • डा. भीमराव अम्बेडकर अन्तर्राष्ट्रिय सम्मान<br>• दयाराम परियार स्मृति मानव अधिकार सम्मान<br>• प्रकाश मानव अधिकार पुरस्कार<br>• समाज सेवा पुरस्कार, समाज कल्याण परिषद् |
| प्रतिनिधित्व | उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोग, २०६५ को सदस्य |
| भ्रमण | थाइल्यान्ड, भारत |
| निधन | २०७४ साल साउन १७ गते बिहान ६ बजे<br>साउन ९ गते हृदयघात भएपछि उनलाई धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरिएको थियो। उपचारपछि आइतबार घर फर्केका (१५ गते) उनको १७ गते मङ्गलबार निधन भएको थियो।<br>किसान नेता भीमदत्त पन्तका कारण पनि उनको नैतिक बल उच्च थियो। त्यसै भएर ठूला ठूला भनिएका व्यक्तिका अगाडि सजिलै औंलो ठडाउने ताकत राख्थे। जति नै आन्दोलनमा हिँडे पनि उनले खेती गर्न छाडेनन्। हलो जोत्न छाडेनन्। उनी हलो जोत्दाजोत्दै र अन्यायको विरोध गर्दागर्दै भौतिक संसारबाट बिदा भए। |
| | सहरमा बसेर खेती होल्ड गरिरहने प्रवृत्ति नै विकासको बाधक रहेको उनको बुझाइ थियो। |

...पृष्ठ ९ बाट

# रामझुपडीका धनी बलदेव

बलदेव चमार मुक्ति आन्दोलनका अगुवामध्ये थिए। दिनभरि अधिया कमाएको खेतमा खट्थे। तथापि उनमा राजनीतिक आकाङ्क्षा कहिल्यै जागेन। त्यसै आन्दोलनबाट नेता बन्न केहीले पार्टी खोले तर उनले त्यसप्रति रुचि देखाएनन्। बलदेवका छोरा इन्द्रप्रसादले २०५१ सालमा एसएलसी उत्तीर्ण गरे तापनि तत्काल पढाउन पठाउन नसकेकामा उनी दुःखी थिए। भलै पछि उनले स्नातकोत्तर गरे। स्कुल पढ्ने छोराछोरीले वनबाट दाउरा ल्याएर बेच्थे। तीन छोरी र दुई छोराका पिता बलदेवलाई करिब ६ महिनाअघि नाति र बुहारीको दुर्घटनामा मृत्यु भएको घटनाले ठूलो चोट परेको थियो। कान्छा छोरा गणेशको व्यवहारप्रति उनी बढी चिन्तित थिए।

बलदेव खेतमा काम गर्थे। उनलाई तारे होटेलमा बस्दा पीडा हुन्थ्यो। कैयौँपटक आयोजकलाई मञ्चबाटै प्रश्न गर्थे- 'गरिब/दलितको नामको पैसाबाट तारे होटेलमा बस्ने ? उनीहरूको जीवनस्तर पनि यस्तै छ ?' कुनै कार्यक्रममा आएको निम्ताबाहेक गफ गरेर उनी हिँड्दैनथे। मेहनत र प्रतिबद्धता नै सबैथोक हो भन्ने उनको जीवनमा झल्कन्थ्यो। शिक्षाले नै समाजमा परिवर्तन ल्याउँछ भन्ने उनको ठहर थियो।

दुई पुस्ताअघिसम्म सिनो खानेसम्म चलन रहेको त्यस दलित बस्तीमा चेतनाको विकास गर्न लागिपरे। बलदेवहरूको आन्दोलनले समाजका उच्च जातिमा पनि केही हदसम्म परिवर्तन ल्यायो। बलदेव बारम्बार भन्थे- हाम्रा बा/आमा मर्दाचाहिँ चमारलाई नलगाएर आफैँ सद्गत गर्छौं, आफूले पालेको पशु मरेपछि त्यसलाई फ्याँक्दा जात जान्छ ? के बाउ/आमाको सद्गत गर्न पनि चमार बोलाउने ?

बलदेव राम भन्थे- 'मरेका वस्तु खान हुन्न भनेर बाजेहरूले बन्द गरेकाले हामीलाई केही सजिलो भयो तर अन्याय अझै बाँकी छ। त्यसैले हाम्रा भावी पुस्ताले हामीजस्तै समानताका लागि लड्नु नपरोस् भन्ने चाहना हो।' कोदार, छैटी र गराँसीसँगै दिन बित्थ्यो उनको। पचासौँ हलो र फाली खियाइसकेका थिए उनले। कुनै कलमजीवीभन्दा कमजोर थिएनन्। भेट्नेबित्तिकै महसुस भयो- उनी खारिएका एकजना सामाजिक अभियन्ता हुन्। उनको क्षितिज निकै टाढा थियो। सामाजिक विभेद, उत्पीडन र असमानता अन्त्य गर्ने यात्रामा तीव्र गतिमा क्षितिजसम्म पुग्न प्रयत्नशील थिए। तर, अफसोच ! जीवनभर उनको 'स्प्रिन्ट' गतिको म्याराथन यात्रा पनि गन्तव्यमा पुग्न सकेन। २०७४ साउन १७ गते बिहानै उनले सदासदाका लागि आफ्नो पाइला बिसाए यो धर्तीमा। बलदेवजीप्रति हार्दिक श्रद्धाञ्जली !

(अन्नपूर्ण पोस्टबाट)

...पृष्ठ ११ बाट

# सङ्घर्षमा अविराम, बलदेव राम

क्षेत्रका एक हजार महिला काठमाडौँ आएर खुलामञ्चमा अनिश्चितकालीन धर्नामा बसे। त्यसको नेतृत्व राष्ट्रिय भूमि अधिकार मञ्चले गरेको थियो। अध्यक्ष बलदेव राम थिए। त्यतिबेला उनको हात भाँचिएको थियो। त्यो अवस्थामा पनि उनले थकाइ नमारी आन्दोलनको नेतृत्व गरे। सङ्गठन विस्तारका क्रममा पूर्व-पश्चिम यात्रा गरिरहने बलदेव रामले कहिल्यै थकाइ लागेको, भोक लागेको, बसाइँ नराम्रो भएको भनेनन्। आउने परिस्थितिलाई पचाएर अगाडि बढ्ने उनको स्वभाव थियो।

शीर्ष तहको नेतृत्वलाई भेट्न र काम लिनमा पनि बलदेव राम सफल थिए। यसो हुनुको कारण उनको राजनीतिक परिवर्तनका आन्दोलनमा पनि उत्तिकै सहभागिता थियो। २०१७ सालपछिको राजनीतिक परिवेशमा दलका नेताहरूलाई पञ्चायती शासकबाट बचाउनेदेखि भूमिगत अवस्थामा खानपानको व्यवस्थामा सहयोग पुऱ्याउने काम बलदेव रामले गरेका थिए। आफ्नो लगानी र सिकाइको आधारमा पनि होला, बलदेव राम सामाजिक आन्दोलनको नेतृत्व गरेर आगाडि बढे पनि राजनीतिक दलहरूप्रति उनको सकारात्मक धारणा रहन्थ्यो। अन्तिम निर्णय गर्ने शक्ति राजनीतिक दलमै छ भन्ने गर्थे उनी।

(नागरिकबाट)

## प्रेस विज्ञप्ति

२०७४ साल साउन १७ गते बिहान राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका संस्थापक अध्यक्ष बलदेव रामको असामयिक निधन भएको छ। यस घटनाले सिङ्गो भूमि अधिकार मञ्च, यसका सदस्य र शुभचिन्तकहरूलाई मर्माहत पारेको छ।

उहाँले पूर्वको सिनो बहिष्कार आन्दोलनको नेतृत्व गरेर सफल बनाउन भूमिका खेल्नुभएको थियो। राष्ट्रिय भूमि अधिकार मञ्चको दुई कार्यकाल अध्यक्षको जिम्मेवारी लिई भूमि अधिकार आन्दोलनलाई फैलाउन उहाँले गर्नुभएको योगदान अतुलनीय छ।

उहाँले हरेक भूमिहीन र दलितको आफ्नै बास उभ्याउने र खेती गर्ने किसानको जमिन होस् भन्ने उद्देश्य लिनुभएको थियो। यो उद्देश्य पूरा गर्न, उहाँले पहिल्याइदिनुभएको बाटो र उहाँका विचारहरूलाई मञ्चले आत्मसात गर्दै भूमि अधिकार आन्दोलनलाई निरन्तरता दिइरहनेछ। राष्ट्रिय भूमि अधिकार मञ्चको सिङ्गो परिवार यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्छौं

*राष्ट्रिय भूमि अधिकार मञ्च*

# निभ्यो मधुपट्टिको बत्ति

जिल्ला भूमि अधिकार मञ्च, सप्तरीको कामले शम्भुनाथ नगरपालिकाको जानुपर्ने थियो। चिया खाएर निस्कने उद्देश्यले कनकपुर बजारतिर निस्केको थिएँ। ६७ वर्षीय बलेदव रामलाई पुनः हर्टएट्याक भएको खबर पाएँ। हप्ता लामो उपचारपछि घर आएका उनको दुई दिनपछि भएको हर्टएट्याकले निधन भयो। स्थानीय र भूमि अभियानको जिम्मेवार कारिन्दाको भूमिका निर्वाह गर्नुपर्ने जिम्मेवारी मेरो काँधमा थियो। मैले यो खबर हाम्रो टिममा गरेँ। यसै दिन उपलब्ध साथीहरू र परिवार मिलेर सम्मानसाथ दाहसंस्कार गरियो। परिवर्तनका बाहक बलदेव रामको निधन भयो तर उनलाई विधिवत् सम्झनेको भीड नै देखियो। उनको घरदेखि देशभर र पत्रपत्रिकामा समेत।

विभिन्न जिल्लामा कार्यक्रम गरी १३ औँ दिनको पुण्य तिथिमा पनि बलदेव रामलाई सम्झिरहेका कुरा आयो। साँच्चै उनी सबैले सम्झनलायक काम गरेका थिए। दलित र भूमि अधिकार अभियानका अगुवा बलदेव रामको १३ औं दिनको पुण्य तिथिमा उनको गृह जिल्ला सप्तरीको सुरुङ्गा नपा-४ कनकपुरमा पनि स्मृति कार्यक्रम गरियो। जिल्ला भूमि अधिकार मञ्च, सिरहा, सप्तरी र उदयपुरको संयुक्त आयोजनामा साउन २९ गते श्रद्धाञ्जली सभा गरी उनको योगदानको सम्झना गरियो। उपस्थित अगुवाहरूले उनको फोटोमा फूल, माला र अबिर अर्पण गरे। उनको फोटोसामु उनको विचार अघि बढाउने कसम खाए। तमाम मानिसबीच राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य अरूण सदा पनि एक साक्षी थिए। कसम खानेमा उनी पनि अग्रपङ्क्तिमै रहे।

गोरु जोत्न हुने, गाई र भैँसीको दूध खान हुने तर त्यही गाई, गोरु मरेपछि फाल्न नहुने ? पुरानो विचारलाई मनमष्तिस्कबाट फाल्न पीडित/पीडक सबैलाई पक्षलाई अनुरोध गर्दै ५६ सालमा सिनो बहिष्कार आन्दोलनको अगुवाइ गरेका थिए बलदेवले। त्यतिबेला दलितहरू बहिष्कृत भए। जमिन्दारहरूले खेतको आलीसमेतमा जान दिएनन्। किराना पसलले उनीहरूलाई सामानसमेत बेचेनन्। त्यसको परबाह नगरी आफ्नो हकका लागि अभियानमा जुटिरहे बलदेव। त्यसपछि सिरहाको लहानमा सिनो नफाल्ने आन्दोलन भयो। आन्दोलनमा लाग्दा दलितहरूलाई माओवादी भनेर प्रशासनमा दुःख दिने काम पनि भयो। समातेर कारबाही गरेका दर्जनौँ उदाहरण हाम्रै सामु सर्वविदितै छन्।

> **लगातार ६ वर्ष राष्ट्रिय भूमि अधिकार मञ्चमा कुशल नेतृत्व दिए। लामो समय योगदान गरे। उनले राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको सामाजिक अभियानमा पनि योगदान पुऱ्याए।**

तर पनि त्यसको कुनै मतलव नगरी उनले लहानबाटै सिनो बहिष्कार आन्दोलनलाई राष्ट्रिय स्तरसम्म पुऱ्याए। २०६१ सालमा जल, जङ्गल र जमिनको अभियान सुरु भयो। उनी पनि अभियानमा लागे। मानिस चरा हो, आकासमा गुँड बनाएर बस्छन् ? भन्ने प्रश्न गर्ने बलदेव मानिसलाई बस्न र बाँच्न घर चाहिन्छ भन्दै हिँड्थे। त्यसैले घर बनाउन जमिन चाहिन्छ। मानिसको निम्ति हावा, पानी, जमिन नभई नुहने वस्तु हुन। जति आधुनिक जमाना आए पनि अन्न र खाद्यान्न मानवका लागि अतिआवश्यक चिज हुन भन्थे उनी। नेपाल एउटी आमा हुन भन्ने धारणा राख्ने बलदेव यसमा रहेका हरेक स्रोत यही कारण सबै वर्ग/समुदायका साझा हुनुपर्छ भन्ने मान्यता राख्थे। अनि सबै एकै परिवारका सदस्य भएकाले मिलीजुली बस्न आह्वानसमेत गर्थे। उनका विचारलाई देशव्यापी बनाउन लागे उनी। उनले लगातार ६ वर्ष राष्ट्रिय भूमि अधिकार मञ्चमा कुशल नेतृत्व दिए। लामो समय योगदान गरे। उनले राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको सामाजिक अभियानमा पनि योगदान पुऱ्याए।

२०५६ साल असारमा सप्तरीको कनकपुरबाट उठेको सिनो बहिष्कार आन्दोलनको सफलतापछि यहाँका दलितलाई सिनो फाल्नैपर्ने बाध्यता छैन। २०६१ सालमा उनी राष्ट्रिय भूमि अधिकार मञ्चको संस्थापक अध्यक्ष भएयता भूमि अधिकार अभियान राष्ट्रियमात्र हैन, अन्तर्राष्ट्रिय स्तरमै बिस्तार हुन सकेको छ। भूमि नीतिमा सकारात्मक परिवर्तन आएको छ। महिला पनि भूमिको मालिक हुने नीति आएको छ। खेती गर्ने व्यक्तिलाई भूमिहीन राखेर देशको अनुहार नफेरिने उनको विचार पछ्याउँदै पछिल्ला पुस्ताले अबको अभियानमा लागिरहनु बलदेव रामप्रतिको सच्चा श्रद्धाञ्जली हन्छ। देशभक्तिपूर्ण कर्म हुनेछ। ✿

**– शिवकुमार पासवान**
भूमि अभियन्ता,
जिल्ला भूमि अधिकार मञ्च, सप्तरी



नरीराम लोहार

# भूमि सुधार : चाहे स्थानीय सरकारले गर्न सक्छ

स्थानीय सरकारको अधिकार संविधानले नै किटेको भए पनि आवश्यक ऐन र नियमावली बनी नसकेकाले निर्वाचितहरूमा अलमल छ। भूकम्प प्रभावित क्षेत्रका जनप्रतिनिधिको प्राथमिकता पुनर्निर्माणमा देखिएको छ। निर्वाचित जनप्रतिनिधिद्वारा विभिन्न सञ्चार माध्यममा व्यक्त धारणाहरू केलाउँदा र केहीसँग कुराकानी गर्दा धेरैले आफ्नो प्राथामिकता सनातनी विकास बाटो, बिजुली जस्ता पूर्वाधारबाहेक भू-उपयोग, कृषि, सार्वजनिक शिक्षाको सुदृढीकरण, रोजगारी सिर्जना र जीविका सुदृढीकरणमा पनि देखियो। जुन निकै आशालाग्दो छ।

कर्मचारी र केही सीमित नेताको तजविजमा चलेको स्थानीय निकाय अब चुनिएका जनप्रतिनिधिको जिम्मेवारीमा पुगेको छ। यसबाट आममानिसमा ठूलो अपेक्षा देखिन्छ। यद्यपि खोजेको परिवर्तनका लागि निर्वाचित नेतृत्वको इमान्दारिता र क्रियाशीलतामात्र पर्याप्त हुँदैन। यसको सफलता समुदाय र स्थानीय सरकारबीच कस्तो सहकार्य हुन्छ ? भन्नेमा भर पर्छ। यसका अन्य पक्ष पनि नभएका होइनन्।

बाटोमा भेटिएका समस्या टिपेर वा कुनै लहडमा गर्ने तदर्थखालको प्रयासले खोजेको परिवर्तन सम्भव छैन। भौतिक विकासलाई मात्र जोड दिइयो भने पनि त्यसले समाजमा अन्याय र असमानता बढाएर लैजान्छ। तसर्थ स्थानीय सरकारको भूमिका संरचनागत विषयलाई पनि समेटेर लैजानेखालको हुनुपर्छ। यसतर्फ पनि निर्वाचित जनप्रतिनिधिले सकारात्मक सङ्केत गरेका छन्।

केही समयपहिले बिबिसी सेवाअन्तर्गतको साझा सवालले जनप्रतिनिधिसँग गरेको सवालजवाफमा २ वटा प्रश्न भूमिसम्बन्धी उठेका थिए। एउटा सिन्धुलीको थियो। जहाँ ऐलानी जग्गामा घरहरू थपिँदै गएको विषयमा गाउँपालिकाले के गर्छ भन्ने आशयको थियो। यसमा निर्वाचित प्रमुखले त्यसरी बस्नेहरूको लगत लिने र अवस्थाअनुसार अन्यत्र जग्गा भएका र नभएकालाई वर्गीकरण गरेरमात्र के गर्ने भन्ने निर्णय लिइने जवाफ दिइयो। अर्को कावासोती नपामा सुकुमबासी धेरै भएकामा कसरी व्यवस्थापन गर्नुहुन्छ ? भन्ने प्रश्नमा मेयरले उनीहरूको लगत लिई ५ वर्षभित्रमा व्यवस्थित गर्ने जवाफ आएको थियो। रामेछापका एक गाउँपालिका प्रमुखले त आफ्नो पहिलो महिनाको तलव नै सुकुमबासी व्यवस्थापनमा खर्च गर्ने घोषणा गर्नुभयो। कैयौँ गाउँपालिका र नगरपालिकाले खेतीयोग्य जमिन संरक्षण गर्ने र जमिन बाँझो रहन नदिने पहिलो बैठकबाट नै निर्णय गराएको छ।

यसबीचमा जनप्रतिनिधिलाई धुलिखेलमा आयोजित प्रशिक्षणमा भने फरक दृश्य देखियो। स्थानीय विकास सचिव दिनेश थपलियाले थुप्रै जटिल विषयमा हात नहाल्न जनप्रतिनिधिलाई 'सल्लाह' दिनुभयो। जसमध्ये सुकुमबासीको समस्या पनि उहाँको सल्लाहको सूचीमा थियो। सबभन्दा कमजोर सुकुमबासीहरूका सम्बन्धमा स्थानीय सरकारले केही गर्न नहुने किन हो बुझ्न सकिएन।

### संविधानमा के/कस्तो अधिकार छ ?

भू-उपयोग नीति र बस्ती विकास नीति सङ्घको अधिकार सूचीअन्तर्गत राखिएको छ। प्रदेशको अधिकार सूचीअन्तर्गत घर जग्गा रजिस्ट्रेसन शुल्क, कृषि आयमा कर, भूमि व्यवस्थापन, जग्गाको अभिलेख र गुठी व्यवस्थापन छ। सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना, भूमि नीति र सोसम्बन्धी कानुन उल्लेख छ। स्थानीय तहको अधिकारको सूचीमा स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, मालपोत सङ्कलन र घरजग्गा धनी पुर्जा वितरण छ। त्यस्तै सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा सुकुमबासी व्यवस्थापन उल्लेख छ।

### स्थानीय तहको सेवा सञ्चालन तथा ब्यवस्थापनसम्बन्धी आदेश, २०७४ मा के कस्तो व्यवस्था छ ?

गाउँपालिकाको अध्यक्ष वा नगरपालिका प्रमुखको काम, कर्तव्य र अधिकार :

११. गाउँपालिका वा नगरपालिकाको भू-उपयोग नीति, गुरुयोजना वा कानुनले तोकेबमोजिम गाउँपालिका वा नगरपालिकाको पूर्वस्वीकृति नलिई कुनै व्यक्ति, संस्था वा कम्पनीले जग्गा प्लटिङ वा प्लानिङ गरेको पाइएमा तत्काल कारबाही गर्ने।

२२. गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेको अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने।

२३. सरकारी वा सार्वजनिक, ऐलानी र पर्ति जमिनमा भएको अतिक्रमण हटाउने र त्यस्ता जमिनको संरक्षण गर्ने।

३२. गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतको दिगो संरक्षण र उपयोग गर्ने।

### अनुसूची ३

गाउँपालिका वा नगरपालिकाको काम, कर्तव्य र अधिकार

### १४. जग्गाधनी प्रमाण पुर्जा वितरण

१. प्रदेशिक कानुन तथा मापदण्डबमोजिम स्थानीय जग्गाको कित्ताकाट र भूमि लगत

(नक्सा, स्रेस्ता) निर्माण र संरक्षण ।

२. जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण तथा लगत व्यवस्थापन ।

३. भूमिको वर्गीकरणअनुसारको लगत ।

४. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण ।

५. भूमि प्रशासनसम्बन्धी अन्य कार्य ।

## २१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

४. जग्गा उकास, उपयोग तथा व्यवस्थापन ।

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जुन मन्त्रिपरिषद्ले संसद्मा पठाएको छ, सो विधेयकमा निम्न व्यवस्था गरिएको छ :

सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, मालपोत सङ्कलन गर्ने ।

स्थानीयस्तरको प्राकृतिक स्रोतको उपयोगसम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा स्रोतको उपयोगसम्बन्धी सङ्घ र प्रदेशको मापदण्डको पालना गर्ने ।

जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण शीर्षकअन्तर्गत स्थानीय जग्गाको नाप नक्शा, कित्ताकाट, हालसाविक, रजिस्ट्रेसन नामसारी तथा दाखिला खारेज, जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण तथा लगत व्यवस्थापन ।

भूमिको वर्गीकरणअनुसारको लगत, सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण, जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरणसम्बन्धी अन्य काम ।

### भूमि व्यवस्थापन

सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोय नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन ।

सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन, एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन ।

स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

सुकुमबासी व्यवस्थापन ।

सुकुमबासीको पहिचान र अभिलेख व्यवस्थापन ।

सुकुमबासीसम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

### के गर्नुपर्छ ?

स्थानीय तहको उल्लिखित अधिकारहरू हेर्दा चाहेमा स्थानीय सरकारले सुकुमबासी समस्या समाधान, व्यवस्थित बसोबास, व्यवस्थित भू-उपयोग र भूमि सुधारका सम्बन्धमा प्रशस्त काम गर्न सक्छ । आधारभूत सर्भेको समयमा भूमि र कृषिको मसिनो परिवेश सूचनाहरू जम्मा गर्ने कार्यबाट यसको थालनी हुनसक्छ । कुनै पनि बस्तीहरू बिनाविकल्प र पुनः समस्या दोहोरिने गरी नगर्ने सङ्कल्प स्थानीय सरकारले गर्नुपर्छ । स्थानीय तहको भनेर नकिटेका तर सङ्घीय तथा प्रदेशको कानुनसँग नबाझिने हदसम्मका सबै काम, जस्तो- भूमिमा महिलाको स्वामित्व बढाउन थालिएको संयुक्त पुर्जा आदि कार्यलाई अभियानकै रूपमा अगाडि लान समस्या छैन । भूमि सुधारको कार्य भनेको भएका प्राकृतिक स्रोतको दिगो उपयोग गरी आफ्नो गाउँ, समुदाय र क्षेत्रलाई समृद्धितर्फ लैजाने आधारभूत काम हो ।

**सङ्घ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको बाँडफाँट र विस्तृतीकरण**

## सङ्को अधिकार तथा कार्य विस्तृतीकरण (अनुसूची - ५)

सङ्घको समष्टिगत कार्य विस्तृतीकरणको सूची

### २९ भू-उपयोग नीति र बस्ती विकास

२९.१ भूउपयोग नीति

२९.१.१ भूउपयोगसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना र नियमन

२९.१.२ भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्शाङ्कन

२९.२ बस्ती विकास नीति

२९.२.१ बस्ती विकास, सहरी विकास, आवास एवम् भवन र भूउपयोगसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन

२९.२.२ अव्यवस्थित बसोबाससम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन

२९.२.३ राष्ट्रियस्तर तथा राष्ट्रिय महत्वका आवास तथा भवन निर्माण तथा मर्मत संभार

२९.२.४ राष्ट्रिय भवन संहिता तर्जुमा, कार्यान्वयन र नियमन

२९.२.५ राष्ट्रिय महत्वका अन्तरप्रादेशिक सहर र अन्तर्राष्ट्रिय सिमानामा अवस्थित सहरको पहिचान र प्रवर्द्धन

२९.२.६ सहरी क्षेत्रका यातायात पूर्वाधारसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन

२९.२.७ राष्ट्रिय महत्वका आयोजनाबाट विस्थापितका लागि पुनर्बाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन

२९.२.८ प्रदेशस्तरका संयुक्त र बहुतले सरकारी आवाससम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा र नियमन

२९.२.९ लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवास व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र नियमन

## सङ्घ र प्रदेशको साझा अधिकारको सूचीको विस्तृतीकरण (अनुसूची ७)

६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना

६.१ सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जनासम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, तथा नियमन

६.२ राष्ट्रिय स्तर र केन्द्र स्तरका परियोजनाका लागि जग्गा प्राप्ति र अधिग्रहण

### २४ भूमि नीति र सोसम्बन्धी कानुन

२४.१ भूमि नीति र सोसम्बन्धी कानुन

२४.१.१ भूमि नीति र सोसम्बन्धी राष्ट्रिय कानुन, मापदण्ड र नियमन

२४.१.२ निजी, सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन

२४.१.३ जग्गा प्राप्तिसम्बन्धी राष्ट्रिय कानुन, मापदण्ड र नियमन

२४.१.४ सङ्घको प्रयोजनका लागि जग्गा

प्राप्ति, मुआब्जा निर्धारण एवम् वितरणमा समन्वय र सहजीकरण

२४.१.५ भूमिसम्बन्धी अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र सहकार्य

२४.१.६ राष्ट्रिय भूसूचना प्रणाली

२४.१.७ भूमिहीन दलित, भूमिहीन, मुक्त कमैया, हलिया, हरूवा, चरुवाको पुनर्स्थापनासम्बन्धी नीति र मापदण्ड

२४.१.८ जग्गाको हक हस्तान्तरणसम्बन्धी मापदण्ड निर्धारण

२४.२ भूनाप नक्सा

२४.२.१ नाप नक्साको आधारभूत नियन्त्रण विन्दु र सञ्जालसम्बन्धी

२४.२.२ जियोडेटिक र स्थलरूप नाप नक्सासम्बन्धी

२४.२.३ भौगोलिक सूचना पूर्वाधार

२४.२.४ केन्द्रीय भूसूचना अभिलेख प्रणाली

२४.२.५ प्रदेश र स्थानीय तहको सीमाको नाप नक्सा र अभिलेख

२४.२.६ अन्तर्राष्ट्रिय सीमा र सीमास्तम्भ निर्माण, पुनर्स्थापना तथा सम्भार

## सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीको विस्तृतीकरण (अनुसूची ९)

सुकुमबासी व्यवस्थापन

१३.१ सुकुमबासी व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन

४.२ प्रदेशको अधिकार तथा कार्य विस्तृतीकरण

### १६ भूमि व्यवस्थापन, जग्गाको अभिलेख

१६.१ भूमि तथा भूउपयोगसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन

१६.२ भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँचसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन

१६.३ निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन

१६.४ जग्गादर्ता, रजिस्ट्रेसन, दाखिल खारेज, स्वामित्व हस्तान्तरणसम्बन्धी नीति र मापदण्ड निर्धारण

१६.५ सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख व्यवस्थापन

१६.६ नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना

१६.७ प्रदेशभित्रको नाप नक्सा र अभिलेख

१६.८ क्रमबद्ध कित्ता नापी र भूमि लगतसम्बन्धी मापदण्ड र कार्यान्वयन

१६.९ भूउपयोग, भूमि सुधार र चक्लाबन्दीसम्बन्धी

१६.१० भूमिहीन दलित, भूमिहीन, मुक्त कमैया, हलिया, हरूवा-चरुवा आदि वर्गको पुनःस्र्थापनासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

१६.११ उपयोग नभएको वा कम उपयोग भएका जग्गा भाडामा दिनेसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

१६.१२ विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका एवम् वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गासम्बन्धी लगत

१६.१३ सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवम् वितरणमा समन्वय र सहजीकरण

१६.१४ जग्गा विवाद समाधान

१५.१५ जग्गाधनी प्रमाण पुर्जा वितरणसम्बन्धी मापदण्ड निर्धारण

१६.१६ भूमिको दोहोरो स्वामित्व अन्त्य गर्ने नीतिको कार्यान्वयन

१६.१७ सुरक्षित बसोबास र जग्गा एकीकरणसम्बन्धी नीति कार्यान्वयन

### गुठी व्यवस्थापन

२१.१ गुठी जग्गा व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

२१.२ सार्वजनिक गुठीअन्तर्गत रहेका जग्गा जमिन र सम्पत्तिको संरक्षण र अभिलेख व्यवस्थापन

२१.३ गुठी जग्गा र गुठी व्यवस्थापनका सन्दर्भमा सङ्घीय सरकार, प्रदेश र स्थानीय तहसँग सहयोग एवम् समन्वय

२१.४ परम्परागतरूपमा गुठीअन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन

## स्थानीय तहको एकल अधिकारको (अनुसूची ८) विस्तृतीकरण

### १४ घर जग्गा धनी पुर्जा वितरण

१४.१ प्रादेशिक मापदण्डबमोजिम स्थानीय घर जग्गा धनी पुर्जा वितरण लगत व्यवस्थापन

१४.२ भूमिको वर्गीकरणअनुसारको लगत

१४.३ स्थानीय जग्गाको कित्ताकाँट र भूमि लगत (नक्सा, स्रेस्ता) निर्माण र संरक्षण

१४.४ सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवम् वितरणमा समन्वय र सहजीकरण

१४.५ जग्गा विवाद समाधान

१४.६ विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका एवम् वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गासम्बन्धी लगत

## संविधानको अनुसूची (९) मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण

### १३ सुकुमबासी व्यवस्थापन

१३.१ सङ्घीय र प्रदेश कानुनबमोजिम स्थानीय तहमा सुकुमबासी पहिचान र अभिलेख व्यवस्था

१३.२ स्थानीयस्तरमा सुकुमबासीसम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्था ।



# स्थानीय तहमा कृषि

डा. हिराकाजी महर्जन

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई सबैजसो अधिकार र जिम्मेवारी दिएको छ । स्थानीय तहको निर्वाचन (केहीमा हुन बाँकी) भएकाले सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने राजनीतिक नाराले मूर्त रूप दिने अवस्था आएको छ । गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकाको अवस्था तथा त्यसको परिपूर्ति गर्ने मुख्य जिम्मेवारी तिनै तहलाई आउनेछ । त्यसैसँग जोडिएको योजना र पूर्वाधार निर्माणलगायतका विकास कार्य पनि स्थानीय सरकारको जिम्माको कुरा हो । यसमा केन्द्र र प्रदेश सरकारले सघाउने हो । पहिलेभैँ केन्द्रीकृत वा सिंहदरबारलाई मात्र दोष दिएर वा पन्छाएर उम्कन अब मिल्दैन ।

कृषि क्षेत्रको कुरा गर्दा स्थानीय तहलाई कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन पशु स्वास्थ्य र कृषि प्रसार व्यवस्थापनसमेत अधिकार छ । त्यस्तै कृषिसँग जोडिएको वातावरण संक्षण र जैविक विविधता, कृषि सडक, सिँचाइ, सहकारी र स्थानीय तथ्याङ्क तथा अभिलेखन सङ्कलनलगायतको अधिकार छ । तीमध्ये संविधानको अनुसूचीमा स्पष्ट उल्लेख भएको कृषिको प्रचार-प्रसार नै हो । यो जिम्मेवारीको उपादेयता के हो ? मात्र अहिलेको केन्द्रीय संरचनाअन्तर्गत जिल्लाको कृषि विकास कार्यालयले प्रचार-प्रसारको काम स्थानीय तहअन्तर्गत रहेर गर्ने भन्नेमात्र हो । यसले के फरक पर्ला ? एउटा मुख्य फरक भनेको उत्तम सेवाको पहुँच प्रत्येक स्थानीय तहको भूगोलभित्र पनि पुग्ने भयो अहिलेभैँ सीमित जनशक्ति र अन्य कारण पायक पर्ने र सम्बन्धित कार्यालयहरूको तजविजीमा कार्यक्रम निर्धारण नहुने भयो ।

अर्को शब्दमा कृषि कार्यक्रम पहिलेको भन्दा फैलिने भयो । त्यसका लागि

> **कृषि क्षेत्रको कुरा गर्दा स्थानीय तहलाई कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन पशु स्वास्थ्य र कृषि प्रसार व्यवस्थापनसमेत अधिकार छ । त्यस्तै कृषिसँग जोडिएको वातावरण संक्षण र जैविक विविधता, कृषि सडक, सिँचाइ, सहकारी र स्थानीय तथ्याङ्क तथा अभिलेखन सङ्कलनलगायतको अधिकार छ ।**

जनशक्तिको सरुवा पनि बढाउनुपर्ने हुन्छ र बढुवा पनि । त्यतिबेला मात्र कृषिमा रूपान्तरण होला त ? कृषि क्षेत्रमा अहिलेको एउटा समस्या भनेको कुनाकाप्चामा रहेको र निर्वाहमुखी साना कृषकको घरघरमा कृषि कार्यक्रम नपुग्नु हो । अर्को समस्या हो मुलुकको आवश्यकता के हो ? त्यसको पहिचान नहुनु र पहिचान भएको विषयमा पनि त्यस किसिमको कार्यक्रम नआउनु हो । चालु आर्थिक वर्षको ९ महिनामा मात्र सवा खर्च रुपियाँ बराबरको कृषिजन्य वस्तु आयात भएको छ । जुन गत आ.व.को त्यही अवधिको तुलनामा २० प्रतिशतले बढी छ । मुख्य कुरा हामीसँग भरपर्दो तथ्याङ्क छैन । कुन खाद्य वस्तु कति चाहिने हो र कति उपलब्ध छ भन्ने । जति उपलब्ध छ त्यसको वितरण पनि आवश्यकताअनुसार हुन सकेको छैन । आयात विस्थापन गर्ने रणनीति मुलुकले अपनाउन सकेको छैन ।

त्यसैले अब पहिले जिल्लास्तरमा सञ्चालन भइरहेको कृषिका प्रचार-प्रसार कार्यक्रम स्थानीय तहलाई हस्तान्तरण वा जिम्मेवारी सारेरमात्र पुग्दैन र स्थानीय तहले पनि त्यत्तिमै आफ्नो कार्यक्रम सीमित राखेर पुग्दैन । यो अर्थमा गाउँपालिकादेखि महानगरपालिकासम्मले आआफ्नो क्षेत्रमा के/कति कृषि उत्पादन भइरहको छ आफूलाई चाहिने कति हो, बढी कति हुन्छ वा नपुग कति छ त्यसको लेखाजोखा गर्नुपर्‍यो । त्यो सँगसँगै कति जग्गा आवादी छ, त्यसमा के के लगाउने गरेको छ, कति जग्गा बाँझो छ, कति जग्गामा सिँचाइ पुगेको छ, कति अवधिमा लगाउन सकिन्छ, पशुपन्छी पालन र माछा पोखरीको सङ्ख्या अनि क्षेत्रफल कति छ आदिको यथार्थ तथ्याङ्क सङ्कलन गर्नुपर्‍यो । आफ्नो क्षेत्रमा उत्पादित वस्तु अन्यत्र कहाँसम्म पुग्ने गरेको छ र अन्यबाट आफ्नो क्षेत्रमा के कति भित्रिरहेको छ, त्यसको मोटामोटी लेखाजोखा हुनुपर्‍यो । साथै नयाँ बाली तथा वस्तुभाउको सम्भाव्यता के छ त्यसको अध्ययन हुनुपर्‍यो । हुन त अहिले पनि यसबारे तथ्थाङ्क नभएका होइनन् । अहिले उपलब्ध मोटामोटी अनुमानका आधारमा छन् । जसलाई लिएर समय-समयमा विवाद पनि हुने गरेको छ ।

अब यी तथ्याङ्क सङ्कलन वडास्तरमा

हुनुपर्छ । यिनै तथ्याङ्क कृषि क्षेत्रको राष्ट्रिय तथ्याङ्कको स्रोत बन्नुपर्छ । अहिले त कृषिको आआफ्नो तथ्याङ्क छ । आआफ्ना क्षेत्रको आवश्यकता र सम्भाव्यता एकीन भएपछि सोहीमुताविक केन्द्र र प्रदेशअन्तर्गतका कृषि तहबाट प्रतिनिधिलगायत आवश्यक सामग्री लिएर किसानकहाँ पुग्ने हो । यसका लागि प्रत्येक स्थानीय तहसँग बजेट र कृषि विज्ञ तथा प्राविधिकको टोली हुनुपर्छ भने केन्द्र र प्रदेश सरकारसँग तिनको समस्या सामधान र माग पूरा गर्न सक्ने बलियो संयन्त्र हुनुपर्छ । केन्द्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्यासँग समन्वय र सहकार्य गर्न कृषि विभाग र प्रविधि विकास गर्न कृषि अनुसन्धान विभाग (हाल कृषि अनुसन्धान परिषद्) चाहिन्छ । यिनको मुख्य काम प्रत्येक सरकारमार्फत स्थानीय तहलाई चाहिने सामग्री उपलब्ध गराउने हो । त्यस्तै प्रदेशस्तरका कृषकहरूको काम मातहत स्थानीय तहबीच समन्वय तथा तिनलाई आवश्यक सहयोग गर्ने/गराउने अनि केन्द्रस्तरका तहसँग समन्वय र सहकार्य गर्ने हो ।

यस परिप्रेक्ष्यमा प्रमुख ३ वटा काम गर्न सकिन्छ । पहिलो उत्पादन हो । यसअन्तर्गत आफ्नो क्षेत्रको आवश्यकता हेरी र ठाउँविशेषमा मात्र उत्पादन हुने तथा तुलनात्मक लाभका बाली उत्पादन गर्न गराउनमा प्रोत्साहित गर्नुपर्छ । त्यसका लागि किसानलाई आवश्यक सहयोग र सहुलियत हुनुपर्छ । खेतीयोग्य जमिन बाँझो राख्न नपाउने व्यवस्था गर्नुपर्छ । विभिन्न कारणले खेती गर्न नसकेका जग्गा करारमा दिन र लिन सरल व्यावहारिक व्यवस्था गर्नुपर्छ । त्यसमा स्थानीय तह आफैँले पनि जग्गा करारमा लिएर कृषिजन्य उत्पादनलगायत कार्यमा बेरोजगार युवालाई प्रोत्साहित गर्न सक्छ । दोस्रो उत्पादन भएपछि बिक्रीका लागि कृषि बजारको आवश्यकता हो । व्यवस्थित बजारको अभावमा उत्पादक र उपभोक्ता दुवै मारमा छन् । अब प्रत्येक स्थानीय गाउँ वा नगरपालिकामा एउटा मध्यमदेखि ठूलोस्तरको थोक बजार र सोहीअनुरूप प्रत्येक वडामा एउटा सानो स्तरको थोक बजार हुनुपर्छ । यसमा उत्पादक किसानको सिधै पहुँच हुनुपर्छ । यसले गाउँपालिकादेखि महानगरापालिकासम्मले आफ्नो क्षेत्रमा के/कति कृषि उत्पादन भइरहेको छ भन्ने जानकारी राख्नुपर्छ ।


आफूलाई चाहिने कति हो, बढी कति हुन्छ वा नपुग कति छ, त्यसको लेखाजोखा गर्नुपर्छ । मूल्य निर्धारण र नियन्त्रणका साथै उपभोक्तालाई सुविधा दिनुपर्छ । त्यसका अतिरिक्त प्रत्येक वडामा साताको एकपटक हाट बजार लगाउन सकिन्छ । यो तराई र केही जिल्लामा प्रचलनमा पनि छ । अमेरिकामा अहिले कृषि बजार लोकप्रिय हुँदै आएको छ । जुन हाम्रो हाट बजार जस्तै हो । यो खासगरी साना र थोरै उब्जनी गर्ने किसानका लागि उपयुक्त भएको पाइएको छ । तेस्रो तर मुख्य कुरा कृषियोग्य जग्गा पहिचान गरी त्यसलाई कृषि प्रयोजनका लागि सुरक्षित राख्ने व्यवस्था गर्नु हो । कृषि क्षेत्रका लागि प्रत्येक स्थानीय तहका लागि यो नै पहिलो प्राथमिकता हुनुपर्छ । सङ्घीयताको कार्यान्वयनसँगै तीव्र गतिमा हुने सहरीकरणले खेतीयोग्य जग्गा घट्दै जान्छ । त्यसैले राज्य प्रदेश र स्थानीयस्तरमा कृषि भूमिको संरक्षण गर्ने । कानुन, नियमावली र सोअनुसारको नीति बन्नुपर्छ । त्यसैले कृषि भूमिलाई गैरकृषि प्रयोजनमा रोक लगाउँछ ।

**अब प्रत्येक स्थानीय गाउँ वा नगरपालिकामा एउटा मध्यमदेखि ठूलोस्तरको थोक बजार र सोहीअनुरूप प्रत्येक वडामा एउटा सानो स्तरको थोक बजार हुनुपर्छ । यसमा उत्पादक किसानको सिधै पहुँच हुनुपर्छ ।**

तोकिएका कृषि भूमिमा घरलगायतका निर्माण कार्यका लागि नक्सा पास गर्नुहुँदैन । यसको नियमन गर्ने स्थानीय तह नै भएकाले यसको कार्यान्वयनमा समस्या आउँदैन । यी कुरा उठाइरहँदा नागरिकको आफ्नो सम्पत्तिको उपभोग अधिकारको पनि कुरा आउँछ । यसलाई कसरी सम्बोधन गर्ने ? पहिलो कानुनले कृषि भूमि भनेर तोकेपछि त्यसमा व्यक्तिको अधिकारभन्दा कानुन पालनाको कुरा आउँछ । दोस्रो व्यक्तिको सम्पत्ति खोसिएको होइन, त्यसको प्रयोजनमा सुनिश्चितता दिइएकोमात्र हो । यसले अशबन्डालगायतका कारण हुने गरेको बढ्दो भूखण्डीकरण पनि रोक्छ । यसका लागि रोकमात्र लगाएर हुँदैन । कृषिका लागि संरक्षित भूमिमा स्थानीय तहले जग्गा धनीलाई विशेष सुविधा प्रदान गर्नुपर्छ । त्यसमा धेरै कुरा पर्लान्, भूमि करमा छुटदेखि लिएर कृषि सामग्री र उपजमा अनुदान/सहुलियत आदि ।

त्यसो त कृषि भूमि सुरक्षा, पहिचान र सुविधाको साथै स्वामित्व र हस्तान्तरण गर्दा राजस्व रजिस्ट्रेसन शुल्कमा सहुलियत दिन सकिन्छ । अन्त्यमा प्रत्येक गाउँ वा नगरपालिका वा वडा निवासी कृषिविज्ञहरू खासगरी सेवानिवृत्त वा बहालवाला पनि हुन सक्छन्, सातामा एकपटक अनौपचारिक जमघट गराउन सकिन्छ । जमघटमा किसानले आआफ्नो समस्या ल्यउन सक्छन् । र, सल्लाह सुझाव दिन र पाउन सक्छन् । तिनले सल्लाहकारका रूपमा निःशुल्क सेवा परामर्श दिन सक्छन् । आफ्नो बासस्थान हो । आफूले जाने/बुझेका कुरा बाँड्न सबै इच्छुक हुन्छन् । सम्बन्धित तहले थलो र वातावरण मिलाइदिने हो । नामै स्थानीय सरकार हो । स्थानीय जनताका लागि स्थानीय साधन स्रोत र जनशक्ति नै प्राथमिकतामा पर्नुपर्छ । ✿

(नागरिकबाट)



शुभराज चौधरी

# मोही अभियान : सवल पक्ष, सिकाइ र चुनौती

सरकाले भूमिसम्बन्धी ऐन २०२१ छैटौँ संशोधन गरी मोही जग्गा बाँडफाँटको प्रक्रिया अघि बढाएपछि मोहीहरूले आफ्नो हक लिन सक्ने बाटो खोलेको छ। २०७३ भदौ ६ गते नेपाल राजपत्रमा सूचना प्रकाशन भएपछि मोही हक लिन चाहने किसानहरूलाई बाटो खुला भएको हो। सरकारले यसको अवधि एक वर्ष तोकिदिएको छ। यस अवधिमा किसानले भूमि सुधार कार्यालय वा मालपोत कार्यालयमा गई निवेदन पेश गर्नुपर्ने हुन्छ र विभिन्न जिल्लामा निवेदन दर्ताको प्रक्रिया पनि निरन्तर अघि बढिरहेको छ। निवेदन पेश गरिएपछि अर्को एक वर्षभित्र मोही जग्गा मोही बाँडफाँट गरिने भनिएको छ। यस्तो निर्णयले मोही किसानलाई वर्षौँदेखिको आफ्नो मोही हक सुरक्षित गर्ने बाटो खोलिदिएको छ। यो निर्णयले मोही किसान र जग्गाधनीबीचको विवाद र मोही किसानलाई जग्गाधनीले गर्दै आएको अन्याय पनि अन्त्य हुने विश्वास लिइएको छ।

यस कार्यमा जिल्ला भूमि अधिकार मञ्च भएका जिल्लामा मोही किसानलाई सम्बन्धित जिल्लाको भूमि सुधार कार्यालय तथा मालपोत कार्यालयमा गई निवेदन पेश गर्नका लागि सहजीकरण गरिरहेका छन्। किसानहरूलाई आवश्यक प्रमाणहरू सङ्कलन गर्न, सिफारिसपत्रहरू बनाउनलगायतको काममा सहजीकरण गरिएको छ। तथापि यसमा देखिएका व्यावहारिक कठिनाइले गर्दा किसानको सपना र सरकारको योजना पूरा हुनमा बाधा पनि देखिएको छ।

दाङमा ६ हजार ८ सय ११, बाँकेमा ४ हजार ९ सय ९१ र बर्दियामा ३ सय २ सय ६० मोही किसान रहेको तथ्याङ्क छ। यस अवधिमा दाङमा ४ सय २९ बाँडफाँट र ३ सय ४१ नामसारी, बाँकेमा १ सय ६४

मोहीले भोग्दै आएको पीडालाई बाहिर ल्याउन पत्रकार र मोहीबीच छलफल गराउने कार्य भएको छ। र, सञ्चार माध्यमले पनि मोहीका समस्या उजागर गरेर सहयोग गर्दै आएका छन्।

बाँडफाँट र ८ सय ५५ नामसारी र बर्दियामा ४ सय २७ बाँडफाँट र २ सय ९८ वटा नामसारीको निवेदन दर्ता भएका छन्।

अभियानको सवल पक्ष

सरकारले मोही जग्गा बाँडफाँटका लागि सूचना प्रकाशित गरेपछि जिल्ला भूमि अधिकार मञ्चले भूमि सुधार कार्यालयबाट मोहीहरूको विवरण लिएको छ। र, सोही विवरणका आधारमा समुदायमा मोहीहरूलाई मोहियानी हकबारे सचेत गर्ने र सङ्गठित गर्ने कार्य गरिरहेको छ। राजपत्रमा प्रकाशित भएको सूचना गाउँका मोहीसम्म पुग्दैन। साथै सूचना पुगिहाले पनि मोहीहरूले मोहियानी हक दाबी सजिलै गर्न सक्ने वातावरण छैन। त्यसैले मोही जग्गा बाँडफाँटका लागि भूमि सुधार कार्यालयमा निवेदन पेश गर्न भूमि सुधार कार्यालय र जिल्ला भूमि अधिकार मञ्चले संयुक्तरूपमा पत्रिकाहरूमा सूचना प्रकाशन गर्ने र एफएम रेडियोबाट पनि सूचना प्रशारण गरिरहेका छन्। यस कार्यले गाउँगाउँमा बस्ने मोही किसानलाई जानकारी गराउनका लागि मद्दत पुगेको छ।

मोहीले निवेदन पेश गर्ने कार्यलाई सहज बनाउन भूमि सुधार, मालपोत, नापी कार्यालयका प्रमुखसँग छलफल तथा अन्तरक्रिया पनि गर्दै आइरहेको छ। यसको साथै मोहीले भोग्दै आएको पीडालाई बाहिर ल्याउन पत्रकार र मोहीबीच छलफल गराउने कार्य भएको छ। र, सञ्चार माध्यमले पनि मोहीका समस्या उजागर गरेर सहयोग गर्दै आएका छन्। मोहीलगायत भूमि अधिकारबाट वञ्चितहरूलाई भूमि अधिकारबारे सचेत गर्नका लागि बर्दियामा २०७३ चैत ३ देखि ९ सम्म, बाँकेमा चैत १३ देखि १९ सम्म र दाङमा चैत २४ देखि ३० सम्म जागरण यात्रा गरियो। जागरण यात्राको क्रममा समुदायमा नै गएर मोहियानी हक, व्यवस्थित बसोबासको कार्यदिशलगायत विषयमा जानकारी दिने र भोग्दै आएको समस्या समाधानबारे छलफल गरियो। यसले मोही र भूमि अधिकारबाट वञ्चितलाई मोहियानी हक दाबी गर्ने प्रक्रिया र बसोबास आयोगको टिओआरसम्बन्धी जानकारी भएको छ। मोही किसानलाई आफ्नो हक सुरक्षित गर्नका लागि समयमै निवेदन पेश गर्न उत्प्रेरित गर्न पनि मद्दत पुगेको छ।

## सिकाइ

सरकारले २०७४ भदौ ६ गते मोही जग्गा बाँडफाँटका लागि सूचना प्रकाशन गरेपछि जिल्ला भूमि अधिकार मञ्चले भूमि सुधार कार्यालयबाट मोहीहरूको विवरण लिएर समुदायमा मोहीसँग भेटेर छलफल गऱ्यो। मोही जग्गा बाँडफाँटका लागि निवेदन पेश गर्न भूमि सुधार कार्यालय र

जिल्ला भूमि अधिकार मञ्चको सयुक्तरूपमा पत्रिकाबाट सूचना प्रकाशन र एफएमबाट प्रशारण गर्दा प्रभावकारी भयो । यात्राका क्रममा समुदायका मोही भेला गरी मोहीसँग भएका कागजात हेर्ने र निवेदन पेश गर्ने प्रक्रिया अभिमुखीकरण गर्दा बढी प्रभावकारी भयो । समुदायमा कानुन व्यवसायीबाट नै मोहीलाई मोहियानी हकसम्बन्धी कानुनी व्यवस्था, आवश्यक कागजात र प्रक्रियाबारे कानुनी परामर्श दिँदा प्रभावकारी हुने र मोहीहरू निवेदन पेश गर्नका लागि उत्साहित भएका छन् ।

### चुनौती

मोहीले जग्गा बाँडफाँटका लागि भूमि सुधार कार्यालयमा निवेदन दिने कार्य सहज भइरहेको छैन । भूमि सुधार कार्यालयमा निवेदन पेश गर्नका लागि मोही किसानले आवश्यक प्रमाण जुटाउनुपर्ने हुन्छ । जस्तै नापी शाखा कार्यालयबाट फिल्ड उतार, मालपोत कार्यालयबाट मोठ भिडाउने र जग्गा धनीको नाम, थर र ठेगाना पत्ता लगाउनुपर्ने हुन्छ । तर ती कार्यालयबाट कर्मचारी अभाव, समय नभएको जस्ता कुरा गर्दै अल्झाइँदा मोहीलाई प्रमाण जुटाउन नै महिनौँ लाग्ने अवस्था छ । अझ कर्मचारीले काम गरेबापत केही माग्ने वा लिन खोज्ने प्रवृत्ति कायमै छ । यसले गर्दा पनि समयमा यो कार्य गर्नका लागि चुनौती पनि देखिएको छ । साविक जग्गाधनीले साविक कित्तालाई धेरै कित्ताकाट गरी बिक्री गरिसकेकाले हाल जग्गाधनीहरू धेरै भइसकेका छन् । यसरी धेरै कित्ताबाट धेरै जग्गा धनीसँग एक जना मोहीले मुद्दा लड्नुपर्ने अवस्था रहेकाले खर्च पनि धेरै हुने र जग्गाधनीले मोहीलाई धम्काउने गरेका छन् । मोही एक्लै हुने हुँदा यसले मानसिकरूपमा कमजोर हुने अवस्था सिर्जना गरेको छ ।

बुबाको नाममा रहेको मोहियानी हक निजको छोराहरूले पनि अंश लाग्ने व्यवस्था छ । तर दाइ वा भाइको नाममा रहेको मोहियानी हक छुट्टी भिन्न भएकामा निजका दाजु वा भाइहरूमा भने अंश नलाग्ने व्यवस्था छ । हाल मोहीको परिवार अंशबन्डा गरी छुट्टी भिन्न भइसकेका अवस्थामा मोही भएको अंशियारले जग्गा बाँडफाँटका लागि भूमि सुधार कार्यालयमा निवेदन दिँदा अन्य अंशियारले विरोध गर्ने र विवाद मच्चाउने कार्य पनि भइरहेको छ । यसको फाइदा जग्गाधनीले लिँदै भाइ-भाइबीच झगडा मच्चाइदिने पनि गरेका छन् । केही मोहीलाई मोहियानी हकबारे कानुनी जानकारी नभएका कारण भूमि सुधार कार्यालयमा निवेदन दिन छुटिरहेका छन् ।

मोही जग्गा बाँडफाँटका लागि पेश गरिएको निवेदन छिनोफानो पनि भइरहेको छ । जग्गाधनीले भूमि सुधार कार्यालयका कर्मचारीलाई प्रभाव पारी मिलापत्रको प्रक्रियालाई प्राथमिकता दिन थालेका छन् । र मिलापत्रको नाममा मोहीलाई थोरै जग्गा र थोरै रुपियाँ दिएरु मिलाउने काम पनि भइरहेको छ ।

### निष्कर्ष

मोही बाँडफाँट प्रक्रिया सहज र सरल बनाउन जिल्लास्थित कार्यालयलाई भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट आवश्यक निर्देशनका साथै व्यवस्थापनमा सहयोग गर्नुपर्ने हुन्छ । राजनीतिक दलहरू मोही किसानको अधिकारप्रति गम्भीर हुनु आवश्यक छ । मोही किसानको संलग्नतामा राजनीतिक दल, भूमि अधिकार मञ्च र नागरिक समाजको निगरानी समिति गठन गरेर भूमि सुधार, नापी र मालपोत कार्यालयको कामको पनि निगरानी गर्नुपर्ने आवश्यकता छ । सरकारले मोही जग्गा बाँडफाँटका लागि भूमि सुधार कार्यालयमा निवेदन दिइसक्नुपर्ने म्याद सकिन अब दुई महिनामात्र छ । असार र साउन मोही किसान धान रोप्ने काममा ब्यस्त रहने महिना हो । यसले पक्कै पनि निवेदन पेश गर्नका लागि अप्ठेरो अवस्था छ । मोहीहरू निवेदन पेश गर्नका लागि आफैँ सचेत हुनुपर्छ र सरोकारवालाले मोहीलाई क्रियाशील बनाउन आवश्यक छ । र, सरकारले जग्गा बाँडफाँटका लागि निवेदन दिने म्याद थप्नुपर्ने हुन्छ । ✿



आशा घतानी

# मोही बाँडफाँट अभियान : अवसर र चुनौती

वर्षौंदेखि मोही हकको लडाइँ गरिरहेका किसानलाई जोतभोग गर्दै आइरहेको जग्गाको हक दिलाउनका लागि सरकारले २०७३ साल भदौ ५ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको छ । मोही बाँटफाँटको बाटो खुलाएको सूचना लिएर गाउँमा जाँदा भने यसबारे मोही किसानहरू अझै अनभिज्ञ भएको पाइयो । हामीले काम गर्ने रौतहट, सर्लाही र महोत्तरी धेरै मोही समस्या भएका जिल्ला हुन् ।

अहिले मोही किसानले हक पाउने सुनिश्चित भएपछि जिल्ला जिल्लामा भएको भूमि सुधार कार्यालयमा गई निवेदन बुझाउने प्रक्रिया चलिरहेको छ । किसानलाई मोही हक दिलाउनका लागि राष्ट्रिय भूमि अधिकार मञ्चले गरेको अभियानबाट सरकारले यस्तो नीति ल्याएको हो । लामो सङ्घर्षपछि बल्ल सरकारले मोही हक लागेको जग्गा बाँडफाँट गर्ने नीति ल्यायो । यसबाट धेरै मोही किसान खुसी भएका छन् भने उनीहरूको हक अधिकार कानुनतः सुनिश्चित भएको छ ।

भूमि अधिकार मञ्चले नीति ल्याउनमात्र सङ्घर्ष गरेको होइन, यसलाई कार्यान्वयन तहमा लैजाने र किसानको घरघरसम्म पुऱ्याउनका लागि पनि सहजीकरणको अभियान गरिरहेको छ । मञ्चले यसलाई मुख्य अभियानकै रूपमा सञ्चालन गरिरहेको छ । मोही किसानलाई अभिमुखीकरण गर्ने,

टोलटोमा मोही भेला गर्ने, घरदैलो कार्यक्रम गरी नीतिका विषयमा जागरण गर्ने कार्य नियमित भइरहेका छन् । यसलाई अझ व्यापक बनाउन एफएम रेडियोहरूमार्फत स्थानीय भाषामा समेत सूचना प्रशारण भइरहेका छन् । यसबाट गाउँका मोही किसानले मोही हक लिनेबारे सूचना पाई भूमि सुधार कार्यालयमा धाउनेको सङ्ख्या क्रमशः बढ्दै गइरहेको छ भने आवश्यक सहयोगका लागि किसानले भूमि अधिकारकर्मीलाई पनि भेटिरहेका छन् ।

यस विषयमा तीनवटै जिल्लाले सात दिने मोही जागरण अभियान पनि आयोजना गरेका थिए । स्थानीय राजनीतिक दलका प्रतिनिधि, गाविस, नगरपालिकाका सचिव र जग्गाधनीलाई सँगै राखी अन्तरक्रियात्मक छलफल पनि प्रशस्तै भएका छन् । टोलटोलमा मोही भेला गरी निवेदन दिन जान परामर्श दिने, कागजात सङ्कलन गर्न सहयोग पुऱ्याउने काम भएको छ । हालसम्म सर्लाहीमा बाँडफाँटको १ हजार २ सय १७, नामसारीको १ हजार ४ सय ७३ र छिनोफानो ७३ वटा, महोत्तरीमा बाँडफाँटको २ सय ९४, नामसारीको ६१ र छिनोफानो ३० वटा र रौतहटमा बाँडफाँटको १ हजार १ सय ११, नामसारी ८ सय ८५ र छिनोफानो ६ सय १२ मिलेमतोमा छिनोफानो गरेका छन् ।

जिल्लाहरूमा अहिले भू-माफियाको बिगबिगी बढेको छ । वकिलले धेरै पैसा असुल्छन् । मालपोत, नापी कार्यालयले कागजात खोज्न मान्दैनन् र विचरा सोझा मोही यत्तिकै घर फर्कन्छन् । अभियानमा यो चुनौतीको विषय बनेको छ । मोहीलाई थोरै जग्गा र पैसा दिएर भूमि सुधार कार्यालयबाट मोही र जग्गाधनीबीच मिलापत्र गराउने काम पनि भइरहेको पाएका छौँ । आधा जग्गा पाएका मोहीले कमसल जग्गा र धनीले राम्रो जग्गा लिने काम पनि भइरहेको छ । मोही लागेको जग्गा आधा-आधा बाँडफाँट गर्नुपर्ने र जग्गाधनीको भाग पनि बेच्ने हो भने मोहीलाई नै दिनुपर्ने नीति छ । यस्तो भए पनि जग्गाधनीले यो वा त्यो बहानामा मोहीलाई थोरै पैसा दिने र जग्गा आफैँले लिने गरेका छन् । मोही लागेको जग्गा जग्गाधनीले टुक्रा टुक्रा पारी बिक्री गरेकाले एक मोहीले १९ जनासम्म जग्गाधनीसँग मुद्दा लड्नुपरेकाले आर्थिक भारका साथै धेरै समय खर्चिनु परेको पनि दुःखद् अवस्था छ । नामसारी प्रक्रिया झन्झटिलो छ । जिल्ला भूमि सुधार कार्यालयले मोही नामसारी र बाँडफाँट एकै साथ लिन मानिरहेका छैनन् । निवेदन दर्ताका लागि आवश्यक प्रमाणहरू सङ्कलन गर्दा गाउँ विकास समिति/नगरपालिकाबाट, नापी, मालपोत र भूमि सुधार कार्यालयले ढिलासुस्ती गर्ने सरकारी दस्तुरबाहेक अतिरिक्त रकम माग गर्ने गरेका छन् जसले गर्दा दिक्क परेर बसेका मोहीलाई जिल्ला मञ्चले सहयोग गरिरहेका छन् ।

केही सोझा मोहीलाई जोतिरहेको जग्गा जोत्न पाउँदिन भन्ने डर छ भने केहीचाहिँ जग्गाधनीको डरले निवेदन दिन गएका छैनन् । कतिपय जग्गाधनी सहमतिमा आई मिलेमतोमा जग्गा बाँडफाँट गरेका छन् । मोहीलाई कुरा बुझाउन धेरै मेहनत गर्नुपरेको छ ।


**मोहीलाई थोरै जग्गा र पैसा दिएर भूमि सुधार कार्यालयबाट मोही र जग्गाधनीबीच मिलापत्र गराउने काम पनि भइरहेको पाएका छौँ । आधा जग्गा पाएका मोहीले कमसल जग्गा र धनीले राम्रो जग्गा लिने काम पनि भइरहेको छ ।**




महोत्तरीको भङ्गाहा सीतापुर, मेघनाथ गोरहन्ना र मझौलिया सबैभन्दा धेरै मोही भएको ठाउँ हो । मोहीलाई कुरा बुझाउन जिल्ला मञ्च महोत्तरीले पटकपटक शिविर, छलफल भेला, घरदैलो कार्यक्रम गरेको छ । तर पनि उनीहरूले मोही निवेदन दिन आँट गरिरहेका छैनन् । किनकि उनीहरूलाई जग्गाधनीले जग्गा जोत्न नदेला कि भन्ने डर छ । मोही बाँडफाँट नगर्दा धेरै जग्गा जोतिरहेका छन् बाँडफाँट भएपछि थोरै जग्गा जोत्नुपर्ने हुन्छ । जसबाट जीविका धान्न गाह्रो हुन्छ भन्ने सोचले पटक पटक भन्दा पनि निवेदन दिन जान मानिरहेका थिएनन् । जिल्ला मञ्चले पटकपटक घरदैलो अभियान, शिविर, व्यक्तिगत भेटघाट गरेपछि अहिले उनीहरूले निवेदन दिन सुरु गरेका छन् । केही मोहीले त मोही जग्गा लिँदा पाप लाग्छ भनेर पनि निवेदन दिन मानिरहेका छैनन् । लोहारपट्टी र खुट्टापिपराडी गाउँपालिकामा धेरै जमिनदार भएकाले यहाँ मोही पनि धेरै नै छन् । यहाँ जिल्ला मञ्चले धेरै पटक प्रशिक्षण, भेटघाट कार्यक्रम गऱ्यो तर उनीहरू जग्गाधनीको डरले मोही निवेदन दिन जान सकिरहेका छैनन् । जिल्ला मञ्च महोत्तरीले घरदैलो कार्यक्रम गरी उनीहरूका कागजात हेरी नपुगेका कागजात सङ्कलन गर्न सुझाव दिएको छ र गाउँपालिकाका सचिवसँग समन्वय गरी मोहीलाई बिना कुनै झन्झट सिफारिस गरिदिन समन्वय गरेका छन् ।

सर्लाहीको चन्द्रनगर धेरै मोही किसान भएको ठाउँ हो । सरकारले मोही सूचना जारी गरेलगत्तै यहाँका मोही सक्रियरूपमा आफ्नो अधिकारका लागि अगाडि बढेका छन् । सर्लाहीमा जिल्ला भूमि सुधार कार्यालयले मोहीलाई धेरै सहयोग गरेको छ । निवेदन दिन गएका मोहीलाई परेका समस्यामा सहयोग गरेका छन् ।

तीनवटै जिल्लामा जिल्ला भूमि सुधार कार्यालय, मालपोत कार्यालयमा कर्मचारी कम भएकाले निवेदन दर्तामा ढिलासुस्ती भएको छ । राजनीतिक दलले मोही बाँडफाँटको सूचना पुऱ्याउन र बाँडफाँट प्रक्रियामा खासै चासो दिएका छैनन् । कुत बुझाउने समय फागुनसम्म भएको तर धेरै मोहीको कुत बुझाउन छुटेको हुँदा समस्या भएको छ । नामसारीका कारण धेरै मोहीको जग्गा गुम्ने अवस्था आएको छ । यस कार्यमा जिल्ला भूमि अधिकार मञ्चले सक्रियरूपमा मोही किसानलाई जागरण गराउन अभियानहरू गरिरहेको छ । र, अझै समय बाँकी छ । यस अवधिमा मोही किसानको तर्फबाट मालपोत तथा भूमि सुधार कार्यालयमा निवेदन बुझाउनका लागि सबैले सहयोग र हातेमालो गर्नुपर्ने देखिन्छ ।



**बनिलाल थारू**
*संयोजक, जिल्ला भूमि अधिकार मञ्च बाँके*

# फिल्ड अनुभूति : मोही जग्गा दर्ता अभियान

२९ जेठ, २०७४ मा मोही जग्गा दर्ता अभियानअन्तर्गत बाँकेको बैजनाथ गाउँपालिका वडा नं. २ डिघिया गाँउमा पुगियो। साथमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रकी अभियान व्यवस्थापक कल्पना कार्कीसहित नरीराम लोहार, आरती बिक र जिल्ला मञ्चकी पूर्णकालीन कार्यकर्ता पार्वती चौधरीसहित हामी भूमि अधिकारकर्मीको टोली थियौँ। त्यहाँ डिघिया गाउँ भूमि अधिकार मञ्च छ। यस पटक मोही सवालमा छलफल गर्न पुगेका थियौँ। सो दिन छलफलमा करिव २५ जना मोही किसान सहभागी थिए। छलफलमा मोही हक, यसको महत्व, यसको नीतिगत व्यवस्था र व्यावहारिक पक्षका विषयमा गहिरो छलफल भयो। छलफलमा महिला किसानको सहभागिता भने न्यून थियो। छलफलमा महिला किन आउँदैनन् भन्ने विषयमा पनि छलफल भयो। मोही जति सबै पुरुष भएकै कारण महिलाको सङ्ख्या कमी भएको निष्कर्ष आयो।

मोही किसानले छलफलका क्रममा आफूले वर्षौँदेखि भोग्दै आएको समस्या राखे। उनीहरूले केही जिज्ञासा पनि राखेका थिए। र, यसले व्याहारिकरूपमा गर्नसक्ने सकारात्मक र नकारात्मक पक्षबारे पनि छलफल भयो। किसानले छलफलका क्रममा मोही जग्गा लिएरै छाड्ने अडान राखे।

उक्त गाउँमा मोही किसानको सवालगत सङ्गठन छ। समुदायको परिवेश अध्ययन गर्दा यस टोलमा २८ घर मोही किसान रहेछन्। यीमध्ये १७ जना मोही किसानले भूमि सुधार कार्यालयमा बाँडफाँट र नामसारी गरी ६६ वटा निवेदन दर्ता गरेका रहेछन्। निवेदन दर्ता गरी हक दाबी गरेको जग्गाको क्षेत्रफल २८ बिघा ६ कठ्ठा ४ धुर रहेछ। अझै ११ किसानले मोही निवेदन दर्ता गर्न बाँकी देखियो। थारू समुदायको बसोबास रहेको यस टोलमा सबै मोही किसान पनि थारू नै रहेछन्।

मोही किसानसँग कुराकानी गर्दा वर्षौँदेखि जग्गाधनी भुवनेश्वर खनाल र तिनका आफन्तबाट शोषण र उत्पीडनमा रहेको बताए। जग्गाधनीले किसानलाई थिचोमिचोमा राख्ने, गरिब घरको नाबालिग छोरीहरूलाई कमलरी वा घरेलु कामदार बनाउने, जग्गा बिक्री गर्ने तर पास नगर्ने, केही वर्षपछि पुनः जग्गाको मोलतोल गर्ने जस्ता घटना सामान्य भइसकेको बताए। तथापि विक्रम् संवत् २०२२/०२४ सालमा मोही कायम गर्न सफल भएका रहेछन्। ६९ घरपरिवार बसेको सोही बस्तीको जग्गा पनि जग्गाधनी भुवनेश्वर खनाल र उनका आफन्तको नाममा छ। 'जग्गाधनीले जुनसुकै बेला पनि उठिबास गर्नसक्ने अवस्था थियो'- २००२ सालदेखि यहीँ बसोबास गर्दै आएका मोही किसान दहलु थारूले भने। जग्गाधनीले घरबास उठाउन प्रयास नगरेको पनि होइन तर किसानहरू पुर्खाले आर्जेको सम्पत्ति गुमाउने पक्षमा कदापि छैनन्।

किसानहरू घरबास र मोही जग्गाको हक दाबी गर्न कटिबद्ध भएर लागेको बुझियो। भूमि अधिकार मञ्चमा सङ्गठित भएर मोही अधिकारका लागि २७ दिनसम्म भूमि सुधार कार्यालयमा धर्ना बसेको अनुभव पनि रहेछ। सानातिना अभियान त कति हो कति। कतिपय किसान आफ्नो हकप्रति कटिबद्ध रहेको तर भूमि अधिकार मञ्चप्रति विश्वस्त हुन नसकेको पनि पाइयो। शायद हामीले बुझाउन नसकेर होला। त्यसैले ११ जना मोही किसान निवेदन दर्ता गर्नबाट छुटेका रहेछन्। तर उनीहरू मोही बाँडफाँट गर्ने सूचना थाहा हुँदाहुँदै पनि निवेदन पेश गर्न नगएको कुरा थाहा भयो। कारण थियो- वर्षौँदेखि मोहीको मुद्दा लड्दै आएका मोही किसानले यति सजिलै सरकारले जग्गा बाँडफाँट गरिदिने कुरा नपत्ताउनु। सूचना खुलेको कुरा मोहीको सबै परिवारलाई थाहा नै रहेनछ। मलाई लाग्यो, हामीले काममात्र गरेर त्यसको उपलब्धि हुन्छ भन्ने छैन रहेछ। त्यसमा कत्तिको बुद्धि र विवेक पुऱ्याएर गर्छौं भन्नेमा भर पर्ने रहेछ। यो महसुस पनि भयो। त्यसदिनको छलफलले एउटा उपाय निकालियो। अब मोही किसानलाई मात्रै होइन, उनका श्रीमतीहरूलाई पनि मोही हक दाबीबारे सचेत गर्नुपऱ्यो। त्यसका लागि घरदैलो कार्यक्रम गर्ने योजना बन्यो। योजनाअनुसार महिलासँग बढी कुरा गर्ने विषयलाई प्राथमिकता दिई घरदैलो गरियो।

सिकाइ प्रयोगले नतिजा ल्याउँदो रहेछ। पुरुष किसानभन्दा महिला किसान हक दाबी गर्न बढी सक्रिय देखिए। फलस्वरूप ११ जनाले पनि मोही हकका लागि निवेदन दिने भएका छन्। उनीहरूले मोही हकबापत नगदभन्दा जमिन नै लिने सङ्कल्प गरेका छन्। अब मलाई महसुस भयो, अभियान गर्नुमात्रै ठूलो कुरा होइन रहेछ, नियमित अवलोकन, भ्रमण र सिकाइ आदान-प्रदान गर्न पनि उत्तिकै आवश्यक हुँदोरहेछ। यसले काम गर्ने ऊर्जा, फराकिलो सोच, समुदाय र अभियन्ताबीच जिम्मेवारी बोध गराउँदोरहेछ।

# मोही हक लिए सेमलालले

'जीवन नै सङ्घर्ष हो, सङ्घर्षले मीठो फल दिन्छ' भन्ने उखान चरितार्थ भएको छ सेमलालको जीवनमा। उनले आफ्नो मोही हकका लागि जग्गाधनी र राज्यसँग गरेको सङ्घर्ष निकै प्रेरणादायी छ। सेमलाल थारू वैजनाथ गाउँपालिका वडा नं. ७ पेडारी, बाँकेमा बस्छन्। परिवारमा उनकी श्रीमती, छोरा, बुहारी र एक छोरी गरी ५ सदस्य छन्। जग्गाधनी राज्यलक्ष्मी श्रेष्ठको नाममा रहेको २ बिघा ४ कठ्ठा क्षेत्रफल जग्गामा मोही कायम थियो। मोही लागेको जग्गामा मोही किसानको आधा हक लाग्ने कानुनी व्यवस्थाअनुसार २०७४ जेठ ११ गते सेमलालले मोही हकबापत १ बिघा २ कठ्ठा जमिनको लालपुर्जा आफ्नै हातमा लिन पाए। यो सँगै उनी र उनको परिवार ज्यादै खुसी भएका छन्। उनले मोही हक लिनका लागि १७ वर्ष लामो सङ्घर्ष गर्नुपर्‍यो। सेमलाल भन्छन्- लामो सङ्घर्षपछिको मीठो फल पाएझैं भएको छ, खुसी छु।

सेमलालको पुर्खाले तराईको औलो, मलेरिया र हैजा जस्ता महामारीसँग जुध्दै सर्प, बिच्छीसँग सौदावाजी गर्दै खोरिया बन्जर फँडानी गरी उक्त जमिन उब्जाउयुक्त बनाएका थिए। र, हालसम्म पनि त्यसैको संरक्षण गर्दै जीविका धान्दै आइरहेका छन्। यो जमिनमा कहिलेदेखि खेती सुरु गरियो भन्ने ठ्याक्कै तिथिमिति सेमलाललाई थाहा छैन तर पनि उक्त जमिन सेमलालकै पुर्खाले जोतखन गरी स्याहार र संरक्षण गर्दै आएको भनेचाहिँ पक्का हो।

उनको पिता भुरा थारूको मृत्यु भएपछि मोही नामसारीका लागि २०५७ मा उनले मोही हक पाउँ भनी भूमि सुधार कार्यालयमा बाँडफाँट निवेदन दिएका थिए। त्यसपछि जग्गाधनीले



जग्गा बिगारेको भनी जिल्ला अदालतमा जग्गा खिचौला मुद्दा दियो। २०६३ सालमा सो मुद्दा सेमलाल थारूले जितेको भए पनि ६ वर्षसम्म निकै अभावपूर्ण सङ्घर्ष गर्न बाध्य भए। २०६४ सालदेखि गाविसको रोहवरमा बाली बटैया गराई जग्गाधनीको हिस्सामा आउने बालीको रकम भूमि सुधार कार्यालयमा दाखिला गर्दै आइरहेका थिए। तर प्रत्येक वर्ष जग्गाधनीले जिल्ला अदालतमा बाली भराई मोही निष्काशन मुद्दा दिँदै आयो। जग्गाधनीले कृषि विकास कार्यालयको उत्पादन प्रगति प्रतिवेदनलाई आधार बनाइ दिएको मुद्दामा सेमलाल थारूको विपक्षमा मुद्दा फैसला हुन्थ्यो र अतिरिक्त बाली बुझाउन बाध्य पारिन्थ्यो। अहिलेसम्म २ लाख ६४ हजार बराबर अतिरिक्त बाली बुझाउनुपर्‍यो सेमलालले।

सेमलाललाई हरेक वर्ष आर्थिक बोझ थपिँदै गयो। राज्यको विभिन्न झन्झटिलो नीति नियम देखाइ अड्डाका कर्मचारीले पनि दोहन गरिरहे। अड्डाका कर्मचारीसमेत जग्गाधनीको कारिन्दाझैं भएर विभिन्न डर, त्रास देखाइ २०-२५ प्रतिशतमात्र जग्गा लिएर मिलापत्र गर्न बाध्य बनाउन खोज्ने गरेका सेमलाल बताउँछन्। पुनरावेदन अदालतका तत्कालीन न्यायाधीश बमबहादुर श्रेष्ठसमेतले जग्गाधनी त भगवान हुन्, उनको जग्गा लियौ भने पाप लाग्छ, भगवानले सराप्छन् भनी धर्मको आस्था देखाई प्रभावित पार्न खोजेको बताउँदै सेमलालले थपे- 'अड्डा, अदालतमा ठूला ठूला मान्छे उनका छन् तिमी मुद्दा हार्छौ। मुद्दा हार्‍यौ भने कत्ति पनि जग्गा पाउँदैनौ, बरु जति दिन्छ त्यतिमै चित्त बुझाऊ। त्यसैमा तिम्रो भलाइ छ' भन्दै दबाब पनि दिन्थे। जग्गाधनीले पनि अभद्र र अवाञ्छनीय व्यवहार गर्थे उनलाई। मुद्दा लड्ने क्रममा मानसिक तनाव, घरायसी कामको हर्जा, भूमि अड्डा र जग्गाधनीबाट गरिने दुर्व्यवहार, आर्थिक बोझ जस्ता उत्पीडनका आयाम सहन बाध्य भए सेमलाल।

यति नै भन्ने एकीन छैन तर पनि यी प्रक्रियामा ४ लाख रुपियाँ जति खर्च भएको सेमलाल बताउँछन्। राज्यले नै कानुनीरूपमा उल्लेख गरेको अधिकारबाट समेत वञ्चित गराइनु कम्ती अन्याय थिएन तर पनि रत्तिभर विचलित नभई पुर्खाले आर्जेको सम्पत्तिमा हक दाबी गर्न निरन्तर सङ्घर्षमा डटिरहे। उनी बेलाबखत थाके होलान् तर कहिल्यै हारेनन्। अन्ततः १७ वर्षपछि मोही हक लिन सफल भए।

यो सङ्घर्षमा उनी एक्लो भने पक्कै थिएनन्। उत्साह र हौसला दिने सहयोगीहरू पनि उत्तिकै थिए। यसका लागि जिल्ला भूमि अधिकार मञ्च बलियो शक्तिका रूपमा उभियो। अड्डाका प्रमुख, नागरिक समाज, मानव अधिकार, सरोकारवाला, सञ्चार माध्यमलगायत सरोकारवाला निकायसँग सम्वाद गर्ने भूमिका निर्वाह गर्‍यो। यसले मुद्दालाई ओझपूर्ण बनाउन मद्दत गर्‍यो। साथै राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले मुद्दा लड्न टेवा पुर्‍याउने ध्येयले कृषि उद्यम गर्न ५० हजार र जिल्ला भूमि अधिकार मञ्चले ९ हजार सहयोग गरेको थियो। यस्तो सहयोगबाट उनी तरकारी खेती व्यवसाय गरिरहेका छन्। यस्तो तरकारी खेतीबाट उनले वार्षिक ४० देखि ४५ हजारभन्दा बढी आम्दानी गर्छन्। सेमलाल भूमि अधिकार मञ्चको पनि सक्रिय अगुवा हुन्। उनले गरेको सङ्घर्षपूर्ण यात्राबाट हामी भूमि अधिकार अभियानका अभियानकर्तालाई पनि प्रेरणा मिलेको छ।

प्रस्तुति : बनिलाल चौधरी



रामकुमारी चौधरी

# आफ्नै कामले उत्साह जाग्दैछ

२०६९ देखि जिल्ला भूमि अधिकार मञ्च, बर्दियामा पूर्णकालीन कार्यकर्ताका रूपमा काम गर्छु। बाँसगढी नगरपालिका मेरो कार्यक्षेत्र हो। गाउँ मञ्चहरूको बैठक गर्ने, अभियानमा सहभागी हुने र सहभागी गराउने जिम्मेवारी छ। भूमिहीन, सुकुमबासी र मुक्तकमैया सवाल भएको क्षेत्र हो यो। यही क्रममा हामीले जिल्ला भूमि अधिकार मञ्चमार्फत संयुक्त पुर्जा निर्माण अभियान अघि बढाउने सल्लाह गर्‍यौँ। भूमिहीन, सुकुमबासी र मुक्तकमैया बस्तीमा संयुक्त लालपुर्जा अभियानको कुरा गर्दा बालुवामा पानी खनाएको जस्तै हुन्थ्यो। वर्षौंदेखि जोतभोग गर्दै आइरहेको जमिनको लालपुर्जा प्राप्त गर्न सकेका थिएनन् उनीहरूले। संयुक्त लालपुर्जाको नीति/प्रक्रियाबारे प्रष्ट जानकारी हुँदाहुँदै जमिनको स्वामित्व नभएका कारण संयुक्त लालपुर्जा बनाउन सम्भव भएन।

अन्य समुदायका मानिसलाई कसरी यस विषयमा बुझाउने होला भन्ने चिन्ता उत्तिकै थियो। सोच्थेँ र मनन् गर्थें दिनहुँ। अब भूमिहीन सुकुमबासी बस्तीभन्दा बाहिर गएर मानिससँग सल्लाह गरेर भए पनि संयुक्त पुर्जा अभियान सफल बनाउछु भन्ने सोच लिएँ। योजना निर्माण भयो तर कुन ठाउँमा जाने, कसरी जाने, चिनेको मान्छे कोही छैनन्, द्विविधामा परेँ।

यत्तिकैमा हस्नापुर गाउँ जाने निधो गरी गएँ। गाउँका बडघर श्यामलाल थारू, स्वयम्सेविका रूपनी थारूलगायत दुई/चारजनासँग भेटघाट गरी संयुक्त पुर्जा निर्माणसम्बन्धी विषयमा छलफल गरियो। यस्तो छलफल मेरो चौथो पटकको प्रयासपछि मात्र सफल भएको हो। मेरो चाहना हस्नापुर गाउँका बडघर र समाजसेवी चन्द्रिकाप्रसाद थारूलाई भेट्ने भयो। उहाँहरूलाई भेटेपछि केही हुने मेरो आशा थियो। तर चुनावी अभियानले गर्दा भेट्न र समय लिएर कुरा गर्न धौ धौ जस्तै भयो।

फेरि सोही हस्नापुर गाउँमा गएँ। यस पटक समुदायका मुख्य अगुवाहरूसँग बस्न पाएँ र छलफल पनि रोचक भयो। उनीहरूलाई संयुक्त लालपुर्जा अभियानबारे जानकारी गराएँ। छलफलपछि सहभागीहरूले यो राम्रो काम हो भने। यो कार्यक्रमलाई गाउँमा लागु गर्नुपर्छ भन्नेखालको सुझाव आयो। खुसी यस अर्थमा लाग्यो कि यो मेरो चौथो पटकको प्रयासमा भएको छलफल सकारात्मक निस्क्यो। छलफलबाट संयुक्त पुर्जा बनाउने भन्ने भयो। २० जोडी संयुक्त पुर्जा बनाउनसमेत तयार भए।

यसबारे थप छलफल गरी समुदायका अन्य मानिसलाई पनि बुझाउन २०७४ जेठ ७ गते भूमि अधिकार मञ्चका जिल्ला संयोजक होमेन्द्र थापालाई बोलाएँ। उहाँ आउनुभएपछि हस्नापुर गाउँका बडघर श्यामलाल थारूको अध्यक्षतामा कार्यक्रम भयो। संयुक्त लालपुर्जाको नीति, प्रक्रिया र महत्वबारे होम्रेन्द्र सरले सरल तरिकाले सहजीकरण गर्नुभयो। यस्तो छलफलमा ६६ जना सहभागी थिए। त्यो कार्यक्रमपछि ३२ परिवारले हामी संयुक्त पुर्जा बनाउँछौँ भनेका छन्।

छलफलको २ दिनपछि पुनः गाउँमा गई सबैको आवश्यक कागजात सङ्कलन गरियो। त्यसपछि लिखत तयार गर्ने कार्य भयो। लिखत तयार भएका जोडीलाई मालपोत कार्यालयमा बोलाई संयुक्त लालपुर्जा बनाउन सहयोग गरेँ। यसरी संयुक्त लालपुर्जा निर्माण भयो। यो अभियानमार्फत एकै पटक २० जोडीले २८ विघा जमिनमा संयुक्त पुर्जा तयार गरी भूमिमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराएका छन्। यो अभियान हामी निरन्तर गरिरहेका छौँ। यसले समुदायका महिला र पुरुष दुवैमा जमिनमा बराबरी स्वामित्व हुनुपर्छ भन्ने सकारात्मक सन्देश गएको छ।

केही गरौँ भनेर लागियो भने सफल भइँदोरहेछ। ४ पटकसम्म निरन्तर गई प्रयास गरेपछि मात्र छलफल सुरु भएको उक्त गाउँमा २० जोडीको संयुक्त पुर्जा बनाउन सफल भयौँ। शायद म तीन पटक जाँदा पनि 'ए ! हुँदैन रहेछ' भनेर फर्किएको थिएँ भने पक्कै सफलता मिल्दैनथ्यो। यसले मलाई सफलता प्राप्त गर्नका लागि निरन्तर प्रयास गर्नुपर्छ भन्ने सिकाइ पनि भएको छ।

त्यहाँको परिवेशअनुसारको समुदायका बडघर, अगुवा तथा स्वयम्सेविकालाई भेटघाट गरी जोडीहरूको नामावली तयार गरी कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम व्यवस्थित, मर्यादित हुनुका साथै संयुक्त लालपुर्जा बनाउन सहज हुँदोरहेछ। साथै समुदायमा छलफल तथा भेला गराएर भाषण शैलीबाट सहभागीलाई जानकारी गराउनुभन्दा सीमित जोडी (पति-पत्नी) लाई दृश्यात्मक शैलीबाट जानकारी तथा महसुसीकरण गराउँदा यस्तो कार्यक्रम प्रभावकारी हुँदोरहेछ।

मैले अनुभव गरेँ, मैले गरेको सानो सहयोगले यस गाउँका धेरै मानिस खुसी रहेछन्। यही कारण मैले पनि गाउँघरमा धेरैको माया र सम्मान पाएको छु। यसरी विभिन्न गाउँ समुदायका मानिसबाट मान, सम्मान र माया पाउँदा मेरो पनि मनोबल बढेको छ। समुदायमा आफूले जाने/बुझेको सल्लाह/सुझाव दिन र सहयोग गर्न उत्साह थपिएको छ। ✿

अभियाकर्ता, बर्दिया

# कर्म दिने आमा भूमि मञ्च

जनजागृति गाउँ भूमि अधिकार मञ्च, सर्लाहीकी सचिव हुन् जमुना सिजाली । उनी ३५ वर्षकी भइन् । २०६६ सालदेखि गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित छिन् । उनी भूमि अधिकार मञ्चलाई कर्म दिने आमाको सङ्ज्ञा दिन्छिन् । भन्छिन्- जीवनको गोरेटोमा गरिबी, भोक, रोग, शोक र अन्यायमा परेको निसास्सिँदो वातावरणमा संरक्षण दिने र जीवनमा सङ्घर्ष गर्न सिकाउने भएकाले पनि मैले 'आमा' भनेकी हुँ ।

उनी जीवनमा धेरै दुःख भोग्दै र सङ्घर्ष गर्दै अघि बढेकी महिला हुन् । भन्छिन्- भूमि अधिकार मञ्च नभएको भए शायद मेरो जीवन यो अवस्थामा हुने थिएन होला । खानका लागि अन्नको दाना घरमा थिएन, छोरा-छोरी साना लालाबाला । श्रीमान् छिटै बिते । बोझ जति आफैँमाथि थपियो । विपत्तिको सामना धेरै गर्नुपर्‍यो ।

रौतहट जिल्लाको पौराइ गाविसको मङ्गलपुरमा जन्मिएकी जमुना एक सङ्घर्षशील महिला हुन् । उनले कक्षा ८ सम्म अध्ययन गरेकी छिन् । सानै उमेरमा विवाह भएकाले पढाइ छुट्यो । श्रीमान् धेरै नै रक्सी सेवन गर्थे त्यही कारण पनि होला उनको श्रीमान्को सानो उमेरमै मृत्यु हुन पुग्यो । श्रीमान्को मृत्युपछि घर परिवारको सम्पूर्ण जिम्मेवारी उनीमै थपियो । दिनहुँ जङ्गलमा दाउरा बटुल्ने, रक्सी बनाइ बेच्ने र त्यसबाट हुने आम्दानीले परिवार पाल्ने गर्न थालिन् । मेलापात पनि धेरै गर्नुपर्‍यो ।

उनी भन्छिन्- जब म गाउँ मञ्चमा सङ्गठित भएँ, सङ्गठन शक्ति रहेछ भन्ने



बुझेँ । अहिले हामी सङ्गठनमा बसेका छौँ । एक-अर्कालाई समस्या परेको बेला सङ्गठनले सहयोग गर्छ । र, गरिरहेका छौँ पनि । मुठी बचत गर्छौँ अनिकाल परेका समयमा त्यही प्रयोग गर्छौँ । सङ्गठनले एक-अर्कालाई सम्मान, माया र आदर गर्न सिकाएको छ । गाउँमा कुनै सदस्यलाई समस्या पर्‍यो भने हामी छलफल गरी समाधानको उपाय खोज्छौँ । सहयोगी भावना सबैमा जगाएका छौँ ।

सागरनाथ परियोजनाअन्तर्गत तोकिएको क्षेत्रमा १० कठ्ठा जमिनमा जमुनाले खेती गरिरहेकी छिन् र उनको घर पनि त्यहीँ छ । त्यही जमिनमा खेतीपाती गर्छिन् र परिवारको जीविका चलाउँछिन् । उनले आफूले दुःखै गरेर भए पनि छोरीछोरीचाहिँ पढाएकी छिन् । उनका २ छोरी १२ कक्षामा पढ्छन् भने १ छोरा विदेश गएको छ । छोराले कमाई पठाएको पैसाले गाउँनजिकै ऐलानी क्षेत्रको ७ कठ्ठा जमिन जोडेकी छिन् । त्यहीँ जमिनको उत्पादनले परिवारलाई जीविका धान्न राम्रै पुगेको छ । छोराले विदेशबाट कमाई पठाएको पैसाले घर र जग्गा जोड्न मद्दत पुगेको जमुनाले बताइन् ।

उनी उत्साहित हुँदै थप्छिन्- जीवनमा हरेस खाएकी मान्छे म, भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि यति धेरै साहस बढ्यो कि मञ्चले जीवन जिउन सिकायो । म गाउँ भूमि अधिकार मञ्चको सचिवमात्र होइन, अहिले विद्यालय व्यवस्थापन समितिको सदस्य पनि छु । अहिले हामीहरू आफू बसेको जमिन आफ्नो नाममा दर्ता गराउने उद्देश्य राखेर निरन्तर सङ्घर्ष गरिरहेका छौँ । ✿

प्रस्तुति : भवानी घिमिरे

## भूमि अभियानको अर्धवार्षिक समीक्षा



भूमि तथा कृषि अधिकार अभियानका सन्दर्भमा चिन्तनमनन् गर्ने नियमित र प्रभावकारी अभ्यास हो- सहभागीमूलक समीक्षा। २०१७ को अभियानको उपलब्धि अभिलेखन, सिकाइ आदान-प्रदान र नयाँ रणनीतिका साथ साझा योजना तर्जुमा गर्ने उद्देश्यले २० देखि २२ जुन २०१७ मा अर्धवार्षिक राष्ट्रिय समीक्षा गरियो। भूमि अध्ययन घर ठिमुरा चितवनमा भएको उक्त समीक्षामा १६ जिल्लाका ५२ जना (२५ महिला, २७ पुरुष, १२ दलित र २३ जनजाति) सहभागी थिर्यौं।

समीक्षामा मूलतः राष्ट्रिय, जिल्ला भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रले २०१७ को जनवरीदेखि जुन महिनासम्मको अभियान तथा कार्यक्रमको मुख्य उपलब्धि, सिकाइ, चुनौतीको आलोचनात्मक समीक्षा गरियो। यस क्रममा विभिन्न जिल्लाबाट आएका अगुवाको भोगाइ र सिकाइ प्रस्तुति पनि भएको थियो। समीक्षामा सम्पूर्ण प्रस्तुति, समूह छलफलको प्रस्तुति सबै नै न्युजप्रिन्ट, मार्कर र कलर पेनहरूको प्रयोगबाट गरियो। सबै छलफल सहभागीमूलक भएको थियो।

योजनाअनुसारको उपलब्धिलाई समीक्षा गर्दा संयुक्त पुर्जा अभियानको नतिजा जिल्लागतरूपमा निकै कमजोर देखिन्छ। यस अवधिमा जम्मा २७० जोडीको संयुक्त पुर्जा बनेको छ। साथै संयुक्त पुर्जा निर्माण अभियानमा अगुवा थपिएका छन्। जिल्लागतरूपमा हेर्ने हो भने ओखलढुङ्गा (६०), बर्दिया (७४) र महोत्तरी (५६) अगाडि छन्। जुन जिल्लाहरूमा सञ्जालीकरण र सहकार्यको काम अगाडि बढिरहेको छ, ती जिल्लामा नतिजा आउन सकिरहेको छैन।

गत छ महिनामा ९ जिल्ला (दाङ, बाँके, बर्दिया, सिरहा, सप्तरी, उदयपुर, रौतहट, सर्लाही, महोत्तरी र सिन्धुपाल्चोक) का सबैभन्दा बढी समय मोही अभियानमा खर्च भएको छ। टिम परिचालन, समय र स्रोत परिचालनअनुरूप जिल्लाको योजनाअनुसारको निवेदन भने पेश हुन सकेको छैन। तर निवेदन पेशका लागि प्रक्रिया सहजीकरण, भूमि सुधार कार्यालय, नापी कार्यालय, गाविस र नगरपालिकामा समन्वय गर्ने कामले नै धेरै समय लिएको पाइयो। ९ जिल्लामा मोही नामसारीका लागि ६ हजार ३ सय ५५ र मोही बाँडफाँटका लागि १० हजार २ सय २७ निवेदन पेश भएका छन्। १ हजार ५ सय ३१ वटा मोही मिलापत्र र छिनोफानो भएको छ।

जिल्ला मञ्चहरूको प्रस्तुतिमा आलोचनात्मक प्रश्न गर्ने, राम्रो काम गरेकामा हौसला दिने र सकारात्मक पृष्ठपोषणले मात्र ऊर्जा थप्न सक्ने देखियो। रुखो प्रश्नले निराशा थप्ने र नकारात्मक छाप छाड्न सक्ने कुरालाई ध्यानमा राख्नुपर्ने देखियो।

समीक्षामा संस्थाका सल्लाहकार जगत बस्नेतले भूमि सुधार र आन्दोलनका विभिन्न मोडलबारे चलाउनुभएको वैचारिक सत्रले सहभागीमा थप ज्ञान अभिवृद्धि गर्न मद्दत गरेको छ। समीक्षा अगुवाको सन्देश सत्र निकै महत्वपूर्ण रह्यो। जिल्ला भूमि अधिकार मञ्च, महोत्तरीकी आशा थापा, बाराकी सबिना गोले र कैलालीकी लक्ष्मी देवकोटाको सङ्घर्ष र सिकाइ प्रस्तुतिले आन्दोलनमा सबैलाई ऊर्जा थपेको छ।

प्रस्तुति : कल्पना कार्की

## नवनिर्वाचित जनप्रतिनिधिसँग सम्वाद

१५ जुन, २०१७ मा सिन्धुपाल्चोकस्थित मेलम्ची नगरपालिका वडा नं. ६ का निर्वाचित जनप्रतिनिधिहरूसँग जवाफदेही, पारदर्शिता र पुनर्निर्माणका लागि सम्वाद भयो। नागरिक सञ्जालले आयोजना गरेको उक्त कार्यक्रममा नवनिर्वाचित मेलम्ची नगरपालिका प्रमुख डम्बर अर्याल, उपप्रमुख भगवती नेपाल, वडा अध्यक्ष जितराज थापा, महिला सदस्य पार्वती थापा, दलित सदस्य सुकुमायाँ सुनार सदस्य शेरबहादुर तामाङ र सूर्यबहादुर तामाङलाई आत्मनिर्भर सेवा केन्द्रका तर्फबाट बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गरियो।

निर्वाचित जनप्रतिनिधिलाई समुदाय, समूह र संस्थाको तर्फबाट औपचारिक बधाई ज्ञापन गर्ने, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले समुदायसँग मिलेर गरेका काम आदान-प्रदान गर्ने, पुनर्निर्माणको काममा गति दिने सम्बन्धमा समुदाय, संस्था र स्थानीय तहबीच सहकार्यका विषयहरू पहिल्याउने, पुनर्निर्माणका सन्दर्भमा जनप्रतिनिधिका विचार र योजना सुन्नेलगायत उद्देश्यले गरिएको उक्त कार्यक्रममा महिला अधिकार मञ्च, पुनर्निर्माण सामुदायिक समिति, ज्येष्ठ नागरिक समिति, किशोरी समूह, युवा समूह, छलफल चौतारीका सदस्य गरी ३४ महिलासहित ६३ जनाको सहभागिता थियो।

कार्यक्रममा महिला अधिकार मञ्च, पुनर्निर्माण सामुदायिक समिति, युवा सञ्जाल र ज्येष्ठ नागरिक समितिका सदस्यहरूले हेलम्बु गाउँपालिकाको छिमेकी वडाहरूमा २ सय घर बनिसक्दा मेलम्ची नगरपालिका-६ मा २४ वटामात्र घर बनेकाले बाटो, खोला खोल्साको समस्या सल्ट्याई आवास निर्माणमा जोड दिन अनुरोध गरेका थिए। त्यस्तै वडा तहमा रहेका सार्वजनिक सेवाप्रदायक निकायहरूमा नागरिक बडापत्र राख्न, समयमै सेवा/सुविधा प्रदान गर्न,

# विस्थापित र पुनर्निर्माणसम्बन्धी छलफल



६ जुलाइ, २०१७ मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्य ध्रुव शर्मा, नापी विभागका कृष्ण थापा, आत्मनिर्भर केन्द्रका जगत बस्नेतलगायत टिमको सहभागितामा हेलम्बु गाउँपालिका प्रमुख निमा लामा, मेलम्ची नगरपालिकाका मेयर डम्बरबहादुर अर्याल र सम्बन्धित क्षेत्रका वडा अध्यक्षहरूसँग विस्थापित र जमिनका समस्याका कारण घर निर्माण गर्न नसकेका परिवारहरूको आवास निर्माण र सम्झौता प्रक्रिया अघि बढाउने विषयमा छलफल भयो। छलफलका क्रममा हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सबै समुदायको एकीन सूचना तयार पारी गाउँ र नगरपालिकाको सिफारिससहित जिल्ला प्रशासन कार्यालयमा जानकारी गराई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा भूगर्भविद् उपलब्ध गराउन पत्राचार गर्ने निर्णय गरियो।

छलफलका क्रममा गुठी, विस्थापित, सुकुमबासी, समस्याका कारण घर बनाउन नसकेका परिवारका लागि हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकाले पहल चाल्ने र पुनर्निर्माण प्राधिकरणले पनि आफ्नो क्षेत्राधिकारभित्रका काममा सघाउन छलफल गरियो। साथै विस्थापित र जग्गा नभएका परिवारलाई जग्गा खरिद गर्न सरकारले उपलब्ध गराउने दुई लाख रुपियाँ लिनका लागि प्रक्रिया थालनी गर्न र स्थानीय तहबाट जग्गा खोजी प्रक्रिया अघि बढाउने विषयमा पनि छलफल गरियो।

हेलम्बु गाउँपालिकाको वडा नं. १ को चिउरी खर्कका विस्थापित समुदायसँग छलफल गरियो। १८ घरमा १७ घरको सम्झौता भएको छ। एक जना नाबालक भएका कारण सम्झौता भएको छैन। त्यसैले उक्त बालकलाई पालन पोषण गर्ने आफन्तको रोहवरमा सम्झौता प्रक्रिया अघि बढाउन आत्मनिर्भर केन्द्रले पहल गर्ने निर्णय गरियो। साथै अर्काको जमिनमा बसोबास गर्दै आएको परिवारलाई व्यवस्थित गर्न गाउँपालिकाले अनुरोध गरेको आधारमा भूगर्भविद्ले अध्ययन गरेपश्चात एकीकृत बसोबासको पहल गर्ने निर्णय गरियो।

---

महिला लक्षित बजेट महिलाकै सहभागिता र निर्णयमा खर्च गर्ने परिपाटी विकास गरी ज्येष्ठ नागरिक एकल महिलाको हितका लागि कार्यक्रमहरू सञ्चालन गर्न निर्वाचित सदस्यहरूलाई आग्रह गरेका थिए।

कार्यक्रममा मेलम्ची नगरपालिकाका प्रमुख डम्बर अर्याल, उपप्रमुख भगवती नेपाल र वडा अध्यक्ष जितराज थापाले समुदायको हालको जल्लोबल्दो समस्या समाधानका लागि लागिपर्ने आश्वासन दिनुभएको थियो। उहाँहरूले सामाजिक सङ्घ/संस्थासँगको सहकार्यमा पुनर्निर्माणको काम अघि बढाउने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो। त्यस्तै मेलम्ची नगरपालिकाको समृद्धिका लागि सामाजिक सङ्घ/संस्थासँग मिलेर हरेक वडाको परिवेश विश्लेषण गरी योजना निर्माण र पुनर्निर्माणलगायत विकासका काम सम्पन्न गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो।



## मोही समस्याबारे सरोकारवालाबीच छलफल

जिल्ला भूमि अधिकार मञ्च, बर्दियाको आयोजनामा जेठ ५ गते मोही किसानको समस्या समाधानमा सरोकारवालाको भूमिका विषयमा छलफल कार्यक्रम भयो । गुलरियामा आयोजना भएको कार्यक्रममा मोही किसान, भूमि अधिकार मञ्चका अगुवा र सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

२०६४ सालदेखि रोकिएको मोही बाँडफाँट प्रक्रिया गत २०७३ भदौ ६ गतेदेखि पुनः खुलेको छ । यसअनुसार आगामी भदौ ५ गतेसम्म सबै मोही किसानले आफूले मोही हक लिन चाहेको बेहोरा राखी निवेदन पेश गर्नुपर्छ । र अर्को एक वर्षभित्र बाँडफाँटको प्रक्रिया टुङ्ग्याउने सरकारी नीति छ । यस अवधिमा सबै प्रक्रिया टुङ्गो लगाउने गरी सरकारी नीति आएको हुँदा यस विषयमा सबै मोही किसान, अगुवा, स्थानीय सरोकारवाला निकायका प्रतिनिधि सबै सचेत भई समयमा निवेदन पेश गर्न र मोही दिलाउनका लागि सहजीकरण गर्ने पाटामा सक्रियमा हुनुपर्ने आवश्यकता छ ।

भूमि सुधार कार्यालयको विवरणअनुसार यहाँ ३ हजार २ सय ६० मोही किसान छन् । यस अवधिमा जम्मा ७ सय १७ मोहीको मात्र निवेदन दर्ता गराएको पाइएको छ । यो गत भदौदेखिको तथ्याङ्क हो । धेरैजसो मोही किसानले प्रक्रियागत झन्झटका कारण समयमै निवेदन पेश गर्न नसकेको पाइयो । अनेकन प्रमाण जुटाउनुपर्ने भएकाले पनि किसानहरू चिन्तित देखिएका छन् । मोही किसानका धेरै समस्या छन्, उनीहरूका यस्तो समस्या समाधान गरी सरल र सहज तरिकाबाट निवेदन दर्ता गरी मोही हक वितरण गर्ने प्रक्रियामा सहयोग गर्नका लागि सरोकारवालासँग छलफल गरिएको हो ।

छलफलमा निवेदन दिने प्रक्रियामा लेखापढी व्यवसायीहरूले बढी पैसा माग्ने गरेको, प्रक्रियागत झन्झटहरू देखाइएको हुँदा म्यादभित्र निवेदन पेश गर्नका लागि समस्या हुने हो कि भन्ने विषय पनि उठेको थियो । छलफलमा मोही किसानले आफूले भोग्नुपरेको दुःख र समस्या सुनाएका थिए । कार्यक्रममा सहभागी सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरूले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।


छलफल कार्यक्रममा जिल्ला समन्वय समितिका वरिष्ठ कार्यक्रम अधिकृत पार्वती पण्डित, नरेन्द्रप्रकाश गिरी, भूमि सुधार कार्यालयका अधिकृत कृष्णप्रसाद ज्ञवाली, मालपोत अधिकृत रामकुमार रोका, नागरिक समाज सञ्जालका संयोजक बालकृष्ण वली, नेपाली कङ्ग्रेसका नेता खम्बप्रसाद घर्ती, नेकपा एमालेका नेता कृष्ण खनाल, माओवादी केन्द्रका नेता तिलक शर्मा, राप्रपाका नेता मेघनाथ अधिकारी, नेपाल लोकतान्त्रिक फोरमका नेता काशीराम चौधरी, नयाँ शक्तिका नेता आनन्द ढुङ्गाना, गैसस महासङ्घका अध्यक्ष विष्णु तिमिल्सेना, स्थानीय पत्रकारहरू र राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य छोटेलाल थारूलगायत नगरपालिका र गाउँपालिकाबाट मोही किसान तथा अगुवाहरूको सहभागिता थियो ।

## संयुक्त लालपुर्जाबारे अभिमुखीकरण



जिल्ला भूमि अधिकार मञ्च, बर्दियाको आयोजनामा वैशाख र जेठ महिनामा ७ वटा समुदायमा संयुक्त पुर्जाको महत्व र संयुक्त पुर्जा बनाउने प्रक्रियाका विषयमा अभिमुखीकरणसहितको छलफल भयो । मञ्चको टिमले खुन्टिपुर, उत्तरभकारी, दुधा, दैलेखी टोल, लालपुर, हसनापुर र बानियाँभार गाउँमा यस्तै छलफल तथा अभिमुखीकरण गरेको थियो । छलफल तथा अभिमुखीकरण कार्यक्रममा १६७ महिला र २०७ पुरुष गरी जम्मा ३८३ जना सहभागी भएका थिए । सहभागी सबैले संयुक्त पुर्जाको महत्व, यसको फाइदा, संयुक्त पुर्जाको नीति र बनाउने प्रक्रियाका विषयमा जानकारी लिएका छन् ।

सात समुदायमा गरिएको छलफलपछि ६२ जोडी किसानले संयुक्त पुर्जा निर्माण गर्ने बताएका थिए । त्यही छलफलपछि हालसम्म उक्त गाउँहरूबाट ५६ जोडी (श्रीमान्-श्रीमती) ले ४७ बिघा ६ कठ्ठा ६ धुर जमिनमा संयुक्त पुर्जा बनाई भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।




## किसानले लिए मोही हक

जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकको आयोजनामा जिल्लामा मोही जागरण यात्रा गरियो। मोही किसानहरूलाई तोकिएको समय अवधिभित्रै मालपोत कार्यालयमा गई निवेदन पेश गर्नका लागि जागरुक बनाउने र मोही हकको महत्वबारे स्पष्ट पार्ने उद्देश्यले जागरण यात्रा आयोजना गरिएको हो। यस्तो अभियानपछि सिन्धुपाल्चोकमा ४५ परिवारले मोही हक लिएका छन्।

मेलम्ची नगरपालिका वडा नं. ३ दनुवार बस्तीमा ३० घरले मोही हक प्राप्त गरेका छन्। यीमध्ये ७ घरको मात्र मोही प्रमाण थियो तर अरू २३ परिवारसँग मोहीसम्बन्धी कुनै प्रमाण थिएन। त्यहाँको पाँडे साहू र मोही किसानबीच वार्ता, सम्वाद गरियो। सँगै जग्गा कमाएको एउटा सँधियारले जग्गा पाउने र अर्को सँधियारले नपाउने गरिएको अवस्थामा सबै मिलेर त्यसो गर्नेलाई दबाब दिएपछि सबै किसानले मोही हक प्राप्त गरेका छन्।

गत जेठ १० देखि १५ गतेसम्म जिल्लामा जागरण यात्रा गरियो। क्षेत्र नं. ३ को हेलम्बुदेखि सुरु भएको यात्रा किउल, चित्रे, बर्साङ, इचोक असिमुरे र दङ्गालटोल हुँदै पाल्चोक दुवाचौर र बाँसखर्कमा पुगी समापन गरिएको थियो। अभियानको नेतृत्व जिल्ला मञ्चका पूर्व अध्यक्ष नवराज गुरागाईँ र संयोजक माधव ढकालले गरेका थिए।

यस्तै, क्षेत्र नं. २ को अभियान नवलपुर, सिम्पालकाभ्रे, बाँडेगाउँ हुँदै सल्लेनीबजार पुगेर समापन गरिएको थियो। यो टिमको नेतृत्व रामबहादुर श्रेष्ठ र लाक्पा लामाले गरेका थिए। र, क्षेत्र नं. १ गाती ९ बाट सुरु भएको यात्रा डाँडाकटेरी, गुन्सा, कसेरी, माथिल्लो सिंगार्चे, तल्लो सिंगार्चे, खोराङ, सिरिसे, खापडोर, दलित बस्ति राम्चे हुँदै धुस्कुन पुगेर समापन गरिएको थियो। यसको नेतृत्व अगुवा पातली थामीले गरेकी थिइन्।

मोही किसानहरूको घरदैलोमा पुगेर किसानलाई सम्झाउने, प्रमाणहरू खोज्ने र जम्मा पार्ने, मोही जग्गावापत बन्ने पुर्जामा पनि सकेसम्म संयुक्त पुर्जा बनाउनका लागि अनुरोध गर्ने, नक्शा हेरेर कित्ता नम्बर क्षेत्रफल पत्ता लगाउन, भपाइ र मोही प्रमाणपत्रको नमुना देखाउने र किसानको घरदैलोमा मोही नामसारी र बाँडफाँटको निवेदन लेख्ने, अगुवा कायकर्तालाई प्रशिक्षण गर्ने, पर्चा छपाएर सबैलाई सूचना पुर्‍याउने र सदस्यता नवीकरण गर्ने जस्ता गतिविधि यात्रामा गरियो। यात्राका क्रममा १२२ मोहीसँग प्रत्यक्ष कुराकानी गरियो।

## पहिले भूमिहीनको व्यवस्थापन, अनि उद्योग

जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीले सागरनाथ वन विकास परियोजनाको मुर्तिया क्षेत्रमा बन्न लागेको औद्योगिक क्षेत्रले त्यहाँ बसोबास गरिरहेका भूमिहीनलाई विस्थापन गर्ने भन्दै पहिले उनीहरूको व्यवस्थापन गरेरमात्र उद्योग सञ्चालन गर्नको लागि अनुरोध गर्दै ज्ञापनपत्र बुझाएको छ। मञ्चले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्षलाई २ बुँदे माग राखी ज्ञापनपत्र बुझाएको हो। असार १० गते आयोजित एक सार्वजनिक कार्यक्रमको अवसरमा मञ्चले ज्ञापनपत्र पेश गरेको हो।

सर्लाही वाग्मती नगरपालिका वडा नं. ८ सोल्ठी बजारको युरिका बोर्डिङ स्कुलमा आयोजना भएको प्रस्तावित सागरनाथ मुर्तिया औद्योगिक क्षेत्रको बृहत् सार्वजनिक सुनुवाइ कार्यक्रमका अवसरमा भूमिहीनका तर्फबाट ज्ञापनपत्र पेश गरिएको हो। ज्ञापनपत्रमा त्यस क्षेत्रमा औद्योगिक क्षेत्रको काम सुरु गर्नुपहिले त्यहाँ आश्रित वास्तविक भूमिहीन पहिचान गरी उनीहरूलाई स्थायी बसोबासको व्यवस्थापन गरेरमात्र अन्य काम सञ्चालन गर्न आग्रह गरिएको छ। यस्तै, उनीहरूले जोतभोग गर्दै आएको जमिन औद्योगिक परियोजनाले लिने भएको हुँदा उनीहरूको जीविकोपार्जनमा समेत समस्या देखिने भएकाले जीविकोपार्जनको विकल्प दिनसमेत माग राखिएको छ।

मञ्चले उठाएको मागप्रति औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्षले पहिले सुकुमबासीहरूको समस्या समाधान नगरी औद्योगिक क्षेत्रको काम अगाडि नबढाउने प्रतिबद्धता जनाउनुभएको छ। त्यहाँ बसोबास गरिरहेकाको जमिनको अधिकारसहितको व्यवस्थापन गर्न पहल गरिने उहाँले बताउनुभएको छ।

उक्त औद्योगिक क्षेत्र बन्ने ठाउँमा अध्ययन गरी त्यहाँ बसोबास गरिरहेकाहरूको व्यवस्थापन गर्नका लागि ११ सदस्य रहेको समिति गठन भएको छ। समितिमा जिल्ला मञ्चमा अध्यक्ष जीतबहादुर गोले पनि सदस्यमा चयन हुनुभएको छ।

# भूमि सुधार गर्ने प्रतिबद्धता




जिल्ला भूमि अधिकार मञ्च, महोत्तरीको आयोजनामा जिल्लाका राजनीतिक दलका नेता तथा स्थानीय तहको निर्वाचनका उम्मेदवारसँग भूमि सुधारको विषयमा छलफल गरी प्रतिबद्धता लिइएको छ। महोत्तरीमा स्थानीय तहको तेस्रो चरणमा निर्वाचन तोकिएको छ। र, आगामी असोज २ गते निर्वाचन हुँदैछ।

जिल्ला भूमि अधिकार मञ्चद्वारा २०७४ असार १२ गते आयोजना गरिएको कार्यक्रममा सहभागी भई दलका नेता तथा उम्मेदवारले स्थानीय तहको निर्वाचनपछि आआफ्नो क्षेत्रमा भूमि सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

जिल्ला मञ्चका अध्यक्ष एकबहादुर भुजेलको अध्यक्षतामा कार्यक्रम गरिएको थियो। कार्यक्रममा जिल्लामा रहेका भूमिसम्बन्धी समस्या र यसबाट भूमिहीनले भोग्नुपरिरहेको पीडाबारे मञ्चका अगुवा अम्बिका ब्रह्मशाखा, मेनु मण्डल, आशा थापा, शोभा बिक र नमोबुद्धि लक्ष्मी थिङले भनाइ राखेका थिए।

अगुवाहरूले चुरे संरक्षण र भूमि अधिकारका सवाल, गाविस सचिवहरूले आधारपत्र नदिएको र दुःख पाएको, र भूमिसँग जोडिएको अन्याय, उत्पीडनको विषय उठान गरेका थिए। यस्ता पीडामा रहेका भूमि अधिकारबाट वञ्चितहरूको समस्या समाधान गर्ने उम्मेदवारलाई मात्र

**अगुवाहरूले चुरे संरक्षण र भूमि अधिकारका सवाल, गाविस सचिवहरूले आधारपत्र नदिएको र दुःख पाएको, र भूमिसँग जोडिएको अन्याय, उत्पीडनको विषय उठान गरेका थिए।**

सम्पूर्ण भूमि अधिकारबाट वञ्चितले भोट दिने भनाइ पनि उनीहरूले त्यस अवसरमा राखेका थिए

कार्यक्रममा सहभागी भई बोल्ने सबै नेता तथा प्रस्तावित उम्मेदवारहरूले भूमि अधिकार मञ्चले उठाएको मागहरू सम्बोधन गरिने र स्थानीयस्तरमै समाधान गर्न सकिने सबैखाले भूमिसम्बन्धी समस्याहरू समाधान गरिने प्रतिबद्धता जनाएका छन्। उनीहरूले मञ्चले तयार गरेको १३ बुँदे प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन्।

कार्यक्रममा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका केन्द्रीय सदस्य फौदसिंह स्याङ्वा, नेकपा (एमाले) प्रदेश नं. २ की सदस्य दुर्गा दाहाल, एमाले बर्दिवास नगर कमिटी संयोजक शारदाप्रसाद ढुङ्गाना, माओवादी केन्द्रको प्रस्तावित मेयर उम्मेदवार विदुर कार्की, नेकपा (एमाले) को प्रस्तावित मेयर उम्मेदवार सुरेश राउत, नयाँ शक्ति नेपालका लीलाहरि खतिवडा, नेपाल मगर सङ्घ जिल्ला सदस्य लिप्तमान राना, माओवादी केन्द्र बनपा-१० का प्रस्तावित वडाअध्यक्ष धनलाल श्रेष्ठ, माओवादी केन्द्र बनपा-११ का प्रस्तावित वडाअध्यक्ष धनबहादुर तामाङ, नेकपा (एमाले) बनपा-११ का प्रस्तावित वडाअध्यक्ष विष्णुदेव उपाध्याय, रेडियो पत्रकार गोपाल बराल तथा अखबार पत्रकार राजकरण महतो, जिल्ला मञ्च प्रतिनिधि तथा अगुवा कार्यकर्तासमेत गरी महिला ९४ र पुरुष ४० गरी जम्मा १३४ सहभागी थिए।

## मञ्चले ज्ञान दियो, तरकारी खेतीले जीविका

उदयपुरको चौदण्डीगढी नगरपालिका वडा नं. ५ सुन्दरपुर वेल्ही टोलमा २०७० पुसमा सुन्दरपुर वेल्ही गाउँ भूमि अधिकार मञ्च गठन भयो। लक्ष्मीनारायण चौधरीको अध्यक्षतामा गठन भएको गाउँ मञ्चमा ४ दलित ३८ जनजातिसहित ४२ परिवार सङ्गठित छन्।

विक्रम् संवत् २०४९ सालदेखि त्यहाँ बसोबास सुरु भएको थियो। हालको गाउँभन्दा पूर्व रहेको त्रियुगा नदीको उत्तरभागमा पहिले बसोबास थियो। साउनको महिनामा भेलले बस्ती बगाएपछि बसाइँ सर्नुपर्ने बाध्यता भयो। यसरी नदीले विस्थापित गरेपछि उनीहरू अर्को ठाउँ पनि खोलाकै बगरमा पुगे। यस ठाउँमा पनि वर्षात्को समयमा रातभर जागा बस्नुपर्ने बाध्यता थियो। खोला आउला र बगाउला भन्ने डर। ढुक्कले सुत्न नपाइने। यस्तै पीडामा धेरै वर्ष बिताउनुपऱ्यो- स्थानीयसँगको छलफलमा उनीहरूले बताए।

निकै पहलपछि २०५४ सालमा गाविसबाट २० लाख रकम ल्याई करिव १ महिना लगाएर नपुग रकम उनीहरू आफैँले श्रमदान गरी नदीमा तटबाँध लगाएका थिए। त्यसपछि भने नदीले दुःख दिन छाडेको उनीहरू बताउँछन्। गाउँ मञ्चका सदस्यहरू नदीले छाड्दै गएको जमिनलाई खेतीयोग्य बनाई अन्न उत्पादन गरी जीविका धान्दै आएको बताउँछन्। सङ्गठनका अगुवा शङ्कर बिकले भने- हामीले निकै मेहनत गरेपछि विस्तारै अनाज उत्पादन थालेको हो। यी समुदायमा बसोबास गरेकामध्ये ९ परिवारले २०५२ सालमा सुकुमबासी आयोगबाट अस्थायी पुर्जा लिएका छन्।

वेल्ही गाउँ भूमि अधिकार मञ्च गठन भएपछि गाउँमा निरन्तर छलफल र संवाद भइरहेको छ। मञ्चको वार्षिक कार्ययोजना बनाएर त्यसको कार्यान्वयन हुँदै आएको छ। सङ्गठनको योजनामा २०७१ सालमा बसोबास तथा जोतभोगको आधार प्रमाणपत्रका लागि गाविसमा निवेदन पेस गरियो। गाविसले आधार प्रमाण दिन अस्वीकार गरेपछि ३ दिन लगातार गाविस घेराउ गरियो। ठूलो विवाद भयो। अन्त्यमा गाविसले सर्वदलीय बैठक बसाल्यो। बैठकले हकभोग तथा बसोबासको प्रमाणपत्र दिने निर्णय गऱ्यो। तर इलाका वन कार्यालयले अवरोध गऱ्यो। वनको जग्गा नछुट्टाइन्जेल प्रमाणित गर्न नमिल्ने भनेर गाविसलाई काम गर्न दिएन। गाउँ मञ्चले ६ महिनासम्म निरन्तर आन्दोलन गरिरहेपछि भूमिहीनहरूले आधार प्रमाण प्राप्त गरेरै छाडे। २०६७ सालमा सुकुमबासी आयोगबाट ४१ परिवारले सुकुम्बासी परिचयपत्र पनि लिएका छन्।

अधिकार प्राप्तिमात्र होइन, आन्दोलनको व्यवस्थापनमा पनि जुटेका छन् सदस्यहरू। नियमित आन्दोलन कोष उठाइन्छ। २०७२ सालमा आफ्नै आन्दोलन कोषको रकम र श्रमदानबाट गाउँ मञ्चले आफ्नै भूमि घर निर्माण गरेको छ। भूमि घरमा ५० जनासम्म बसेर सजिलै बैठक सञ्चालन गर्न सकिन्छ। गाउँ मञ्चको हरेक महिनाको ३ गते नियमित मासिक बैठक बस्ने गरेको छ।

२०७२ सालमा नदी उकासको २ बिघा १० कठ्ठा बगर जमिनमा वृक्षरोपण गरिएको छ। वृक्षरोपण गर्नका लागि इलाका वन कार्यालय सुन्दरपुरबाट ३३ सयवटा बिरुवा उपलब्ध भएको थियो।

गाउँ मञ्चले गाविससँग पनि योजनाहरू माग गरी काम गर्ने गरेको छ। गाउँमा विजुली, गोठ व्यवस्थापन र खानेपानीको व्यवस्थापन गरिएको छ। २०७३ मा जिल्ला मञ्चले २ थान मोटर उपलब्ध गराएको थियो। सिँचाइको सुलभ व्यवस्थापन गरिएपछि गाउँलेहरू तरकारी खेती गरी आम्दानी लिन थालेका छन्।

मञ्चका ८ जना सदस्यले गत वर्षदेखि व्यावसायिक तरकारी खेती सुरु गरेका छन्। हालसम्म उनीहरूले १ लाख ९० हजार रुपियाँ आम्दानी लिन सफल भएका छन्। पहिले ज्याला मजदूरी गरेर जीविका चलाउने मञ्चका सदस्यहरू तरकारी खेतीबाट पनि आम्दानी बढाउँदैछन्। यसबाट उनीहरूको परिवारको जीविकोपार्जनमा समेत सहयोग पुगेको छ।

यसरी हेर्दा गाउँ मञ्च निकै सक्रिय छ। मञ्चमा सङ्गठित सदस्यहरू आफ्नो भूमि हकका लागि लामो समयदेखि सङ्घर्ष गरिरहेका छन्। गाउँ मञ्चका सदस्य एकै स्वरमा भन्छन्- हामीलाई अधिकार खोज्न, जमिनको उपयोग गर्न र सरल जीवन जिउनका लागि आँट र ज्ञान दुवै दिएको छ यो मञ्चले।

प्रस्तुति : फूर्तिमान राई

## उत्थान गाउँ भूमि अधिकार मञ्च, ओखलढुङ्गा

ओखलढुङ्गास्थित साविकको कटुन्जे गाविस-६ (हाल- सुनकोशी गाउँपालिका-१०) भुजेल टोलमा २०६९ सालमा उत्थान गाउँ भूमि अधिकार मञ्च गठन भएको हो। यो गाउँ मञ्चमा १७ परिवार सङ्गठित भएका छन्। ९ महिला र ८ पुरुष सदस्य सङ्गठित छन्। गाउँ मञ्चका अध्यक्ष चन्द्रबहादुर भुजेल छन्। हरेक महिना बैठक बसी छलफल गरिन्छ भने आन्दोलन कोष सङ्कलन पनि नियमित गरिन्छ। हाल गाउँ भूमि अधिकार मञ्चमा ५ हजार ३ सय ९० रुपियाँ कोष सङ्कलन भएको छ।

समुदायका सबै साना किसान हुन्। उनीहरूलाई आफूसँग भएको जमिनमा उत्पादन भएको अन्नले वर्षभर खान पुग्दैन। भिरालो जमिन, पाखो बारी, सिँचाइको अभाव भएको हुँदा उत्पादन पर्याप्त हुँदैन। पहाडको जमिन त्यसमा पनि ५ रोपनीभन्दा कम भएका कारण उनीहरूका परिवारलाई पर्याप्त पुग्ने अन्न उत्पादन नहुँदा किसानहरूको जीविकोपार्जनमै समस्या छ। मञ्चमा सङ्गठित एक सदस्य भने भएको जग्गा पनि बाढी/पहिरोमा परी क्षति भएकाले सुकुमबासी जस्तै भएकी छिन्।

गाउँ मञ्चमा संयुक्त पुर्जासम्बन्धी छलफल चलाएपछि २ परिवार (श्रीमान्-श्रीमती) ले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन्। बाँकी सदस्यसँग संयुक्त पुर्जा बनाउने चाहना हुँदाहुँदै पनि आफ्नो नाममा लालपुर्जा नभएकाले बनाउन नसकिएको उनीहरू आफैं बताउँछन्। सदस्यहरूले जग्गा आफ्नो नाममा हुनेबित्तिकै संयुक्त पुर्जा बनाउने प्रतिबद्धता भने व्यक्त गरिसकेका छन्। मञ्चका सबै सदस्यले फोटोसहितको सदस्यता लिएका छन्। र, यस वर्ष नवीकरण पनि गरिसकेका छन्।

गाउँ मञ्चका सदस्यहरू कृषि उद्यममा पनि सहभागी भएका छन्। प्रत्येक किसानले प्लास्टिक टनेल निर्माण गरी गोलभेडा खेती गरिरहेका छन्। कृषि उद्यमबाट सदस्यको आम्दानी पनि वृद्धि भएको छ। साथै यसबाट अभियानमा कोष जम्मा गर्न पनि सजिलो भएको छ। गत भदौबाट सुरु गरिएको कृषि उद्यमबाट १ लाख २४ हजार रुपियाँ आम्दानी लिन सफल भएका छन् मञ्चका सदस्यहरू।

प्रस्तुति : सरस्वती कटवाल

## अधिकार सुनिश्चित हुने आशा

जमिन यस्तो चिज हो जसले मानव जीवनसँग महत्वपूर्ण सम्बन्ध राख्छ । हरेक जीवित प्राणी जन्मँदा पनि यही भूमिमा जन्मन्छ र मर्दा पनि यही जमिनमा मर्छ । बाँचुन्जेल विभिन्न कारणले गर्दा मानिस सुकुमबासी बन्छ । आफ्नो नाममा एक टुक्रा पनि जग्गा नभएपछि उसले जीवन धान्नका लागि केही न केही उपाय त गर्नैपर्छ । वनछेउको सार्वजनिक जग्गामा बस्यो भने वन समितिलाई कर तिर्नुपर्ने, साहूको जग्गामा बस्यो भने साहूको घरको सबै काम गरेर पनि कर वा कुत तिर्नुपर्ने । आखिरमा सबै मानिस एउटै होइन र ? किन गरिबलाई मात्र यस्तो व्यवहार गरिन्छ ?

कसैको भने न जग्गा न घर, कसैको भने १२ वटासम्म घर । धेरै जमिन । हामीले सुनेका छौं, अहिले सिंहदरबारको अधिकार गाउँमा आएको छ रे, केन्द्रबाट हुने काम अब गाउँबाटै हुन्छ रे । गाउँगाउँमा जनप्रतिनिधि पनि आएका छन् । गाउँ विकासका लागि उनीहरूले प्रतिबद्धता पनि गरेका छन् । यसैले गाउँका किसान, भूमिहीन, सुकुमबासीले धेरै आशा गरेका छन् । अब पनि गरिब किसानका समस्या समाधान भएन भने गाउँमा सिंहदरबार पुगेको भन्ने कुराको कुनै अर्थ रहँदैन । यस विषयमा पनि छलफल हुन थालेको छ ।

भूमि अधिकारका विषयमा जानकारीमूलक पत्रिका छापी गाउँसम्म पुऱ्याउनका लागि भूमिका खेल्नेलाई हामी धन्यवाद दिन्छौं । यही पत्रिकामा छापिएका सूचना र समाचारबाट हामी भूमि अधिकारबारे के/कस्ता गतिविधि भइरहेका छन् भनेर थाहा पाउँछौं ।

गत अङ्कमा सिन्धुपाल्चोकका माधवप्रसाद ढकालले लेख्नुभएको हेलम्बु गाउँपालिका वडा नं.-७ की दुर्गा दङ्गालको कथाले मेरो मन छोयो । यो कथा पढेर महिला होस् वा पुरुष सबैले आ-आफ्नो काम कानुनको नियमभित्र बसेर गरे भने कसैले पनि केही गर्न सक्दोरहेनछ भन्ने कुराको मलाई सिकाइ भएको छ ।

अब किसानहरूले आफ्नो हक अधिकार पाउनका लागि दुर्गा दिदीले जस्तै मेहनत गर्नुपर्छ । धेरै सङ्घर्ष गरेर जमिनको लालपुर्जा प्राप्त गर्नुभएकामा दिदीलाई धेरै बधाई पनि दिन चाहन्छु । अझै पनि दुर्गा दङ्गालजस्ता महिला सिन्धुपाल्चोक जिल्लामा हजारौं छन् । सरकारले कानुन बनाएको छ, त्यसभित्र रहेर जो कोही पनि अघि बढ्यो भने दुर्गा जस्तै सबैको अधिकार सुनिश्चित छ ।

- **पातली थामी**, बाह्रबीसे नगरपालिका-९, सिन्धुपाल्चोक

## पुनर्निर्माणमा भूमिका र जिम्मेवारी बढाउनुपर्छ

भूमि अधिकार बुलेटिन वर्ष १५ को पूर्णाङ्क ४५ को 'पुनर्निर्माण मूल मुद्दामा बेवास्ता' लेख पढ्दा हालको अवस्थाअनुसार सान्दर्भिक लाग्यो । लेखमा पुनर्निर्माणको वास्तविक अवस्थाको यथार्थ चित्रण गरीएको छ । पुनर्निर्माण सम्बन्धमा सरोकारवाला निकायको ध्यानाकर्षण गराइ सुव्यवस्थित पुनर्निर्माणको अवसरलाई दिशानिर्देश गर्न वकालत गरेको छ । पुनर्निर्माणको मसिना समस्या र तिनका व्यावहारिक समाधानको खाँचो रहेको प्रस्ट्याइएको छ ।

लेखमा उल्लेख गरिएबमोजिम अनुदान कतिले पाए भन्दा पनि घर कहाँ बनाउँदैछन् ? कस्तो बनाउँदैछन् ? किन बनाउँदै छैनन् ? भन्नेमा पुनर्निर्माण प्राधिकरणको ध्यान जान जरूरी छ । मेरो गाउँ तालामाराङलाई दाँज्दा मुख्य समस्या जमिन नै हो । अलिअलि जमिन हुनेहरूको पनि सडक, खोलाको र नगरपालिकाको अव्यावहारिक मापदण्डले घर बन्न सकेको छैन । सुरक्षित पुनर्निर्माणका लागि सुरक्षित स्थान छनोटमै अन्योल छ । मेलम्ची नगरपालिका-६ को निपानेमा बनाएको २ महिना नपुग्दै घरमाथि पहिरो गएको छ । यो घटनाले के देखाउँछ भने भूकम्प प्रतिरोधीसँगै अन्य विपत् प्रतिरोधी बनाउनेतर्फ पनि उत्तिकै ध्यान पुगेको छैन ।

लेखमा प्रभावकारी पुनर्निर्माणका लागि सामाजिक परिचालनको पक्ष बलियो बनाउने कुरालाई जोड दिइएको छ । अब बन्ने घर लैङ्गिक (बाल, ज्येष्ठ, अपाङ्ग, महिला) मैत्री बनाउने कुराको वकालत गर्नुपर्ने देखिन्छ । पुनर्निर्माणको सवालमा जति बहस समुदाय तहमा हुनुपर्ने हो त्यो पनि हुन सकिरहेको छैन । यो लेख पढेपछि पुनर्निर्माणका लागि जति प्रयास नीतिगत तहमा भइरहेको छ त्यति नै प्रयास समुदाय तहमा छलफल चलाउनुपर्नेमा प्रभावकारी सामाजिक परिचालन साथै सामाजिक अभियन्ताले पुनर्निर्माण कार्यमा आफ्नो भूमिका र जिम्मेवारी बढाउनुपर्ने देखिन्छ ।

- **दीपिका आर्याल**, मेलम्ची नगरपालिका-६, सिन्धुपाल्चोक

# सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस् । छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन् । तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो ।

**पठाउने ठेगाना :**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**
पोस्ट बक्स नम्बर १९७९०
फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org

## शब्द तस्बिर




स्वर्गिय बलदेव राम भूमि अधिकार आन्दोलनका विभिन्न गतिविधीहरूमा सहभागी हुँदाको तस्बिर ।